२१औं वार्षिकोत्सव
मध्यान्ह



# जनता देशको मालिक

मदनकुमार श्रेष्ठ

आगामी सोमबार (७ फागुनमा) प्रजातन्त्र दिवस मनाइँदैछ । यो दिवससँग नेपाली समाजको निकै लामो सम्बन्ध छ । ७ फागुन २००७ सालमा देशबाट १०४ वर्षीय जहानीय निरंकुश राणा शासनको अन्त्य भएर प्रजातन्त्र स्थापना भएको थियो । त्यही दिनको सम्झनामा हरेक वर्ष ७ फागुनमा सार्वजनिक विदा सहित प्रजातन्त्र दिवस मनाइने गरिन्छ । भलै, २०४६ सालको जनआन्दोलन अनि २०६२/०६३ सालको दोस्रो जनआन्दोलनपछि ७ फागुनको महत्व केही ओझेलमा परेको देखिन्छ । यद्यपि नेपाली समाजले आज उपभोग गरिरहेको स्वतन्त्रताको सम्बन्धलाई ७ फागुनबाट अलग गर्न सकिँदैन ।

किनकि, राणाशासनको अन्त्य गर्ने जुन चेत र जागरण नेपाली नागरिकमा आएको थियो, त्यही चेतको बिस्तारित आकारबाटै मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेको हो । तर २०६२/०६३ सालको जनआन्दोलन पश्चात् राजतन्त्रको समेत अन्त्य भएर गणतन्त्र स्थापना गरिएकाले ७ फागुन केही हदसम्म ओझेलमा देखिनु स्वभाविक पनि हो । तर २००७ सालदेखि २०६३ सालसम्म जस्ता किसिमका संघर्ष र दमनका उतारचढाब भए, त्यस संघर्षको मुख्य अन्तर्वस्तु चाहिँ एउटै हो- नागरिक स्वतन्त्रता । भन्नलाई शासकीय प्रणाली, नेतृत्व शैली, बाह्य शक्तिको हस्तक्षेप लगायत थुप्रै कारण देखाइएला । तर ती सबै कुराको निष्कर्ष नागरिकले कुन हदसम्म स्वतन्त्रताको उपभोग गरिरहेका छन् भन्ने नै हो ।

अहिले पनि नेतृत्व चयन प्रणाली, शासकीय संरचना र सत्ता सहभागिताको शैलीलाई लिएर नेताहरुले परिवर्तन र पश्चगमनको रेखा कोर्ने गर्छन् । पछिल्लो घटनाक्रमले पनि वर्तमान नेताहरुमा यो भन्दा फरक मनोविज्ञान नरहेकै आँकलन गर्न सकिन्छ । जस्तो- देशमा अराजकता बढेकोमा लगभग राष्ट्रिय सहमति छ ।

गत २२ कात्तिकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले त १२ बुँदे पक्षधर दलहरुको बैठक नै बोलाए । प्रतिपक्षीमा रहेका नेकपा एमाले समेतको त्यो बैठकले मुलुकमा अराजकता पढेकाले संविधानका प्रतिबन्धात्मक व्यवस्था समेत उपयोग गर्ने निर्णय गऱ्यो । जसअनुसार, राजधानी उपत्यकाभित्र निषेधित क्षेत्र बढाइदै र थपिदै लगिएको छ । पहिलोपटक गत ५ मंसिरमा माइतीघरदेखि नयाँ बानेश्वरसम्म, राष्ट्रपतिको कार्यालय परिसर र प्रधानमन्त्रीको निवास बालुवाटार परिसरमा निषेधित क्षेत्र लगाउने निर्णय गरिएको थियो । एक महिनापछि त्यो क्षेत्र बढाएर संसद्भवनको पुरै परिसर, सिंहदरबारको परिसर हुँदै टुँडिखेलसम्मै पुऱ्याइएको छ । टिकटकमाथि प्रतिबन्ध अनि अन्य सामाजिक सञ्जाललाई कस्नेगरी सरकार अगाडि बढेको छ र विपक्षी दलहरुले साथ दिएका छन् ।

यी निर्णय र निष्कर्षबाटै अहिलेको नेतृत्वले राजनीतिक परिवर्तन भनेर अहिलेको शासकीय संरचनालाई मात्रै जोड दिएको पुष्टि हुन्छ । अझ सत्तामा रहेकालाई र अहिलेको नेतृत्वलाई प्रश्न गर्नु भनेको प्रतिगमन भन्ने सन्देश दिन नेतृत्व लागिपरेको देखिन्छ ।

तर बिर्सनै नहुने तथ्य भनेको राजनीतिक परिवर्तनको मुख्य मापदण्ड जनताले उपभोग गर्ने स्वतन्त्रता नै हो । यदि त्यसो नहुँदो त राणा र राजालाई विदा गर्नु मात्रै अग्रगामी परिवर्तन हुने थिएन । त्यसबेला नागरिकलाई जुन तहको प्रश्न गर्ने स्वतन्त्रता थियो, त्यसको बिस्तारित रुपलाई उत्कर्षमै लैजाने भनेर गणतन्त्र स्थापना गर्नु परेको थियो । नागरिकको विशाल समर्थनमा व्यवस्था परिवर्तन भएको थियो ।

तर तिनै नागरिकलाई अराजक बनेको आरोप लगाउनु र संविधानबाट कस्न खोज्नु नेतृत्वको मूर्खता हो । जुन मूर्खता संविधान र जनताबाट स्वीकृत हुन सक्दैन । ३ असोज २०७२ मा संविधानसभाबाट संविधान जारी भएपछिका घटनाक्रमले पनि नागरिकले आज उपभोग गरिरहेको स्वतन्त्रता शक्ति अब कुनै शक्तिको रहरले खोसिन्न भन्ने पुष्टि हुन्छ ।






> प्रणाली सहायक र मुख्य कुरा नागरिक स्वतन्त्रता हो । त्यो स्वतन्त्रता कुन प्रणालीले सुरक्षित गर्छ भन्ने निर्णय लिन सक्ने नागरिक विवेकप्रति प्रश्न होइन, विश्वास गर्न जरुरी छ । अन्त्यमा, देशको समृद्धिका स्रोत नागरिक नै हुन् । र सर्त हो, नागरिकको शक्ति उसले उपभोग गर्ने स्वतन्त्रताको सीमामा निर्भर छ ।

बरु सधैं सत्तालाई नागरिक, मुलुक र संविधानप्रति जवाफदेही बन्न बाध्य तुल्याउँछ भन्ने निकट विगतका थुप्रै घटनाले पुष्टि गर्न सकिन्छ । थालनि २०७२ मा संविधान जारी गर्दाको अवस्थाबाटै गरौं । अहिलेको संविधान जारी गर्न नदिन बाह्य शक्ति खुलेरै लागेका थिए । तर नेतृत्वलाई नागरिक दबाव पनि चानचुने थिएन । संविधान मागेर राजधानीका सडक सदावहार आन्दोलित देखिन्थे । फेरि जसै संविधान जारी भयो, मुलुकले भारतीय नाकाबन्दी खेप्नुपऱ्यो । तत्कालीन सरकारलाई नागरिकले पूरापुर सहयोग गरे । छिमेकी भारत आफ्नो अडानबाट हटेर नाकाबन्दी हटाउन बाध्य भयो ।

संविधान जारी गर्ने कार्यको नेतृत्व लिएबापत नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नागरिकबीच खुबै रुचाइए । २०७४ को चुनावमा वाम गठबन्धन गर्ने निर्णयलाई ठूलो जनादेश प्राप्त भयो । तर सत्तामा पुगेपछि ओलीले नागरिकका अधिकार खोस्ने कदम चाल्न थाले । त्यसविरुद्ध नागरिक सडकमा उत्रिए, सामाजिक सञ्जाल र आमसञ्चार माध्यमहरुमार्फत् सशक्त आवाज उठाए । अन्ततः ओली नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एक रहेन । नेकपा विभाजन भइरहँदा संविधानको भावना बिपरीत ओलीले प्रतिनिधिसभा विघटन गरेका थिए, सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरासँग सेटिङ गरेका थिए । एकैपटक ओलीको पद, चोलेन्द्रको पद अनि संसद् विघटनको निर्णय खारेज हुन पुग्यो । नागरिकको खबरदारी नसुन्दा पुराना दलहरुले गत वर्ष मंसिरको चुनावमा ठूलै धक्का खानु पऱ्यो ।

मुलुककै इतिहासमा अप्रत्यासित तरिकाले राजधानी काठमाडौं महानगरका शक्तिशाली पदमा (मेयर) स्वतन्त्र उम्मेदवारी बालेन्द्र शाहले जिते । धरान उपमहानगर पालिकामा गैरदलीय उम्मेद्वार बनेरै हर्क साम्पाङ र धनगढी उपमहानगर पालिकामा गोपी हमालले जिते । नागरिकले आफूमा निहीत स्वतन्त्रताको उपयोग गरेको यो ठूलो सन्देश थियो ।

तर नेतृत्वमा फेरि पनि सुधार देखिएन । आमचुनावमा पुग्दा टेलिभिजन प्रस्तोताको जागिर छोडेर पार्टी खोलेका (राष्ट्रिय स्वतन्त्र पार्टी) रवि लामिछानेले अप्रत्यासित मत पाए । पश्चिम नेपालमा रेशम चौधरी र पुर्वी मधेशमा सिके राउतले आकर्षक मत पाए । नागरिक स्वतन्त्रता शक्तिबारे वरिष्ठ अधिवक्ता शम्भु थापा, राजतन्त्रकै उदाहरण दिन्छन् । उनी भन्छन्, 'राजाले संविधान र जनताको भावना सम्बोधन गर्न नसकेकाले फालिनु परेको थियो । अब जनता नै देशको मालिक हुन्, कसैलाई जनताबाट यो अधिकार खोस्न सक्दैन ।'

हुनपनि संविधानकै अधिकार उपयोग गरेर जुन विशाल पंक्ति तयार भएको छ, उनीहरुको अधिकार खोस्न सजिलो छैन । अहिले देशभर झण्डै ३६ हजार बढी व्यक्ति प्रतिनिधि छन् । यदि उपल्लो नेतृत्वले सनक देखाए, मातहतका शासकीय संरचनामा रहेकाहरुले स्वीकारेर बस्छन् भन्ने विश्वास गर्न गाह्रो पर्छ । अझ गैरदलीय उम्मेद्वार बनेर जितेका बालेन, हर्क र गोपीहरुले संवैधानिक अधिकारबारे जसरी खबरदारी गरिरहेका छन्, त्यसले पनि कसैको सनकका भरमा अब नागरिक स्वतन्त्रता खोस्न सजिलो नरहेकै अनुमान लगाउन सकिन्छ ।

नागरिकको समर्थन पनि तिनै बालेन र हर्कहरुले पाइरहेका छन् । स्थानीय सरकारमा उनीहरु जस्ता ३५ हजार ४१ जना छन् । जसले नागरिकलाई नजिकबाट भेटिरहेका छन् । तर अहिले पनि शीर्ष नेतृत्वले भने नागरिकको निर्णय र योग्यतामाथि बारम्बार अविश्वास गरिरहेको देखिन्छ । जबकी घटनाक्रमले यस्तो अविश्वास पटकपटक झुटो सावित गरिसकेको छ । त्यसका अनेक उदाहरण प्रस्तुत गर्न सकिन्छ ।

जस्तो- गत २७ कात्तिकमा जाजरकोट केन्द्र भएर ६.८ म्याग्निच्यूडको भूकम्प गयो । त्यो भूकम्प मध्यरातमा गएको थियो । तर समुदायको साथ लिएर स्थानीय सरकार नागरिकको ज्यान जोगाउने अग्रपंक्तिमा देखिएको थियो । यदि संघीय सरकारको आशा मात्रै गरेर बसेका थिए भने मृत्यु हुनेको संख्या १५४ मा सीमित नहुन सक्थ्यो । भूकम्पमा परेकाहरुको उद्धारमा लगभग पुरै देशको सहयोग जुटेको थियो ।

०७२ को भूकम्पमा यस्तै प्रकृतिको मानवीय सहयोग जुटेको थियो । त्यसमा आमसञ्चार माध्यम जत्तिकै शक्तिशाली भूमिका सामाजिक सञ्जालले खेल्यो । सन् २०१९ देखि विश्वभर फैलिएको कोरोना महामारीबाट नागरिक जोगाउन नागरिक आफै अग्रपंक्तिमा थिए । सूचना प्रवाहदेखि सावधानी अनि उपचारमा समेत नागरिक सहयोग मिलेको थियो ।

विश्वब्यापी आर्थिक मन्दीबाट देशलाई जोगाउन नागरिक आफैले किफायती बन्न अग्रसर बनेका थिए । यस्ता अनेक प्रकोपका घटना होओस् अथवा सत्ताको सनकपूर्ण निर्णयबाट पछि हट्न बाध्य पार्ने शक्ति भनेकै नागरिकमा निहीत स्वतन्त्रता हो । तसर्थ प्रणाली सहायक र मुख्य कुरा नागरिक स्वतन्त्रता हो । त्यो स्वतन्त्रता कुन प्रणालीले सुरक्षित गर्छ भन्ने निर्णय लिन सक्ने नागरिक विवेकप्रति प्रश्न होइन, विश्वास गर्न जरुरी छ । अन्त्यमा, देशको समृद्धिका स्रोत नागरिक नै हुन् । र सर्त हो, नागरिकको शक्ति उसले उपभोग गर्ने स्वतन्त्रताको सीमामा निर्भर छ ।

भविष्य आफ्नै हातमा
जिम्मेवार भई बचत गर्न
ORANGE SAVINGS Plus



लक्ष्यमा सँग-सँगै
01-5970684, 4217070
www.laxmisunrise.com
Connect with us
Laxmi Sunrise

# एक मुरी बधाई मध्यान्हलाई



अच्युतप्रसाद पौडेल
'चिन्तन'

> सम्पादक मदन श्रेष्ठ नथाकी काम गरिरहने रुपमा देखेको छु । पत्रकारिता सजिलो पेशा होइन, अपजस र हैरानीलाई आत्मसात गर्नैपर्छ । बाइस वर्षे युवा जोस लिएर यसले आफ्नो उपस्थिति देशभित्र र बाहिर देखाओस् ।

मध्यान्ह रष्ट्रिय दैनिकले २२औं वर्ष प्रवेश गर्न लागेकोमा खुसी लागेको छ । साविक बागबजारको साँघुरो घेरा डेरामा बसेको यो पत्रिकाले कमलपोखरी सरेदेखि थप काँचुली फेरेको छ । मिलनसार यसका सबै सदस्य परिवारप्रति शुभकामना छ ।

सम्पादक मदन श्रेष्ठ नथाकी काम गरिरहने रुपमा देखेको छु । पत्रकारिता सजिलो पेशा होइन, अपजस र हैरानीलाई आत्मसात गर्नैपर्छ । बाइस वर्षे युवा जोस् लिएर यसले आफ्नो उपस्थिति देशभित्र र बाहिर देखाओस् ।

युट्यूब र अनलाइन मेडियाहरुको बाढी आइरहेको बेला छापा मेडियाले सशक्त रुपमा पाठक र विज्ञापनदाताहरुसँग सम्बन्ध गाँसिराख्न सहज छैन । देशैभर आर्थिक मन्दी छ र व्यापारिक सटर बन्द छन् । औद्योगिक कल कारखाना र उत्पादनशील क्षेत्र लगभग शून्यताको क्रममा छ । देशमा राजनीतिकर्मीहरुको फोटो र समाचार मात्रै छापेर अब दिन बिताउनुपर्ने बेला आएको भान हुँदैछ ।

तमाम नेपालीहरु विदेशिने क्रममा रहेकाले अबका दिनमा सञ्चार क्षेत्र पनि थप समस्यामा छ । वसन्तपञ्चमीमा जन्मेको यो पत्रिकाले ज्ञान, विज्ञान, सिप र दक्षता अनि इमान्दारिताको कसीमा आफूलाई राख्न सकोस् ।

साहित्यका सबै विधाकी स्रोत महामाया सरस्वतीलाई हरपल वन्दना । देवीका सामु विशाल ब्रह्माण्ड एउटा साकार रुप हो । सिर्जनामा उनको रुप महासरस्वती, पालनामा महालक्ष्मी र संहारमा महाकालीको हुन्छ । श्रीशिव लगायत सबै देवताहरु तिनको वन्दना गर्छन् ।

प्रथमत:माता सरस्वती वाणीकी देवी हुन् । ज्ञान र विज्ञान उनको स्वरुप हो । माघशुक्ल पञ्चमी ज्ञानकी देवी श्रीसरस्वतीको स्मरण गर्ने दिन हो । सूक्ष्म ब्रह्माण्डको मष्तिस्क सत्ता लिएर धर्तीमा अवतरित मानव उसैले विज्ञानको सदुपयोग गरी विशाल ब्रह्माण्डमा अधिपति जमाउन प्रयासरत अहिले । छिमेकीले चन्द्रयान चन्द्रमामा लग्यो, अरुले चन्द्र धरातलदेखि मङ्गल ग्रहसम्मको पहुँच र समस्त भूखण्ड र खगोलीय पिण्डहरुलाई आफ्नो रिमोर्ट कन्ट्रोलमा राख्न चाहेका छन् ।



मष्तिस्ककै कारण आज संसारले ज्ञान, विवेक, संयम, धैर्य, श्री, पराक्रमको सही उपयोगदेखि मानव रक्षासम्म र धर्ती अम्बर सवैतिर रहेका सूक्ष्माती सूक्ष्म जीवाणु, कीटाणुसम्मको रेखदेख र भाइचाराको सन्देश, मानव संस्कृतिको अनुपम उदाहरण दिन सकेको छ, तर विज्ञानको चरम दुरुपयोग गर्दै इजरायल हमासदेखि रसिया युक्रेनसम्म पनि ज्ञानको पटाक्षेप भइरहेको छ अहिले, हिजो पनि भएकै हो । वसन्तको आगमन, नयाँ विहानीको स्वागत गर्ने बेला श्रीपन्चमीमै नकारात्मक सोच नलिउँ ।

महान् स्रष्टा, ग्रन्थकार, कवि, वकिल, साहित्यकार, कलाकर्मी, सञ्चारकर्मी, डाक्टर, बुद्धिजीवी, शिक्षक, नेता, अभिनेतादेखि वैज्ञानिकहरु सम्मको साधना सरस्वतीका कृपा दृष्टि हुन् । कलम-विचारको प्रवाहदेखि धर्म, संस्कृतिको जगेर्नासम्मको, सिप संस्कारदेखि जीउने कला, वक्तृत्व, प्राविधिक ज्ञानदेखि सम्पूर्ण मानव जीवनलाई सरल, सरस, सारगर्भित बनाउन प्रेरित गर्ने देवी अथाह ज्ञानस्रोतकी सागर नै हुन् र आज मानिस ऊर्जामा उत्कृष्ठ हुन खोज्दैछ, मष्तिस्को ऊर्जा मात्रै नभएर जल ऊर्जा, वायु ऊर्जा, सौर्य ऊर्जा, धन्य हिजोको मान्छे आज कता हो कता स्वर्णीम युगमा पुगेको छ । जति खर्च ग-यो त्यति बृद्धि हुने सीप, संगीत पारखीहरुका लागि साधनाकी स्रोत पनि उनै हुन् । कमलासनी, सेतोबस्त्र धारण गरेकी, वीणा हातमा लिएकी, ब्रह्मादि देवताहरुबाट विशेष वन्दना गरिएकी, अभयमुद्रा भएकी वरदान र श्राप दुवै दिने सक्ने देवी मानव जीवनकी शक्ति सञ्चारिका नै हुन् । विश्व रचनादेखि पालनाकार्य र संहारकारी गुण सम्पन्न देवीलाई वैष्णवी एवं रुद्रायणीका रुपमा पनि चिनिन्छ । विश्वजननी भूवनेश्वरीदेवीको सत्ता, शक्ति पाएर सृष्टिकर्ता परमेश्वर सर्वगुण सम्पन्न बनेको हो ।

कम्प्युटर भित्रका आकृतिदेखि नृत्यकलासम्म र गायन स्वरदेखि आधुनिक साज सज्जा सहितको स्वर ध्वनि यन्त्र सम्मकी देवी सरस्वती विज्ञानकी संरक्षिका पनि हुन् । मानव जीवनलाई ऐश, आराम दिलाउने देवी, भोग, सुखका अतिरिक्त विज्ञानको सदुपयोगसम्म गर्न प्रेरित गर्छिन् । शस्त्रास्त्रको होडवाजी, आपसी द्वन्दको पराकाष्ठा, अशान्ति, भय, क्रोध, हिंसा, तनावको वल बम बारुदका धूवाँहरु केवल सरस्वतीको विस्मरण हो । देशमा काला बादलहरु छ्याँग भएको अबस्था छैन, रंगीविरगीं फूलहरुले सजिएको वगैंचा निश्चय नै सुन्दर हुन्छ । मानिसमा वेचैनी छ अहिले,आज मानिस बिर्सदैछ, उनको शक्तिलाई र हत्या, हिँसा, बलात्कार, चोरी, उपद्रव, लुटपाट जस्ता गैर सामाजिक कार्यमा व्यस्त छ । राजनीतिले समाजको स्वरुपलाई सद्भावयुक्त बनाउनु पर्नेमा ठीक उल्टो किचलो, कोकोहोलो, रमिते, छटपटाहट बनाइरहेको छ । विचारको गलत प्रयोगले समाज घुमील नहुनु पर्ने हो । समाजलाई थला पर्न दिनु हुन्न । ज्याद्रो छक्का पन्जाशैलिमा उठेको कालो बादल नराम्रोसँग मडारिएको छ, सत्तासीनहरु भोका छन् । महँगीको मार, करको भय, भोक र शोक अनेकानेक दशाहरु छन् जीवनमा । कुनै पनि ज्ञानको दुरुपयोग गर्नु हुन्न, संस्कृतिलाई अक्षुण्ण राख्नु पर्छ । समाज चाटुककारको हातमा जानु हुन्न, सबैमा, नैतिकता, इमान्दारिता, सच्चरित्रता र निष्ठाको अभाव हुनु हुन्न ।

कंशको पराक्रम, मन्थराको जिब्रो, दुराचार, रावणको अत्याचार अन्तत: खेर गयो । सरस्वतीको कृपा दुरुपयोग हुन जाँदा यस्तो भएको हो, सदुपयोग भए, निर्माण र विकास पनि हुन्छ । ज्ञान संधै हाँस्दछ, मुस्कान छर्छ, सदाचार र सहयोग, सत्कृति दिन प्रयास गर्दछ । ज्ञानको साथमा विज्ञानलाई डोहो-याउन सके विज्ञान पनि यस्तै हुन सक्छ । सम्पूर्ण मानव जगत् भयरहित, क्रोध रहित, आवेगरहित, तनावरहित हुन सके विज्ञान कलात्मक बन्न पुग्छ । शुद्ध आचरण, नैतिकवान्, चरित्रवान व्यक्तिहरुबाट सामाजिक पुनरुत्थान, नव निर्माण हुनसक्छ, सिर्जनाकी देवीले वसन्त ल्याउन प्रेरित गर्छिन् हर मानव जीवनमा ! मान्छेमा मुखमा राम राम बगलीमा छुरा हुनु हुन्न । हर मानव चित्कार विहीन जीउन सक्नु पर्छ, त्यसका लागि एक अर्कामा सद्भाव जरुरी छ, मानव संस्कृति त्यहीँ जीउँदो हुन्छ । संसारकै लागि हामी गुरु राष्ट्र होऊँ ।

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह
२१ औं वार्षिकोत्सव यात्रा २२औं वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
थवाङ गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्यरुपमा परिचय पत्र नविकरण गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गापामा जानकारी गराऔं ।
ऋषिकेशव बुढामगर, अध्यक्ष
हेमराज घर्तीमगर, प्रमुख प्रशासकीय अधिकृत
शर्मिला बुढामगर, उपाध्यक्ष
थवाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थवाङ, रोल्पा, लुम्बिनी प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह
२१ औं वार्षिकोत्सव
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
त्रिवेणी गाउँपालिकाको अनुरोध
- सबै प्रकारका व्यवसायहरु दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- घर नक्सा पास गरेर मात्र संरचना बनाऔं ।
- व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र गरौं ।
- सामाजिक सुरक्षा भत्ताका लागि प्रत्येक आ.व.को भाद्र मसान्तभित्र अनिवार्यरुपमा परिचय पत्र नविकरण गरौं ।
- समयमा कर तिरौं र सभ्य नागरिकको परिचय दिऔं ।
- सरसफाई र स्वच्छ वातावरण निर्माण गरौं ।
- फोहोरको स्रोतमा नै वर्गीकरण गरौं ।
- कुनै पनि शंकास्पद गतिविधि देखिएमा तत्काल गापामा जानकारी गराऔं ।
गणेशकुमार केसी, अध्यक्ष
प्रेमबहादुर घर्ती, प्रमुख प्रशासकीय अधिकृत
राजकुमारी रेउले, उपाध्यक्ष
त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्रुतु खारानेटा, रुकुम (पश्चिम), कर्णाली प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना
२१ औं मध्यान्ह वार्षिकोत्सव यात्रा २२औं वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
VILLA SEVENTY TWO PVT. LTD.
Uttardokha Marg, Lazimpat, Kathmandu, Nepal
Tel.: 977 1 4001133, Email: Villa72restaurant@gmail.com

हार्दिक बधाई तथा शुभकामना
२१ औं मध्यान्ह वार्षिकोत्सव यात्रा २२औं वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अमृत रिजाल
प्रवन्ध निर्देशक तथा
TGL टि.जि.एल. नेपाल प्रा.लि
परिवार
प्रेम वस्ती बसुन्धरा, काठमाडौं, (नापी कार्यालय अगाडी) फोन: ४३८८६०६

हार्दिक बधाई तथा शुभकामना
२१ औं मध्यान्ह वार्षिकोत्सव यात्रा २२औं वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
लक्ष्मण पौडेल
सचिव
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
प्रवन्ध निर्देशक तथा
त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.
परिवार

हार्दिक बधाई तथा शुभकामना
२१ औं मध्यान्ह वार्षिकोत्सव यात्रा २२औं वर्षको
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
योगेन्द्र कुँवर
प्रवन्ध निर्देशक तथा
वाई. के. मेनपावर एजेन्सी प्रा.लि.
परिवार
गिरी कम्प्लेक्स, शम्भुमार्ग-९, एयरपोर्ट, काठमडौं, फोन: ०१-४४९९१८१, ४४९७११६

# स्वतन्त्र सांसदले ल्याएको परिवर्तन



विमला ढकाल

बहुदलीय लोकतान्त्रिक प्रणालीमा दलहरुको भूमिका हस्तक्षेपकारी हुने भएपनि संघीय संसदमा स्वतन्त्र सांसदहरुको भूमिका र हस्तक्षेप देखिनेगरी बढिरहेको छ । जसको आवाजले संख्याको शक्तिलाई समेत चुनौती दिइरहेको छ ।

सामान्यतया संसद्बाट कुनै कानुन बनाउन, कार्यकारीलाई निर्णय गर्न बाध्य पार्न वा समाजमा आफ्नो नीति स्थापित गराउन बहुमत चाहिने विश्वास गरिन्छ । बहुदलीय प्रतिस्पर्धात्मक शासन व्यवस्थामा राजनीतिक दल नै सबैभन्दा माथि हुन्छन् । दलीय नीति नै राष्ट्रको नीति बनाउने पर्यास हरेक मुलुकमा हुने गर्दछ । तर नेपालमा दलीय अभ्यासलाई चुनौती दिने गरी स्वतन्त्र सांसद प्रस्तुत भएका उदाहरण छन् । जसले मुलुकको दीर्घकालीन असर पार्ने नीतिका लागि योगदान गरेका छन् भने सामान्य विषय उठाएर सानो परिवर्तनबाटै ठूलो योगदान गर्नका लागि प्रेरित गरेका छन् ।

यसको एक उदाहरण हुन्, राष्ट्रियसभामा रहेका स्वतन्त्र सांसद खिमलाल देवकोटा । स्वतन्त्र रुपमा चुनाव लडेर राष्ट्रिय सभा सदस्य भएका देवकोटा राष्ट्रिय सभाबाट गठित संविधान कार्यान्वयन सम्बन्धी अध्ययन समितिको सभिापति भए । उनको नेतृत्वमा गठित समितिले तयार पारेको प्रतिवेदन राष्ट्रिय सभाबाट सर्वसम्मत रुपमा पारित भयो । जसले संविधान कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहले बनाउनुपर्ने कानुहरुको विषय उजागर गरिदिएको छ । संघीयता कार्यान्वयनका लागि के कस्ता अवरोध रहेका छन् भन्ने देखाइदिएको छ ।

उनै सांसद देवकोटाले पछिल्लो समय संसदीय व्यवस्थामा संसारलाई नयाँ अभ्यास सिकाउन खोजेका छन् । उनले प्रतिनिधि सभामा गैरसरकारी विधेयक ल्याउने सांसदले त्यस्तो विधेयक पारित भएर राष्ट्रिय सभामा पुगेपछि आफैंले अघि बढाउन पाउने व्यवस्था राष्ट्रिय सभा नियमावलीमा राख्न अन्य सांसदहरुलाई सहमत गराएका छन् । राष्ट्रिय सभामा प्रस्तुत 'राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८०' मा यस्तो व्यवस्था गरिएको हो । '...प्रतिनिधि सभाबाट पारित भइ आएको गैरसरकारी विधेयकको हकमा त्यस्तो विधेयकको प्रस्तुतकर्ता प्रतिनिधि सभा सदस्यले सभामा हुने विधेयकको कारबाहीमा प्रस्तुतकर्ता सदस्यको हैसियतले भाग लिने गरी उपस्थित हुन चाहेमा अध्यक्षले अनुमति दिन सक्नेछ ।' प्रतिनिधि सभामा गैरसरकारी विधेयक ल्याउने सांसदले राष्ट्रिय सभामा विधेयक अघि बढाउने सांसदलाई अधिकृत तोक्ने सक्ने प्रचलित व्यवस्थालाई पनि खुला राखिएको छ । 'तर नियम १०५ बमोजिम सभाकै कुनै सदस्यलाई अधिकृत गर्न यस उपनियमले बाधा पुऱ्याउने छैन' नियमावलीको दफा १२४ मा उपदफा ६ थपेर नयाँ व्यवस्था राखिएको छ ।

राष्ट्रिय सभामा स्वतन्त्र सांसदको रुपमा रहेका खिमलाल देवकोटाले यो अभ्यासका लागि नीति बनाउने सन्दर्भमा अगुवाइ गरेका हुन् । सांसद देवकोटाका अनुसार उनले आफैं गैरसरकारी विधेयक सदनमा लैजाने तयारी गरेका थिए । 'म आफैंले गैरसरकारी विधेयक ल्याउन खोजेको थिएँ । तर सहयोग पाइनँ' उनी भन्छन्, 'मैले जस्तो अनुभव अरुले गर्न नपरोस् भनेर गैरसरकारी विधेयक ल्याउनेहरुले अर्को हाउसको गतिविधिमा भाग लिन सकोस् र विधेयक ल्याउनुको ओचित्य पुष्टि गर्न सकोस् भनेर अवधारणा अगाडि सारिएको हो ।'

राष्ट्रिय सभाले पारित गरेर प्रतिनिधिसभामा पठाएको गैरसरकारी विधेयक अगाडि बढाउने प्रतिनिधिसभा सदस्यको खोजीका लागि समेत समय लागेको कारणले राष्ट्रिय सभाका अन्य सदस्यहरु यस अवधारणामा सहमत भएको उनको भनाइ छ । यो अवधारणा अनुसार अभ्यास हुन सके गैरसरकारी विधेयक सभामा आउने र कानुन बन्ने अवस्था सिर्जना हुनसक्ने उनको विश्वास छ । 'हामीले प्रतिनिधि सभा सदस्यका लागि बाटो खुला गऱ्यौं । अब प्रतिनिधि सभाले राष्ट्रिय सभा सदस्यका लागि बाटो खुला गर्ला' सांसद देवकोटाले भने । उनका अनुसार यस्तो अभ्यासले विधेयक ल्याउन बहुमत सांसद चाहिन्छ भन्ने अवस्था सबै विषयमा नरहन सक्छ । 'विधेयक पास गर्न बहुमत चाहिन्छ । बहुमत हुने दलको सरकार हुन्छ । केवल विधेयक ल्याएँ भन्नका लागि कसैले पाइभेट बिल ल्याउने आकांक्षा राख्दैन्' उनी भन्छन्, 'सबैले महसुस गरेको र सबैका लागि मान्य हुने विषय रहेछ भने गैर सरकारी विधेयक पास गर्ने अवस्थाका लागि समेत यो अभ्यास उपयोगी हुन्छ ।'





साथै, संघीय संसदमा दुबै सदनमा कुनै राजनीतिक दलको अनुपस्थिति हुन सक्छ । त्यस्तो अवस्थामा एउटा हाउसमा लगेर पास गरेको गैरसरकारी विधेयक अर्को हाउसमा अगाडि बढाउने व्यक्तिको अभाव नहुने उनको विश्वास छ । सांसद देवकोटाले भने जस्तो अवस्था संघीय संसदमा विद्यमान छ । प्रतिनिधि सभामा २१ सिट रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रतिनिधि सभामा १४ सिट रहेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) पनि राष्ट्रिय सभामा दलगत उपस्थिति छैन । प्रतिनिधि सभामा रहेका जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल मजदुर किसान पार्टीको पनि राष्ट्रिय सभामा उपस्थिति छैन ।

राष्ट्रिय सभा नियमावली मस्यौदा समितिका सदस्य समेत रहेका सांसद देवकोटाका अनुसार, एउटा हाउसको सांसदले अर्को हाउसको विजनेश अगाडि बढाउने अभ्यास विश्वका अन्य मुलुकले गरेको जानकारी छैन । उनी भन्छन्, 'हाम्रो अभ्यास अरुले पनि सिक्न सक्छन् । अरु देशमा के कस्तो छ भन्ने तिर नजाऔं । गैरसरकारी विधेयकको औचित्य पुष्टि गर्न सक्ने प्रस्तुतकर्ता सदस्यले मात्रै सक्छ । त्यसका लागि दुबै हाउसमा बाटो खुला गरौं ।'

राष्ट्रिय सभाकै अर्की मनोनित सांसद हुन्, विमला राई पौड्याल । २०७४ सालका राष्ट्रपतिबाट मनोनित भएपछि उनले राष्ट्रिय सभा सञ्चालन भएको पहिलो हप्तामै शून्य समयमा बोल्ने अवसर पाइन् । उनले सदनमै भएको विषय उठाएर आफ्नो संसद् यात्रा सुरु गरिन् । वातावरण र जलवायु सम्बन्धी विज्ञका रूपमा परिचित उनलाई संसद्मा प्रयोग हुने प्लास्टिकका गिलासले बिझायो । 'यतिका धेरै सांसदले दिनमा दुईतीन पटक पानी खाँदा पनि कति प्लास्टिक प्रयोग हुन्छ भन्ने लाग्यो' उनी संसद्को पहिलो हप्ता आफूले उठाएको विषय उनी सम्झिन्छिन । उनले सदनको बैठकमा त्यो कुरा उठाइन् । त्यही दिन बैठकबाट बाहिरिंदा संसद्का सचिवले प्लास्टिकको गिलास हटाएर कागजको गिलास राखे । संसद्मा उठाएको पहिलो मुद्दा, जसको सम्बोधन भयो । शून्य समयमा उनले अर्को विषय उठाइन्- सिंहदरबार प्रवेश गर्ने र फर्किने मूलद्वारको अस्तव्यस्तता । हिंडेर भित्र प्रवेशका लागि चेकजाँच गरेर जाने छुट्टै बाटो थियो, तर बाहिर फर्किंदा सवारी साधन गुड्ने बाटो भएर हिंड्नुपर्थ्यो । मुख्य प्रशासनिक क्षेत्रको हविगत बारे पहिल्यैदेखि जानकार उनले संसद्मा गएको पहिलो हप्ता नै यो विषय उठाइन् । सिंहदरबारका सुरक्षा प्रमुखलाई भेटेर पनि उनले यो विषय राखिन् । त्यसको दुई हप्ता जसोमा पर्खाल हटाएर मान्छे हिंड्ने छुट्टै बाटो बन्यो । महिलालाई बिम्ब बनाएर गाली गर्ने विषयमा पनि उनी संसद्मा बोलिन् । त्यो बेला सामाजिक सञ्जालमा 'महिलाको किड्नी राखेकाले जे पनि बोल्छन्' भनेर एमाले अध्यक्ष ओलीको आलोचना हुन्थ्यो । त्यसले ओलीको आलोचना मात्रै हुन्नथ्यो, महिलामाथि विभेदजन्य लाञ्छना लगाउने काम पनि हुन्थ्यो ।

यो कुरा उनले संसद्मै उठाइन् । त्यसपछि पार्टीहरूले महिलालाई बिम्ब बनाएर गाली नगर्न आन्तरिक रूपमा सर्कुलर नै जारी गरे । त्यसले उनलाई उत्साहित बनायो । आफूले बोलेका कुराको सुनुवाइ हुँदोरहेछ भन्ने लाग्यो । 'त्यो सानो कुरा भए पनि मलाई बल दियो' उनी परिवर्तनका लागि बहुमत नचाहिने बताउँछिन् । उनले संसदमा यस्ता कैयौं विषय उठाइन्, जसले सुन्दा सामान्य भए पनि मानिसको दैनिक जीवनमा नै प्रभाव पार्न सके । अर्थात्, उनले कुनै दल भन्दा बाहिरबाट संसद छिरेर स्वतन्त्र सांसदको भरपुर सदुपयोग गरिन् ।

२१ औं वार्षिकोत्सव
यात्रा २२औं वर्षको
हार्दिक बधाई
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रघु पुरी
अध्यक्ष, तथा
The River Overseas (P.) Ltd.
दि रिभर ओभरसिज प्रा. लि., परिवार
बत्तिसपुतली (होटल द्वारिकाजको पछाडी, गौशाला, काठमाडौं, नेपाल, फोन: ४४६२४३१




RBB LOCKER
तपाईंको सुरक्षा हाम्रो प्राथमिकता
राष्ट्रिय वाणिज्य बैंकका विभिन्न शाखाहरूमा रहेका हाम्रो लकर सुबिधा प्रयोग गरी आफ्नो सामानको सुरक्षा गर्नुहोस् ।
राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय,
सिंहदरबारप्लाजा, काठमाण्डौ
फोनः (९७७-१) ४२५-२५९५ । फ्याक्सः (९७७-१) ४२५-२९३१
इमेल: rbb.info@rbb.com.np । वेबसाइटः www.rbb.com.np
राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
नेशबैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

# बदलिँदो मनोविज्ञान



तुलबहादुर मगर

> नेपाली मौलिकतासहितको घरेलु मदिराको कानूनी मापदण्डकै आधारमा उत्पादन र ब्राण्डिङ गर्ने व्यवस्था मिलाउँदा त्यसलाई “नेपाली उत्पादन”को रुपमा निर्यात समेत गर्न सकिन्छ । यसो हुन सक्दा नेपालकै ग्रामिण क्षेत्रले मदिरा निर्यातको माध्यमबाट ठूलो मात्रामा विदेशी मुद्रासमेत आम्दानी गर्न सक्ने देखिन्छ ।

सरकारको तहबाट लामो समयदेखि नकारात्मक रुपमा लिएको घरेलु मदिराको ब्राण्डिङ गर्ने विषयमा सरकार नै औपचारिक छलफलमा जुटेको छ। विशेषगरी आदिवासी समुदायको मौलिकता र संस्कृतिसँग जोडिएको घरेलु मदिरालाई ब्राण्डिङ गर्ने र साना उद्योगहरुको विकासमा सहयोग गर्ने विषयले पहिचानको संरक्षण, रोजगारको सिर्जना र आयात प्रतिस्थापनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने देखिन्छ ।

नेपालले गत आर्थिक वर्षमा तीन अर्ब बढी रकमको ३३ लाख ५६ हजार लिटर विदेशी रक्सी आयात गरेको थियो । त्यस्तै सरकारले गत आर्थिक वर्षमा ब्राण्डेड मदिरामार्फत २५ अर्ब ९२ करोड र बियरमार्फत ३२ अर्ब ६१ करोड राजस्व संकलन गरेको थियो । तर सरकारले वैद्यानिकता नदिएको घरेलु रक्सीको अनौपचारिक कारोबार आयातित र स्वदेशी ब्राण्डेड उत्पादनको भन्दा धेरै रहेको अनुमान गर्न सकिन्छ ।

सरकारले अर्थतन्त्रको दीगो विकासको निम्ति पर्यटन क्षेत्रको विकासलाई विशेष महत्व पनि दिएको देखिन्छ । सो विषयमा केन्द्रीय सरकार मात्रै नभएर प्रदेश र स्थानीय सरकारहरु पनि उत्तिकै गम्भीर बनेको देख्न सकिन्छ। विशेषगरी मौलिक प्रविधि र प्राकृतिक पद्दती अपनाएर निर्माण गरिने गुणस्तरीय घरेलु मदिरालाई साना तथा कुटीर उद्योगहरुमा रुपान्तरण गर्न सक्दा त्यसले मौलिक पर्यटनको विकासमा समेत ठूलो टेवा पुऱ्याउन सक्छ। जसले देशको समग्र पर्यटन उद्योगको विकासमा समेत प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउन सक्छ ।



पछिल्लो समयमा केही स्थानीय तहहरुले पनि घरेलु मदिराको उत्पादनलाई व्यवस्थित गर्ने विषयमा चासो देखाउँदै पहलकदमी लिएको देखिन्छ। स्थानीय तहहरुले घरेलु मदिरालाई ब्राण्डिङ गर्दा परम्परागत रोजगारी पनि पैदा हुने र संस्कृतिको पनि संरक्षण हुने तर्क गर्ने गरेका छन् ।

मदिरा ऐन, २०३१ ले इजाजत बिना मदिराको उत्पादन र बिक्री वितरण गर्न नपाइने व्यवस्था गरेको छ । तर देशैभरी लाखौंको संख्यामा अनौपचारिक रुपमा पारिवारिक रुपमा घरेलु मदिरा उत्पादन बिक्री वितरण भइरहेको छ । कानूनी समस्याको कारण समय-समयमा प्रहरीले उत्पादकहरुमाथि हस्तक्षेप गर्दा उत्पादकहरुलाई निराश पनि बनाउने गरेको छ। मौलिक ढंगले उत्पादन हुने घरेलु मदिरालाई कानूनी र व्यवहारिक रुपमा निरुत्साहित गर्न खोजेपनि सरकार लामो समयदेखि सफल हुन सकेन। बरु सरकारले सो सम्भावित निर्यात र राजस्व आम्दानीलाई गुमायो ।

ढिलै भएपनि केही दिन अगाडि संघीय सरकार उद्योग वाणिज्य मन्त्रालयको आयोजना घरेलु मदिरा प्रवर्द्धन विषयक औपचारिक छलफल भएको छ । जसमा केन्द्रीय सरकारको तर्फबाट अर्थ मन्त्री, कानून मन्त्री र उद्योग मन्त्री सहभागी भने गण्डकी, लुम्बिनी र बागमती सरकारका मुख्यमन्त्रीहरु सहभागी भए । सो छलफलमा सहभागीहरुले घरेलु मदिरालाई ब्राण्डिङ गरेर अगाडि बढ्ने धारणा राखे । त्यतिमात्रै नभएर उद्योग मन्त्री रमेश रिजालले घरेलु मदिराको राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा बिक्री प्रवर्द्धनका लागि मन्त्रालयले आवश्यक गृहकार्य गरिरहेको समेत बताए।

ठूला उद्योगी हाबी नहुने गरी मापदण्ड निर्धारण गरेर स-साना तथा घरेलु उद्योगको रुपमा घरेलु मदिराको बिक्री प्रवर्द्धनको व्यवस्था मिलाइने मन्त्री रिजालको भनाइ थियो । केन्द्रीय सरकार स्तरमा भएको सो छलफलले नेपाली समाज अनुकुलको मदिरा उत्पादनलाई स्वीकार गरेको बुझ्न सकिन्छ ।

केन्द्रीय सरकारको तहमा भएको छलफलका आधारमा आवश्यक कानूनको प्रवन्ध गरेर अगाडि बढेमा देशैभरी औपचारिक रुपमा हजारौंको संख्यामा मौलिक प्रकृतिका स-साना घरेलु उद्योगहरु सञ्चालन हुन सक्छन् । सामान्यतया घरेलु मदिराहरु कृषिजन्य उत्पादनमा समेत आधारित हुने हुँदा कच्चा पदार्थको उत्पादनदेखि मदिराको उत्पादनसम्म लाखौं मानिसहरुले रोजगारी प्राप्त गर्न सक्ने अनुमान गर्न सकिन्छ ।

साथै, नेपाली मौलिकता सहितको घरेलु मदिराको कानूनी मापदण्डकै आधारमा उत्पादन र ब्राण्डिङ गर्ने व्यवस्था मिलाउँदा त्यसलाई ‘नेपाली उत्पादन’को रुपमा निर्यात समेत गर्न सकिन्छ । यसो हुन सक्दा नेपालकै ग्रामिण क्षेत्रले मदिरा निर्यातको माध्यमबाट ठूलो मात्रामा विदेशी मुद्रा समेत आम्दानी गर्न सक्ने देखिन्छ । साथै, पर्यटन क्षेत्रको दीगो खम्बाको रुपमा मानिने ग्रामिण पर्यटन र होमस्टे पर्यटनको थप विकासमा पनि यसले थप टेवा पुर्‍याउन सक्ने अनुमान गर्न सकिन्छ ।


















# सुरक्षित वैदेशिक रोजगारको सवाल

जब व्यक्तिलाई रोजीरोटीको अभाव हुन्छ, उसले अन्य कुरा सोच्नै भ्याउँदैन । स्वदेशमा रोजीरोटीको सहज उपलब्धता छैन । त्यसैले, ऊ वैदेशिक रोजगारलाई नै निर्विकल्प देख्दछ र विदेशी भूमि सिँगार्न पुग्दछ । यो उसको रहर होइन, बाध्यता हो ।



चन्द्रबहादुर बस्याल

> वैदेशिक रोजगार आफैंमा नराम्रो होइन । वैदेशिक रोजगारीको क्षेत्रमा देखापरेका जोखिम तथा चुनौतीलाई कम गर्दै अवसरहरूबाट बढी मात्रामा कसरी लाभ लिन सकिन्छ भन्ने विषयलाई सकारात्मकरूपमा लिनुपर्छ । वैदेशिक रोजगारका अव्यवस्थापन, ठगी र श्रमिकका पीडातर्फ राज्य संवेदनशील हुन जरूरी छ ।

जब व्यक्तिलाई रोजीरोटीको अभाव हुन्छ, उसले अन्य कुरा सोच्नै भ्याउँदैन । स्वदेशमा रोजीरोटीको सहज उपलब्धता छैन । त्यसैले, ऊ वैदेशिक रोजगारलाई नै निर्विकल्प देख्दछ र विदेशी भूमि सिँगार्न पुग्दछ । यो उसको रहर होइन, बाध्यता हो । जनसंख्या वृद्धि र प्रत्येक वर्ष श्रमबजारमा आउने श्रमशक्तिको अनुपातमा पर्याप्त उत्पादनशील र आयमूलक रोजगारीका अवसरहरूको सिर्जना स्वदेशमै गर्नु नै स्थायी समाधान हो । विश्वव्यापीकरण अभियानले विकास गरेको श्रमको निर्वाध आप्रवाहको फलस्वरूप नेपालको वैदेशिक रोजगारको क्षेत्रमा विस्तार र वृद्धि भएको हो ।

**रोजगारीको हक :**

रोजगारीको हक प्रत्येक नागरिकको मौलिक हो । सम्मानपूर्वक बाँच्न पाउनु, आफ्नो रोजाइमुताबिक काम गर्न पाउनु नागरिकको अधिकार हो । कामको अवसर उपलब्ध नभएमा न्यूनतम आवश्यकता परिपूर्तिका लागि नागरिकलाई संरक्षण दिनु राज्यको दायित्व हो । रोजीरोटीको व्यवस्थापनसमेत गर्न नेसक्ने अनि अरु धेरै कुरा गर्छु भन्नुको कुनै तुक हुँदैन । प्रचूर साधनस्रोत हुँदाहुँदै पनि हामी नेपालीहरू दुःख भोगिरहेका छौं । आफ्नै नाभिमा रहेको सुगन्धित बिनाको खोजीमा कस्तुरी भौतारिएझैं हामी कामको खोजीमा विदेसिएका छौं । स्वविवेक गुमाएका नेताहरू बेरोजगारी अन्त्य गर्ने सपना बाँड्दै हिँड्छन् । तर, बेरोजगारी मनोगत ढंगले अन्त्य गर्न सकिने चीज होइन । नेपालका युवामा नेपालभित्रै रोजगारीको सम्भावना र भविष्य देखाउन नसक्नु राज्यको कमजोरी हो ।

**शिक्षा र श्रमबीचको सम्बन्ध :**

शिक्षा जीवनसँग जोडिनुपर्छ । शिक्षालाई श्रमबाट अलग राख्नु सबैभन्दा ठूलो दुर्गुण हो । अहिलेको शिक्षा नीति सुन्दर संसार निमाण गर्ने मजदुर र खाद्यान्न उत्पादन गर्ने किसानप्रति घृणाभाव प्रकट गर्ने खालको छ । ज्ञान, धारणा र सीपको संयोजन शिक्षाले गर्नुपर्छ । शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोड्नुपर्छ । पाठ्यपुस्तक र धारणा पढ्नु मात्र शिक्षा होइन । शिक्षाले राष्ट्रिय आवश्यकता पूरा गर्न सक्नुपर्छ । शिक्षाको सम्बन्ध श्रमसँग हुनुपर्छ । गुणस्तरीय र जीवनोपयोगी शिक्षाले मात्र दक्ष जनशक्ति उत्पादन गर्न सक्छ र त्यस्तो जनशक्ति रोजगारीका लागि 'हट केक' सावित हुन्छ । विद्यार्थीको रुचि र चाहना अनि



देशको आवश्यकताअनुसार सिकाउने नयाँ-नयाँ प्रविधि र विधिको प्रयोग गरिनुपर्छ । हामीलाई आफ्नो खुट्टामा उभिन सिकाउने शिक्षा चाहिएको छ । हातमा पासपोर्ट र भिसा बोकेर विदेशिन आतुर विद्यार्थी होइन, परियोजनासहित स्वदेशमै काम गर्ने इच्छाशक्ति भएको विद्यार्थी उत्पादन गर्ने शिक्षा प्रणाली हुनुपर्छ ।

**शून्य लागतको प्रश्न :**

नेपाल सरकारले विश्वका १०० मुलुकमा रोजगारीका लागि खुला गरेको छ । तर, हालसम्म जम्मा १० वटा मुलुकसँग मात्रै श्रम सम्झौता भएको छ । जसका कारण आकर्षक मुलुकमा रोजगारीमा गएका नेपाली कामदार जोखिममा पर्ने गरेका छन् । कतार, संयुक्त अरब इमिरेट्स, बहराइन, दक्षिण कोरिया, इजरायल, जोर्डन, मलेसिया, मौरिसस, जापान र बेलायतसँग नेपाली कामदार पठाउने विषयमा समझदारी र सम्झौता गरिएको छ । २०७२ असार २१ गतेको राज्यमन्त्रीस्तरीय निर्णयबाट लागू गरिएको फ्रि भिसा, फ्रि टिकट तथा शून्य लागतमा वैदेशिक रोजगार व्यवसायीहरूको असहमति रहेको छ । असहमतिका बाबजुद पनि उनीहरूले कामदार पठाइरहेका छन् । उनीहरूले सेवा शुल्क परिमार्जन गर्न पटक-पटक विभाग, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा जानकारी गराएका छन्, तर त्यसको कुनै सुनुवाई भएको छैन ।

विश्वव्यापी अभ्यास र आप्रवासी श्रममा लागू हुने अन्तर्राष्ट्रिय कानुनअनुसार सम्बन्धित खर्च रोजगारदातालाई बहन गराउने नीति छ । यस नीतिअनुसार रोजगारदाताले भने एजेन्सी (म्यानपावर कम्पनी)लाई सेवा शुल्क नदिएको अवस्थामा मात्र एजेन्सीहरूले कामदारसँग बढीमा १० हजार नेपाली रूपैयाँ लिन सक्छन् । सन् २०१५ जुलाईमा नेपाल सरकारले मलेसियासहित ७ प्रमुख गन्तव्य देशका लागि फ्रि भिसा, फ्रि हवाई टिकटको नीतिलाई अवलम्बन गर्ने निर्णय गरेको थियो । वैदेशिक रोजगार व्यावसायीले वैदेशिक रोजगार ऐन, २०६४ तथा विभिन्न समयमा नेपाल सरकारबाट आएका नीति, निगम र निर्णयहरू पूर्णरूपमा पालना गर्दै आइरहेको बताएका छन्, तर शून्य लागतको नीति भने कार्यान्वयनमा ल्याएको पाइँदैन । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को नेपालको न्यायोचित भर्नासम्बन्धी प्रतिवेदनअनुसार गन्तव्य देशसँग गरिएको श्रम सम्झौता पत्रले दुवै पक्षलाई बाध्यकारी श्रमका सबै स्वरूपबाट कामदारको सुरक्षाका लागि कदम चाल्न भनिएको छ । शून्य लागत (रोजगारदाताले सारा खर्च बहन गर्ने)लाई कार्यान्वयन गर्न प्रतिवेदनले जोड दिएको छ । शून्य लागतमा कामदार भर्ना गर्ने भनिएपनि मलेसियाको ग्लोब्स, इलेक्ट्रोनिक्स र प्लान्टेसनमा मात्रै कार्यान्वयनमा छ । मलेसियामा केडीएन एप्रभुभल (भिसा दिने व्यवस्था)देखि नै चलखेल हुने गर्छ । एजेन्सीहरूबीच पैसाको लेनदेन हुन्छ । शून्य भर्ना शूल्कको सम्झौता मलेसियाले नेपालबाहेक अन्य देशसँग गरेको छैन । नेपाललगायत बंगलादेश, इण्डोनेसिया र फिलिपिन्सले मलेसियासँग श्रम सम्झौता गरिसकेका छन् ।

**वैदेशिक रोजगार ऐनमा संशोधन :**

वैदेशिक रोजगार ऐन, २०६४ मा संशोधन गर्नुपर्ने म्यानपावर व्यवसायीको माग छ । पूर्व स्वीकृतिमा कामको पूर्ण विवरण नखुल्ने भएकाले यो व्यवस्था खारेज गर्नुपर्ने, पूर्व स्वीकृति लिनैपर्ने भए अन्तिम स्वीकृति लिँदा पेस हुने करारनामा मान्य हुनेगरी मागपत्रका आधारमा लिन पाउने व्यवस्था गर्नुपर्ने, अनावश्यक खर्च बढाएको हुनाले विज्ञापन गर्नुपर्ने प्रावधानलाई हटाउनुपर्ने, आर्थिक चलखेलले प्रश्रय पाउने भएकोले दफा १७ मा म्यानपावर कम्पनीले छनोट गरेको कामदारको सूची पेस गर्नुपर्ने व्यवस्थालाई खारेज गर्नुपर्ने, दफा १६ मा पूर्व स्वीकृतिका लागि पेस गरेको विवरण दुरुस्त मिलेमा श्रम स्वीकृति दिने प्रावधानको सट्टा करारनामाका आधारमा श्रम स्वीकृति दिने प्रावधान राख्नुपर्नेलगायतका मागहरू छन् ।

कामदारमुखी नभएर व्यवसायमुखी भएको गुनासो पनि छ । कामदारको हित पहिलो सर्त हो । कामदार र व्यवसायी सबैको दायित्व ऐनमा तोकिनुपर्छ । वैदेशिक रोजगारीमा गइसकेपछि बिना आधार काम मन परेन भनेर व्यवसायीलाई दोष दिन पाइँदैन ।

**संवेदनशीलता र जवाफदेहिता :**

वैदेशिक रोजगार आफैमा नराम्रो होइन । वैदेशिक रोजगारीको क्षेत्रमा देखापरेका जोखिम तथा चुनौतीलाई कम गर्दै अवसरहरूबाट बढी मात्रामा कसरी लाभ लिन सकिन्छ भन्ने विषयलाई सकारात्मकरूपमा लिनुपर्छ । वैदेशिक रोजगारका अव्यवस्थापन, ठगी र श्रमिकका पीडातर्फ राज्य संवेदनशील हुन जरूरी छ । विदेश जाने नेपाली कामदारहरू थ्री डी (डर्टी, डेन्जरस र डिफिकल्ट) काम गर्दै थ्री डी (डेथ, डिटेन्सन र डिपोर्टेसन) अर्थात् मृत्यु, जेल र जबरजस्ती देश निकालाको अवस्थामा पुग्न बाध्य हुन्छन् । महिला हिंसा, असमानता, मानवतस्करी र अनियन्त्रित युवा श्रम पलायनलाई निरुत्साहित गर्ने कुरामा कहीँ कतै र कोही कसैसँग पनि सम्झौता हुनुहुँदैन ।

अलेखबद्ध (गैरकानुनी हैसियत) भएकालाई काममा लगाउने रोजगारदातालाई कारवाही गरिनुपर्छ । कम्पनी छाडेर हिँड्नेलाई काममा नलगाउने हो भने अलेखवद्ध हुने अवस्था आफै रोकिन्छ । विदेशमा अलपत्र परेका श्रमिकको समस्याको सुनुवाईपछि सम्बोधन गर्दै तिनलाई जोखिमपूर्ण अवस्थाबाट मुक्त गर्न राज्यकै जवाफदेहिताको खाँचो हुन्छ । वैदेशिक रोजगार नेपालीहरूका लागि आर्थिक समृद्धिको अवसर हो र यसबाट नेपालले मनग्य फाइदा लिन सक्नुपर्छ ।





# युवाले दिलाएको विश्वास



सन्दिप वि.क.

**६ आजभोलि राजनीतिक दलहरु र तिनका नेताहरु भन्दा बालेन, हर्क र गोपालको विशेष चर्चा हुन थालेको छ ।**

माओले सन् १९५७ मा भनेका थिए, 'युवाहरू हो, यो देश तिमीहरूको हो, यो देश हाम्रो पनि हो । तर अन्तिममा यो देश तिमीहरूको नै हो ।' हुन पनि माओले भनेझैं देश युवाहरूको नै हो । र, देश बनाउने जिम्मा पनि युवाहरूको नै हो । देशको हरेक राजनीतिक आन्दोलन होस् या परिवर्तनको इतिहास । जहाँ युवाहरूको भूमिका अग्रस्थानमा छ । नेपालको गौरवमय इतिहासको पाना पल्टाएर हेर्दा वि.सं. १९९६ को राणाविरोधी आन्दोलन, वि.सं. २००६, वि.सं. २०१५, वि.सं. २०३६, वि.सं. २०४६ को जनआन्दोलन, वि.सं. २०५२ देखि सञ्चालित सशस्त्र जनयुद्ध र मुख्यतः वि.सं. २०६२/६३ को जनआन्दोलनमा युवाहरुको योगदान अतुलनीय रह्यो । यी नै युवाहरु आज नेपालको राजनीतिमा पनि होमिएका छन् । स्थानीय तहको निर्वाचन २०७४ मा ४२ प्रतिशत जनप्रतिनिधि ४० वर्षमुनिका युवा उम्मेदवार थिए, कुल निर्वाचित मध्येबाट (२१ देखि ४० वर्ष उमेर समूह) करिब ४१ प्रतिशत युवा निर्वाचित भए । जुन सकारात्मक पक्ष हो ।

नेपालको राजनीतिमा युवाको सहभागिताका विषयमा युएनको पछिल्ला प्रतिवेदनमा नीति निर्माण, निर्णयात्मक भूमिका, निर्णय कार्यान्वयन, प्रतिफलको न्यायोचित वितरणमा युवाको क्रमिक रूपमा प्रतिनिधित्व सुनिश्चित हुँदै गएपनि त्यसले अपेक्षित नतिजा भने ल्याइ नसकेको र अझै चुनौतीपूर्ण अवस्था रहेको देखाएको छ ।

सरकार, संसद् र राजनीतिक दलका केन्द्रीय कमिटीमा निवार्चित युवा प्रतिनिधिको अनुपात निकै कम छ । सकसपूर्ण आरोह अवरोहकाबीच नेतृत्वमा पुगेकाहरूले सन्तोषजनक कार्यसम्पादन गर्न सकिरहेका छैनन् ।

तर स्वतन्त्र रुपमा आएका युवाहरुले भने देशमा तरंग ल्याइदिएका छन् । ठूला भनिएका राजनीतिक दल, ठूला नेताहरू पनि छन् । तर काठमाडौं महानगर पालिकाका मेयर बालेन्द्र शाह, धरान उपमहानगरका मेयर हर्क साम्पाङ र धनगढी उपमहानगरका मेयर गोपाल हमालले नेपालीहरूप्रति धेरै आशा र विश्वास रहेको छ । बालेन, हर्क र गोपालको सामु अन्य दल र नेताहरू सबै फिक्का देखिएका छन् ।

आजभोलि दलहरू र तिनका नेताभन्दा बालेन, हर्क र गोपालहरू विशेष चर्चामा रहेका छन् । एउटा सामान्य स्थानीय सरकार प्रमुखहरू जो दलहरूको सहयोग र समर्थनविनै आज चुनाव जितेर आमनेपालीको आकर्षण बढ्दै जानुले दलीय राजनीतिप्रतिको विकर्षण रहेको स्पष्ट बुझ्न सकिन्छ । आजभोलि जताततै उनीहरूकै सकारात्मक चर्चा छ । संघीय सरकारको असहयोगका बाबजुद पनि बालेन, हर्क र गोपालहरूले हरेक दिनजस्तो केही न केही नयाँ काम गरेर देखाएका छन् । काममा विश्वास राख्नेहरूले अरूले के भन्छन् भन्ने चिन्ता गर्दैनन् बरू आफूले के गर्नुपर्ने हो । आफ्नो नगरको प्राथमिकता के हो भन्नेमा जनताको प्रतिनिधिको हैसियतले बढी चिन्तित देखिन्छन् । त्यहीं चिन्ताले सार्वजनिक चासोको विषयलाई सम्बोधन गर्दैछन्, बालेन, हर्क र गोपाल । बालेनले मेयरको जिम्मेवारी सम्हालिरहँदा काठमाडौं शहर फोहरले अस्तव्यस्त थियो । जताततै फोहरका थुप्राहरूले गर्दा काठमाडौं दुर्गन्धमय थियो । तर अहिले केही हदसम्म फोहोरको समस्या समाधान भएको छ ।

सिंहदरबारले सहयोग गरेन भनेर बालेनले एकपटक पाठ पढाउन भनेर निकै दिन सिंहदरबारको फोहोर नै उठाएनन् । मेयर बालेनले आफ्नो ध्यान सडक वा सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाएका घर टहराहरू भत्काउने अभियान चलाए । यसमा बोलनले जनताको व्यापक साथ र समर्थन पाए ।

मेयर बालेनले नदी र नदी सभ्यतालाई मानव अतिक्रमणबाट बचाउन भनेर बाग्मती किनारको सुकुम्बासी बस्ती हटाउने प्रयत्न गरे तर उनी यसमा सफल हुन सकेनन् । मेयर बालेनले टुकुचा खोतलेर निकाले । तर यसमा अदालतले बालेनलाई साथ दिएन ।

शिक्षाको क्षेत्रमा पनि बालेनले सकारात्मक काम गरेका छन् । छात्रवृत्ति वितरणमा महानगरपालिकाको हस्तक्षेप र निष्पक्ष वितरणले धेरै विद्यार्थीहरूले लाभ लिन सफल भएका छन् ।

स्वास्थ्य क्षेत्रमा पनि महानगरले केही जनपक्षीय निर्णय गरेको छ ।

रोजगारीको क्षेत्रमा नयाँ रोजगार सिर्जना गर्न रोजगारीका लागि सीप तालिम दिने र केहीलाई रोजगारी पनि दिने काम पनि महानगरले गर्दै आएको छ ।

उता धरानका मेयर हर्कले धराने जनताको खानेपानीको समस्यालाई उच्च-प्राथमिकतामा राखे । झण्डै ४२ किलोमिटर टाढाबाट पानी ल्याएर आफ्ना नागरिकलाई खानेपानीको व्यवस्था गरे । जुन एउटा उदाहरणीय काम हो । मेयर हर्कले आफूले जिम्मेवारी सम्हालेयताको सबैभन्दा ठूलो उपलब्धि नै श्रम अभियान र त्यसमार्फत् धरानमा उपलब्ध खानेपानी भएको बताउँदै आएका छन् । हर्कले धरानमा श्रम अभियान र अर्को लागुऔषधविरोधी अभियान पनि सँगसँगै अगाडि बढाएका छन् ।



अर्का धनगढी उपमहानगरका मेयर गोपाल हमाल निर्वाचित भएको केहि समयमा नै सिंगो देशकै ध्यान आफूतर्फ तान्न सफल भए । मेयर हमालले धनगढी उपमहानगरको रुप बदल्ने गरी काम गरिरहेका भन्दै देशभरि नै उनको प्रशंसा भयो ।

उनी साहसी मेयरका रुपमा पनि चिनिन थालेका छन् । अतिक्रमण मात्रै होइन सार्वजनिक प्रयोगका पूर्वाधार निर्माणका लागि उनको तदारुकताले वाहवाही पाइरहेको छ । यसरी मेयर बालेन, हर्क र गोपालले उहारणीय काम गरेर अन्य नगर, गाउँपालिका, वडालाई एउटा पाठ सिकाएका छन् ।

## नजर ८४ तर्फ

यतिबेला धेरै नेपालीहरूको ध्यान अब हुने २०८४ को आमनिर्वाचनतिर गएको छ । दलहरुप्रतिको वितृणाका कारण कतिपयले पूर्व राजा ज्ञानेन्द्र साह राजनीतिमा प्रत्यक्ष आइदिए हुन्थ्यो भन्ने गरेका छन् भने कतिपयले बालेन साहले दल खोलिदिए हुन्थ्यो भन्नेहरूको पनि कमी छैन । जनताहरु बालेनको नेतृत्वमा हर्क साङ्पाङ र गोपाल हमाल जस्ता स्वतन्त्र मेयरहरू एकै ठाउँमा भएको हेर्न चाहेका छन् ।

उसो त मेयर हर्क साम्पाङले नयाँ राजनीतिक शक्ति गठन हुन सक्ने आशयहरु पनि दिँदै आएका छन् । केही महिनाअघि काठमाडौंमा मेयर बालेनसँग भेट गरेपछि मेयर साम्पाङले पार्टी खोल्ने तयारीमा लागेको संकेत दिएका थिए ।

भेटपछि साम्पाङले फेसबुकमा तस्बिर राख्दै लेखेका थिए, 'जित हुन्छ क्रान्तिको शंकै नमान ! हामी झन् विशाल बन्छौं धन्दै नमान !' यसपछि साम्पाङले अर्को स्टाटस लेखे, 'हतार नगर्नू नयाँ शक्ति निर्माण हुनेछ ।'
















# बालेनको क्रेज



मुकुन्द लामिछाने

गैरदलीय उम्मेदवार बनेर देशकै राजधानी शहर काठमाडौं महानगरको मेयर जितेपछि बालेन शाहको क्रेज समकालीन नेताहरु सबैभन्दा बढी देखिन्छ । अझ उनले लिएको अडान र निर्णयले संघीयता कार्यान्वयनमा देखिनेगरी बल पुगिरहेको छ ।

र्‍याप स्टार, इन्जिनियर हुँदै स्वतन्त्रबाट निर्वाचित युवा मेयर । आफ्नो जीवनकालको छोटो अबधिमै काठमाडौं महानगरका मेयर बालेन साहले प्राप्त गरेका उपलब्धीहरु हुन् । विशेषगरि युवाहरुमाझ लोकप्रिय रहेको र्‍याप विधामा भिजेका बालेन पेशाका हिसाबले इन्जिनियरिङ क्षेत्रमा काम गरिरहेका थिए । त्यतिबेलासम्म उनी आम मानिस माझ परिचित अनुहार थिएनन् । २०७९ बैशाखको स्थानीय चुनावका लागि काठमाडौं महानगरको मेयर पदमा स्वतन्त्र उम्मेदवारी दिएपछि भने उनीबारे विस्तारै चर्चा हुन थाल्यो । आफ्ना चुनावी प्रतिवद्धताहरुलाई आकर्षक शैलीमा बताउन मतदातका घर-घरमा पुगेपछि उनीबारेको चर्चा बाक्लिएको थियो ।

आफूले पाएको चुनाव चिन्ह लौरोको गित-संगित जोडेर प्रचार गरे । अर्कोतिर चुनावअघि नै आफूले पाउने मतको अंक तोकिदिए । आफ्नो शैली, पहिरणदेखि चुनावी एजेन्डासम्मले उनी युवालाई आर्कषित गर्न सफल भए । अनि ती युवाहरुले नै उनको पक्षमा माहोला बनाइदिए । देश र विदेशमा रहेका युवाहरुले आफ्ना घर परिवारका सदस्यलाई बालेनलाई नै चुन्न 'कन्भिन्स' गरे । त्यसकै तागतले आफ्ना बलिया प्रतिष्पर्धीमाथि सजिलै बिजयी भए ।

बालेन राजनीतिमा अकस्मात उदाएको जस्तो देखिए पनि आफूले पहिलेदेखि नै त्यसको तयारी गरेको उनले बताउने गरेका छन् । उनले २०७४ कै स्थानीय चुनावताका फेसबुकमा आफू उम्मेदवार नभएका कारण यसपाली भोट नहालेको र अर्को पटक आफैंलाई भोट दिने र देशको विकास गर्ने लेखेका थिए । त्यति बेलादेखि नै आफूले महानगरको मेयरको पदका लागि सूक्ष्म रुपमा तयारी थालिसकेको उनले मिडियाहरुमा दिएका अन्तर्वार्ताहरुमा बताउने गरेका छन् ।

चुनाव चुलिएको बालेन क्रेज निर्वाचित भएको दुई वर्ष पुग्नै लाग्दा पनि उस्तै देखिन्छ । यसअघिका जतिसुकै लोकप्रिय जनप्रतिनिधि भए पनि निर्वाचित भएपछि त्यो विस्तारै खस्कदै जान्थ्यो ।

बरु बालेनका पक्षमा सर्मथकहरु बढ्दै गएको जस्तो देखिन्छ । अहिले युवाहरुमाझ मात्रै नभएर पाका पुस्तामा पनि बालेनप्रतिको क्रेज बढ्दै गएको देखिन्छ । देशभित्र मात्रै नभएर देश बाहिर पनि उनको चर्चा विस्तार भएको छ ।

विश्वको चर्चित अखवार न्यूर्योक टाइम्स अखबारमा बालेन फिचर भए । सम्भवत उनी पहिलो जनप्रतिनिधि हुन जसका बारेमा विश्व चर्चित अखबारले चर्चा गर्दै स्टोरी लेख्यो । त्यस्तै अर्को चर्चित टाइम म्यागेजिनले पनि उनलाई '२०२३ टाइम १०० नेक्स्ट' सूचीमा समावेश गर्दै उनीबारे चर्चा गरेको थियो ।



निर्वाचित भएयता बालेनले चालेका केही कदमले पनि उनको चर्चा बढाएको छ । उनले सार्वजनिक सडक मिचेर बनाएका संरचना भत्काउने, पार्किङका लागि छुट्याइएको बहुतले भवनका बेसमेन्टमा राखिएका पसल हटाउने, खोला मिचेर बनेका संरचना हटाउने, सहरी सौन्दर्यकरण बढाउने लगायतका काम अघि बढाएका छन् । यसअघिका धेरै जनप्रतिनिधिले नदेखाएको आँट देखाएको भन्दै उनको काममा धेरैले प्रशंसा गरेका छन् ।

तर निर्वाचित भएको दुई वर्ष पुग्नै लाग्दा उनी आफैंले गरेका केही चुनावी प्रतिवद्धतामा भने ठोस कदम चाल्न सकेका छैनन् । सबैको पहुँचमा पुग्नेगरि सार्वजनिक शौचालय बनाउने, महानगरभित्र सतप्रतिशत विद्युतीय सवारी चलाउने, फोहोरको वर्गिकरण गरेर व्यवस्थापन गर्ने जस्ता उनका चुनावी प्रतिवद्धता थिए ।

बालेनले रेस्टुरेन्टमा सार्वजनिक शौचालय बनाउने अभियान चलाए पनि त्यो खासै सफल भने भएन । महानगर आफैंले पनि खासै सार्वजनिक सौचालय निर्माण गरेको देखिदैन । फोहोर व्यवस्थापनमा पनि बालेनले खासै उल्लेखनीय काम गर्न सकेका छैनन् । फोरलाई घरमै जैविक र अजैविक गरि वर्गिकरण गर्न महानगरले सूचना निकालेको भए पनि त्यसलाई लागू गराउन भने सकेको छैन् । त्यस्तै प्रविधि प्रयोग गरेर काठमाडौं नजिक फाहोर नष्ट गर्ने भनेको भए पनि त्यसमा काम भएको देखिदैन । यी विषयमा बाँकी रहेको तीन वर्षको कार्यकालमा उनले कस्तो काम गर्छन, त्यसमा भने मौका उनलाई मौका दिन सकिन्छ ।

बालेनले प्रशंसा मात्रै पाएका छैनन् । उनले शैलीलाई लिएर आलोचना समेत हुने गरेको छ । विशेष गरि पुटपाथका व्यापारीप्रीत उनले देखाएको कठोर व्यवहारको आलोचना भएको थियो । त्यस्तै विभिन्न माग राखि आन्दोलित हुनेहरुलाई खुल्ला मञ्च र शान्तिबाटिकामा बस्न नदिएर उनले आन्दोलनकारीको आवाज बन्द गर्न खोजेको टिप्पणी हुने गरेको छ ।

सिंहदरबारमा आगो लगाउने जस्ता अधिव्यक्ति दिँदै उनले संघीय सरकारसँग पटक-पटक भिडिरहेका छन् । अरुका कुरा नसुन्ने उनको बानी छ । एउटा जनप्रतिधि भएको हुनाले सबैको आवाज सुन्ने दायित्व हुने भन्दै उनको आलोचना गरेको छ । यस्ता विषयलाई सच्याएर अघि बढ्नसके भावि राजनीतिमा उनको राम्रो भविष्य भएकोमा कुनै शंका छैन । त्यो किनभने, उनले अहिलेसम्म पनि आफूले कमाएको राजनीतिक पुँजी नराम्ररी बिग्रन दिएका छैनन् ।






# खाद्य संकट टार्न कृषिमा अनुदान



निष्णु थिङ

> वास्तविक किसानहरु सहुलियतपूर्ण कर्जाको सुविधाबाट बञ्चित त हुनु परेकै छ भने हाम्रो देशमा कृषि कर्मका लागि बचेखुचेका जाँगर चलाउनेहरुको उत्साह पनि मर्दै गएको छ ।

केही महिना अगाडिसम्म बजारमा प्याजको मूल्य छोइ नसक्नु थियो । किलोकै दुई सय रुपियाँ । चीनबाट नआएसम्म यहाँ भारतीय प्याजको चर्को मूल्य तिर्न पर्‍यो । विश्व खाद्य संकटको कारणले अहिले विभिन्न मुलुकहरुले कृषि खाद्यान्न आफ्नै नागरिकका लागि भण्डारण गरेर राख्ने नीति लिन थालेका छन् । रुस र युक्रेनको युद्ध र इजरायल र हमासको युद्धले गर्दा पनि विश्व खाद्य संकट झन चुलिने देखिन्छ । भारतजस्तो विश्वकै सबैभन्दा बढी जनसंख्या भएको मुलुकले त झन कृषि खाद्यान्न निर्यातमा कडाइ गर्न शुरु गरिसकेको छ । आफ्ना छिमेकीहरुलाई दिइदै आएको खाद्यान्न बन्द गर्न थालेको छ । नेपालको युवा जनशक्तिको व्यापक पलायन र गाउँका जमिनहरु बाँझिने समस्याले गर्दा खाद्य संकटको भूमरीले भविष्यमा नेपाललाई झनै गाँज्ने देखिन्छ ।

यस्तै समस्यालाई लक्षित गर्दै सरकारले 'सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५' नीति तर्जुमा गरेको थियो । यो कार्यविधिले विभिन्न शीर्षकका कर्जाहरुका लागि पाँच प्रतिशत ब्यान अनुदान दिने व्यवस्था गरेको छ । सो कार्यविधिको प्रस्तावनामा, 'कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवम् रोजगारी अभिवृद्धि गर्ने' उद्धेश्यले सहुलियतपूर्ण कृषि कर्जा दिने उल्लेख छ । यसको दुरुपयोग जसको पहुँच र शक्ति छ, उनैले गरेको हो । यसरी यो ब्याज अनुदानको व्यापक दुरुपयोगको प्रसङ्ग उठेसँगै सरकारले यसपालि २०८०/०८१ को नीति तथा कार्यक्रममा यस नीतिको समीक्षा गर्ने उल्लेख गरेको थियो ।

### कसले दुरुपयोग गरे ?

यो सहुलियतपूर्ण कर्जा कार्यविधि, २०७५ सरकारले लागू गर्नको लागि क्रियाशील बैंक तथा वित्तीय संस्थाहरुमार्फत पूर्ण भरोसा गरेर कार्यान्वयन गर्न थालेको थियो । पहुँचवाला र पैसावालाहरुले डमी कृषि संस्था वा फार्महरु तयार पारेर यसको चरम दुरुपयोग गरेको देखिन्छ । अर्काको फार्मको तस्बिर खिचेर बनाएको नक्कली कागजात पेश गरी धमाधम यो सहुलियतको कर्जा दिन थाल्यो । यो सहुलियतपूर्ण कर्जा प्रवाह बैंकका कर्मचारीहरुका मिलोमतो वा लेनदेनविना हुनै सक्दैन । अहिले मधेशमा मिटरब्याजसम्बन्धी बग्रेल्ती समस्या देखिनुमा यही अनुदान कर्जाको पनि देन छ ।



यस्तो कर्जा परिचालन गर्न पूर्व नै उनीहरुले ऋणीसित डिल गरेको हुन्छ, जोसित डिल हुन्छ, उनलाई मात्रै यस्तो सुविधाको कर्जा प्रवाह गरेको देखिन्छ । जो वास्तविक किसान, उद्यमीले यस्तो सहुलियतपूर्ण कर्जाको उपयोग गर्ने मौका खासै पाएका छैनन् । केही खराब कर्मचारीहरुका कारणले यो सहुलियतपूर्ण कर्जा नीति बद्नाम भएको छ । यस्तो परिस्थितिको ख्याल राख्दै सरकारले यो आ.व.को बजेटमार्फत यसलाई पुनरावलोकन गर्ने जनाउने नाममा ब्याज अनुदान भुक्तानी नगर्ने, थप लगानी नगर्ने र अलमल भइरहदा यसबाट लाखौं उद्यमी र किसानहरु पीडित हुन बाध्य भएका छन् ।

यतिबेला हाम्रो देशले खाद्य सामग्री आपूर्ति आयातमार्फत गर्दै आएको छ । कृषि खाद्य सामग्री आयातमा राज्य र नागरिकको अर्बौं खर्च भइरहेको छ । भारतलगायत विभिन्न देशहरुले खाद्य सामग्रीहरु क्रमिकरुपमा निर्यात गर्न बन्द गरेसँगै हाम्रो चुनौतीहरु वृद्धि हुदैछन् । भोकमरीको समस्या देखा पर्ने संभावनालाई नकार्न सकिदैन ।

सरकारको यस्तै कृषिविरोधी नीति र व्यवहारले गर्दा कृषकहरु आजित भएका छन् । यो दशैंतिहार र छठमा हामीले देख्यौं, एक किलो चिनीको लागि दिनभरि लाइन बसेर प्रतिकिलो दुई सयका दरले किन्न पर्‍यो । हाम्रो देश लामो समयदेखि कृषिप्रधान भनिदै आएपनि कृषिकर्ममा लागेकाहरुको हालत भने सालिन्दा बिग्रदो छ । जो जसले कृषि आफै जोखिम मोलेर गरेका छन्, तिनलाई प्रोत्साहन गर्न सरकारको नीति र व्यवहार कृषिमैत्री छैन । जसले आफै लगानी जुटाएर खेतीकिसानी गरेका छन्, तिनलाई भरथेग वा जोगाउन सरकारको कुनै कार्यक्रम छैन ।

किसानको आफ्नै बलबुतामा उत्पादन भएपछि त्यसको बजार व्यवस्थापनको लागि सरकारले केही गर्दैन । भारतबाट ह्वारह्वारती सामान छिर्न दिएर नेपाली किसानलाई टाट पल्टाउन भूमिका खेल्छन् तर आफ्नो किसान र स्वदेशी उत्पादनलाई माया गर्दैन । सरकार त केवल कर उठाउने बस्ने । तीन तहको सरकारलाई कर बुझाउँदा बुझाउँदै किसानको हुर्मतै लिइन्छ । किसानमाथि कर थोपर्ने र सो करको जथाभावी अनुत्पादक क्षेत्रमा खर्च गर्न मात्रै जानेका छन् ।

वास्तविक किसानलाई कागज मिलाउने हैरानीले गर्दा प्रक्रियामै जान चाहदैनन् । बल्ल बल्ल कागजपत्र जुटायो, तैपनि यो सहुलियत उपयोग गर्न दिइदैन । ब्याज अनुदान दुरुपयोग गरेको सवालमा सरकारले अनुगमन, निरीक्षण र अनुसन्धान गरेको सुनिन्छ । तर अहिलेसम्म कोही कारवाहीमा परेको सुन्न र थाहा पाउन सकेको छैन । वास्तवमा सहुलियतपूर्ण कर्जाको दुरुपयोग बैंकका कर्मचारीबाटै गर्भधान भएको हो ।

वास्तविक किसानहरु सहुलियतपूर्ण कर्जाको सुविधाबाट वञ्चित त हुनु परेकै छन् भने हाम्रो देशमा कृषि कर्मको लागि बचेखुचेका जाँगर चलाउनेहरुका उत्साह पनि मर्दै गएको छ । यसको प्रत्यक्ष नकारात्मक असर कूल गार्हस्थ उत्पादनमा परेको छ । कृषि उत्पादन न्यून हुदै जादा अन्य देशबाट आयात गर्नै पर्ने बाध्यतामा हामी पुगेका छौं ।

यस्तै व्यवहारले त भविष्यमा बढ्दो खाद्य संकट र छिमेकीले खाद्य निर्यातमा प्रतिबन्ध लगाउदै जादा नेपालीहरु अनिकाल र भोकमरीको शिकार बन्ने खतरा रहनेछ । सरकारले भविष्यमा आउन सक्ने खाद्य सकंटलाई सम्बोधन गर्न आजैदेखि कृषिमैत्री नीति र व्यवहार तर्जुमा गर्नै पर्छ । त्यसको लागि 'कृषि र कृषकलाई सम्मान गरौ ! सबल अर्थतन्त्र निर्माण गरौं !' भन्ने अभियानलाई आत्मसाथ गर्नै पर्छ । अहिलेलाई सरकारले एकसाथै तीनवटा काम गर्न आवश्यक छ । पहिलो, सहुलियतपूर्ण कर्जाको दुरुपयोगबारे द्रुत गतिमा अनुसन्धान गर्ने, दोस्रो, दोषीलाई कारवाही गर्ने र तेस्रो, वास्तविक किसानलाई सहुलियतपूर्ण कर्जा प्रवाह गर्न जरुरी छ ।


















# सहुलियतपूर्ण कर्जाले रोजगारी वृद्धि



डा. दिबाकर बशिष्ठ

> नयाँ नेतृत्वले साधारण सभाले सिर्जना गरेको राप र ताप सेलाउनु अघि नै समस्या समाधानको पहलकदमी बढाउनुपर्ने बुद्धिमानी हुनेछ ।

एउटा उखान छ- 'सफल हुनका लागि व्यवहारमा बच्चा, काममा जवान र अनुभवमा पाको हुन जरुरी छ।' तसर्थ यो कर्जाको वारेमा ग्राहकलाई जानकारी दिँदा बच्चालाई जस्तै अति सामान्य कुराको समेत व्याख्या जरुरी छ। काम गर्ने कर्मचारीले अर्थात बैंकले छिटो छरितो र सबैकुराको अध्ययन गरेर कर्जा कसलाई गयो ? यो अशुल हुन सक्ला कि नसक्ला ? लगायत ख्याल गरिनुपर्छ। जवानले जस्तै परिपक्कता देखाएर कर्जा प्रवाह गर्न जरुरी छ । बैंकिङ क्षेत्रका कर्मचारी पनि कर्जाको बारेमा अध्ययन गरी व्यावसायिक हुन जरुरी छ। तब मात्र यससम्बन्धी नीतिले कार्यान्वयनले गति लिनेछ र लक्षित वर्ग पनि लाभान्वित हुनेछ र सरकारको वित्तिय नीति कार्यान्वयनमा पनि सघाउ पुग्दछ । तर हामीले यो कर्जा प्रवाहले रोजगारीमा कति प्रतिसत योगदान गरेको होला भन्ने सम्म को अनुसन्धान गर्न कतै चुकेका त छैनौं भन्नेतर्फ सजगता अपनाउन जरुरी छ अनि मात्र यसको महत्व बुझ्न सकिन्छ ।

व्याजअनुदान पाउने सहुलियतपूर्ण कर्जा बाहेक पनि देशमा रोजगारीको र कृषि क्षेत्रको विकासको लागी विपन्न वर्गमा वार्षिक कूल कर्जाको ५ प्रतिशत लगानी गर्नुपर्ने, कृषिकर्जामा १० प्रतिशतसम्म क्रमिक रुपमा लगानी गर्नुपर्ने, हाइड्रो र पर्यटनमा ५/५ प्रतिशत गरी निर्देशित कर्जामा कूल कर्जा लगानीको २५ प्रतिशत प्रवाह गर्नुपर्ने अन्यथा तोकिएको टार्गेट पुऱ्याउन सकेन भने नेपाल राष्ट्र बैंकलाई पेनाल्टी तिर्नु विगतको प्रावधान समेत यथावत छ ।

सहुलियतपूर्ण कर्जा भनेको कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रर्वधन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न दिइने कर्जा हो । विदेशवाट फर्केका युवा र शिक्षित वेरोजगार युवालाई मुलुक भित्र रोजगार दिनको लागी, विदेशवाट फर्केका युवाले विदेशमा आर्जन गरेको सिप र व्यवसायिक क्षमता र दक्षतालाई उपयोग गर्न प्रोत्साहन दिइ उनहिरुमा उघमशिलताको विकास गर्न, आर्थिक रुपमा विपन्न सिमान्तकृत समुदाय तथा लक्षितवर्गका विद्यार्थीहरुलाई उच्च व्यावसायिक तथा प्राविधिक शिक्षा अध्ययनका लागि र भूकम्प पीडितहरुको नीजि आवास निर्माणका लागी बैंक तथा वित्तिय संस्थाहरुले प्रवाह गर्ने कर्जामा नेपाल सरकारवाट व्याज अनुदान सुविधा उपलव्ध हुने गरी प्रवाह हुने कर्जा लाई सहुलियतपूर्ण कर्जा भन्ने गरिन्छ । यस कर्जा निर्देशिकाको प्रस्तावनामा जति सहज शव्दहरु राखिएको छ सो अनुरुप कार्यान्वयन प्रभावकारी रुपमा हुने हो भने देशमा कृषि क्षेत्र, औधागिक क्षेत्र, साना तथा घरेलु उधोगको विकास लगायतले देशमा प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीको सिर्जना हुन सक्ने देखिन्छ। हालको बेरोजगारी दरमा समेत कमी आई युवाको विदेश पलायन केही हदमा नियन्त्रणमा आउने कुरामा कसैको विमति नरहला ।

स्वदेशमा रोजगारको अभावले आज विदेशमा कामको खोजिमा जानेहरुको लर्को लागेको छ । त्यस्तै वैदेशिक रोजगारमा गएका मानिस अलपत्र पर्ने, काम नपाउने, संझौता वमोजिमको काम नपाउनु, श्रमशोषणमा पर्ने, यौनदुर्व्यवहार, आर्थिक शोषण, रोजगारीको क्रममा ज्यान गुमाउने आदि पछिल्लो समय बढ्दै गएको देखिन्छ । तसर्थ रोजगारीको वैकल्पिक उपाय खोज्न ढिला भै सकेको छ । वैकल्पिक उपायको रुपमा सहुलियतपूर्ण कर्जाको सदुपयोग हुन सकेमा मात्र पनि अर्थतन्त्र धरासायि नभइ दीर्घकालीनरुपमा दिगो आर्थिक विकास हुने देखिन्छ । यसको लागि सहुलियतपूर्ण कर्जाको माध्यमवाट सीपयुक्त जनशक्तिको विकास गर्ने, औधोगिक, कृषि, पर्यटन र जलस्रोत को विकास गरी स्वदेशमा नै रोजगारी सिर्जना गर्ने, उद्धमशिलताको विकास गर्ने, अन्तर्राष्ट्रिय वजार सुहाउँदो श्रम शक्तिको विकास गर्ने, व्यवसायिक तालिमलाई जोड दिने, सिमान्तकृत वर्गको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा पहुच वढाउने, महिलालाई आत्मनिर्भर वनाउन बैंकहरुले निकासि जन्य उधोग र कृषि क्षेत्रमा लगानी वृद्धि गर्ने, आन्तरिक उत्पादन बढाइ निर्यात वढाउने, भौगोलिक वनावट अनुरुपको विकास नीति बनाइ स्वेदशमा नै योग्यता र दक्षताको आधारमा रोजगारी दिलाई युवा पलायन लगायत ब्रेन ड्रेनको समस्या हल गर्नु पर्दछ त्यस्तै नेपालको उत्पादकत्व घट्दै गएको, विदेशि संस्कृतीको प्रभाव बढ्दै गएको, स्वदेशमा रहेका आश्रित परिवारको काम गर्ने जांगर र जोसमा ह्रास देखिएको, पारिवारिक सम्बन्ध विच्छेद र कलह बढ्दै गएको, घडेरी कारोवारमा वृद्धि भइ शहर केन्द्रित हुँदा ग्रामिण अर्थतन्त्र कमजोर भएको, शोधनान्तर स्थितिमा बाह्य प्रभाव बढेको लगायतको कारण सबैको मानसपटलमा नेपालको समग्र अर्थव्यवस्था कमजोर भएको हुँदा सहुलियतपूर्ण कर्जा रोजगारी अभिवृद्धि कोशेढुंगा भएको हुँदा यसको कार्यान्वयनमा ढिला गर्नु हुँदैन । तर एक अध्ययनका अनुसार पछिल्लो समय यसको कार्यान्वयनमा शिथिलता देखिएको छ ।




सरकारको वित्तिय नीतिको कार्यान्वयन गर्ने हेतु नीति मात्र वनाउनु भन्दा यसको कार्यान्वयन र अनुगमन एवम् सुपरीवेक्षणलाई वढाउन सकेको खण्डमा यस संवन्धि कर्जाको वक्यौता प्रतिवर्ष बढी रहेको छ, त्यही पनि यसमा सुधार आउने छ। हाल यस्ता कर्जाको कार्यान्वयन पनि प्रभावकारी रुपमा गर्न बैंकिङ क्षेत्र त्यति अभिप्रेरित देखिँदैन । बैंकिङ क्षेत्रलाई सहुलियत पूर्णकर्जा लगायत विपन्न वर्ग लक्षित कर्जा प्रवाहमा सरकारी तवरवाट अभिप्रेरित गर्न ढिला गर्नु हुँदैन ।

यस्तो प्रकृतिको निर्देशित कर्जा लगानी गर्दा कर्जाको रिकभरी दर निकै कमजोर भएको भन्ने भनाइ यदाकदा सुन्ने गरिन्छ। यसको सफल कार्यान्वयनको लागी अर्थमन्त्रालय नेपाल राष्ट्रबैंक, जस्ता अनुगमनकारी निकायले क्षेत्रलाई विश्वासमा लिन जरुरी देखिन्छ। कागजी निर्देशन र नीतिले मात्र कुनै पनि उदेश्य प्राप्त गर्न सकिँदैन । यस्ता खालका कर्जा प्रकिया पुराएर जादा पनि कर्जा पाइँदैन भन्नेहरुको एकातर्फ गुनासो छ भने अर्को तर्फ प्रक्रियागत झन्झटले गर्दा कर्जा लिन सकिएन भन्नेहरुको पनि कमी छैन ।

नेपाल राष्ट्र बैंकका अनुसार २०८० कात्तिक मसान्तमा १ लाख ४१ हजार ३ सय ६९ ऋणीलाई प्रवाह भएको रु.१८४ अर्ब ५१ करोड सहुलियतपूर्ण कर्जा बक्यौता रहेको छ । यसमध्येकृषि तथा पशुपंक्षी व्यवसाय कर्जाअन्तर्गत ५८ हजार ४३ ऋणीलाई प्रवाह भएको रु.१२८ अर्ब ५५ करोड कर्जा बक्यौता रहेको छ भने महिला उद्यमशील कर्जा अन्तर्गत ८० हजार ७ सय ७६ महिला उद्यमीलाई प्रवाह भएको रु.५३ अर्ब २० करोड कर्जा बक्यौता रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ५ सय ५० ऋणीको रु.२ अर्ब ७६ करोड कर्जा बक्यौता रहेको हुँदा यो किन समयमा अशुल हुन सकेन भन्ने तर्फ आवस्यक अनुसन्धान हुन जरुरी छ । एक त हाल अन्तराष्ट्रिय एवं राष्ट्रिय आर्थिक मन्दि, कोभिडको असर लगायत ले भाखा नाघेको कर्जा दिनहु वढिरहेको छ यस्तो अवस्थामा वक्यौता थपिदै जांदा क्षेत्र सजग भई अशुली दर कमजोर भएका क्षेत्रतर्फको कर्जा प्रवाहमा अभिप्रेरीत नहुनुलाई स्वभाविक मान्नु पर्दछ भन्नेहरुको कमी छैन ।

सहुलियतपूर्ण कर्जा प्राप्त गर्नको लागी नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी तथा लघुवित्त वित्तीय संस्थामा निवेदन दिनु पर्दछ । यस कर्जा संवन्धि एकीकृत कार्यविधि, २०७५ समेत कार्यान्वयनमा आएको यस कार्यविधीको अनुसुचि १ अनुसारको व्यवसायकको लागी यो सहुलियत उपलव्ध हुने व्यवस्था छ जसमा व्यवसायिक कृषि तथा पशुपंन्छि कर्जा, शिक्षित युवा स्वरोजगार कर्जा, वैदेशिक रोजगारवाट फर्केका युवा स्वरोजगार कर्जा, महिला उधमशिलता कर्जा, कृषि व्यवसाय, उधोग व्यावसायकर्जा, सेवा व्यवसायक कर्जा र उद्योग व्यवसाय कर्जा अन्गर्तत विभिन्न शिर्षक तथा उपशिर्षकमा कर्जा पाउने व्यवस्था रहेको देखिन्छ । व्यवसायिक कृषि तथा पशुपंक्षि कर्जामा ऋण स्वरुप रु ५ करोड प्राप्त गर्न सकिने, शिक्षित युवा स्वरोजगार कर्जा ७ लाख पाउन सकिने, विदेशवाट फर्केका युवा स्वरोजगार कर्जा रु १० लाख सम्म, महिला उधमशिलता कर्जा रु १५ लाख सम्म, दलित समुदाय व्यावसायिक कर्जा रु १० लाख सम्म, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा ५ लाख र भूकम्प पीडितहरुको नीजि आवास कर्जा रु ३ लाख सम्म को व्यवस्था रहेको छ। यो कर्जा प्राप्त गर्न विभिन्न शर्तहरु तोकिएको छ जुन पुरा गर्न हम्मे हम्मे देखिन्छ। यो कर्जा एक वैकल्पिक उपाय हो जसले अर्थतन्त्र धरासायि नभई दिर्धकालिन रुपमा दिगो आर्थिक विकास हुने देखिन्छ ।सहुलियतपूर्ण कर्जाले अर्थव्यवस्थाका सवै क्षेत्र र समुदाय समेटेको र व्याजदरपनि सस्तो, सामुहिक जमानीमा पनि सिमित ऋण पाइने, शैक्षिक प्रमाणपत्रको समेत प्रयोगमा ऋण पाइने जस्ता महत्वपूर्ण प्रावधान भएको हुंदा यो रोजगारी अभिवृद्धिको कोशेढुंगा हो भन्नुमा अत्युक्ति नहोला ।

*(लेखक बैंक तथा वित्तीय संस्थाका विज्ञ हुन् ।)*















# किन महत्वपूर्ण छ इतिहास लेखन ?



डा. उद्धव पुरी

> लोकतन्त्र सामाजिक न्याय र नागरिक सर्वोच्चताको पक्षमा सधैंभरि वकालत गर्न, राज्यद्वारा नागरिकका लागि ग्यारेन्टी गरिएका हक अधिकारको व्यवहारिक कार्यान्वयनको पक्षमा पहलकदमी गर्दै आवश्यक परेमा दबाब दिन नागरिक शक्ति अझ शक्त हुनुपर्ने छ ।

नेपाली जनमानसमा स्थापित इतिहास सम्बन्धीकको धारणा परिवर्तन गर्न नसकेसम्म नेपालको इतिहास, इतिहास प्रतिको वास्तविकता र महत्व अझै कमजोर बन्दै जाने देखिन्छ । कमजोर इतिहास बन्नु र बनाउनु भनेको राष्ट्रलाई असफल बनाउन उद्यत हुनु हो । राजनैतिक नेताहरुको अकर्मन्यता, देशलाई पहिचान बिहीन बनाउन खोज्ने विदेशी लगानीको स्वर्थ र राष्ट्रिय अध्ययन अनुसन्धान बिनाको इतिहास लेखनमा लिप्त चाकडीवाज वा केही धुपौरे इतिहासकारहरुको बाहुल्यता रहुनजेलसम्म नेपालको इतिहासको दायरा र परिभाषा अर्थहीन नै रहिरहने छ ।

आफू र आफ्नो पहिचान चिन्न र चिनाउन जसलाई नयाँ ढंगले सोच्ने, लेख्ने र त्यसलाई प्राथमिकतामा राख्ने नयाँ वर्ग क्रमश बढ्नु पर्ने पनि देखिन्छ । अन्यथा आगामी केही वर्षमा हामीले हाम्रो इतिहासकै इतिहास लेख्न बिदेशीलाई गुहार्न पर्नेछ र त्यो इतिहास उनीहरुको आवश्वक्ता अनुसार तयार हुनेछ । जसलाई हामीले अकल्पनीय रुपमा हाम्रो इतिहास भनी पढ्नु पर्ने छ । हामी र हामी जस्ता बाचिरह्यौं भने मन दुखाउन पर्ने छ र आफूले गर्न नसकेकोमा जलन भित्र पिरोलिनु बाहेक केही बाँकी रहँदैन ।

नेपाली इतिहास लेखनको इतिहास के हो ?

नेपालको पौराणिक र प्राचीन इतिहास भनेको सनातन र बौद्ध धर्म हो । तिनका बिभिन्न ग्रन्थहरुले नेपालको भूगोल, संस्कृति, सामाजिक परम्परा, आर्थिक अवस्था र राजनैतिक अवस्थालाई उजागर गरेका छन् । जसका अनेकौ प्रमाणका रुपमा भग्नावश्वक र सम्पदाहरु अझै जीवित छन् । भारतवर्षका केही भूभागमा बिदेशीहरु अझ भनौं अग्रेजहरुको दवदवाह सुरु भएपछि उनीहरुलाई नेपालको पनि चासो बढ्यो र आफ्नै व्यापारिक र धार्मिक स्वर्थमा नेपालको वास्तविकताको पहिचान भन्दा पनि अनुकूल परिवर्तनका लागि पृष्ठभूमि तयार पार्न थाले । उनीहरुको अध्ययनको त्यो पाटो हाम्रो इतिहासको वास्तविकता हैन । त्यसमा आफू अनुकूल कसरी लान सकिन्छ भन्ने नेपालको अध्ययन र अनुसन्धानमा केन्द्रित रह्यो । उनीहरु नेपालको इतिहासको पृष्ठभूमिका विषयमा हैन वर्तमालाई कसरी परिवर्तन गर्न सकिन्छ र कालन्तरमा यहाँको पहिचान र एकतालाई छिन्नभिन्न बनाएर हामी कसरी आर्थिक र राजनैतिक रुपमा स्थापित हुनसक्दछौं भन्ने चासोमै लागे । त्यसैमा निर्देशित लगानीमा उनीहरुले खोज्न र लेख्न थाले । नेपालको आधुनिक काल सुरुभएपछि वा पृथ्वीनारायण शाह पछिको यो क्रम राणाकालसम्म ज्यादै नै रह्यो । ककप्याट्रिक देखिको यो खोजीको इतिहास राणा शासन अन्त्य पछि शाहकालको सुरुवातका समयसम्म चलिरह्यो ।



जहाँ पहिचान र गौरवको खोजी हैन थप विभाजन र बिगतलाई बिबादित बनाउनु पर्छ भन्ने मान्यतामा परिवर्तन गासिदिइएको छ । त्यसैले नेपाली धर्म, संस्कृति र सामाजिक आर्थिक जग भत्काउनु र बिगतलाई शून्यमा पुऱ्याउन धेरै शिक्षित वर्गलाई तलवी खेताला बनाइएको छ । उनीहरु भ्रम फैलाउन र इतिहास प्रति घृणा उत्पन्न गराउन इतिहासलाई काल्पनिक र मिथ्या सावित गर्न उद्यत छन् । के उनीहरुका यस्ता क्षणिकताको रमाइलोले उनीहरुकै आगामी पूर्खालाई पनि नेपाल बिनाको नेपाली बनाउदैन र ?

**इतिहास के हो र कसले लेख्ने ?**

इतिहास बिगत हो । यो ब्रम्हाण्डको साझा बिषय हो । भौगोलिक बिभाजनले यसलाई सिमाङ्कन गरिदिएको छ । त्यसैलाई हामी आफ्नो भन्छौं । जहाँ बिगतदेखिको मानवसँग जोडिएका धर्म, संस्कृति, परम्परा आदि हुन्छन् । उनीहरुसँगै जोडिएको भूगोल र भौगोलिकता, आर्थिक स्रोत आर्थिकता, जीव र वनस्पति, स्वस्थ्य र वातावरण, मानवीय विकास र विनास, दैवीय बिपत्ति र उत्थान आदि इतिहास हुन्छन् । जसको बेग्ला बेग्लै बिगत र नियमित परिवर्तन बन्दै बनाउदै आएको हुन्छ । जुन आजको मानिससम्मको लागि इतिहास र पहिचान हो ।

सफल इतिहासकारको काम राम्रो र नराम्रो भन्ने खोट्याउने भन्दा पनि विगतको अध्ययनलाई रुचिकर बनाउदै चाख बढाउनु सक्नु नै हुन्छ । इतिहासलाई वर्तमानको उपलब्धिसँग जोडेर आगामी मार्गको लक्ष तय गर्ने काम अर्को पक्षको हो ।

इतिहास कसले पढाउने र पढ्ने ?

नेपालमा इतिहास पढ्ने र पढाउने तरिका नै गलत बन्दै आएको । यो व्यक्ति विशेष भन्दा नि राष्ट्रिय नीति र योजनाको दोष हो । प्रथमत शिक्षा क्षेत्रमा विषयगत विज्ञभन्दा नयाँ शिक्षा प्रणाली मानिने जुन नेपाली स्रोत र साधन अनुकूल बेगरका प्रमाणपत्रधारीहरुको बाहुल्यता छ । इतिहास त उनीहरुका लागि कुनै विषयका रुपमा नै पर्दैन । यसको विकासको लगानी बिदेशीहरुबाट त्यही अनुकूल भएको छ । सम्बन्धित मन्त्रालयहरुमा इतिहासका विज्ञ र अनुसन्धानकर्ताहरु बिक्दैनन् ।

यो क्रम बहुदलीय व्यवस्था र गणतन्त्रसम्म आइपुग्दा शिक्षक र विद्यार्थी समुहगत वर्गीकरणमा बिभाजित भएका छन् । ठीक बेठिक त्यसैको आधारमा हेरिन्छ । बहुमत उनीहरुकै छ । वृति विकासका लागि सम्बन्धित कार्यालयमा एक धोक्रो सामाग्री पेश भएपनि बजारमा ती सामाग्री कतै भेटिदैनन् ।

विद्यार्थीहरुमा पनि पूर्व अध्ययन अनि नियमितता नहुँदा र विषयगत रुचिका कम हुँदा समान सिकाईको तह देखिदैन । पढ्ने, पढाउने र विज्ञ बन्ने गुण र क्षमतामा भन्दा पनि सख्यामा खोजिदा र त्यसलाई मपदण्ड बनाउदा इतिहास गौरवको विषय बन्न सकेको छैन । त्यसैले पढ्नेमात्र हैन पढाउने र पढाउनेमात्र हैन पढ्नेको लक्ष्य पनि राष्ट्रिय र राष्ट्रियतालाई शीर मान्ने हुनु पर्दछ ।



















# कामदारको लागत निर्धारणका सवालहरु



रेशमराज पौडेल

तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा राज्यमन्त्री टेकबहादुर गुरूङले फ्रि भिसा फ्रि टिकटको निर्णय लिएदेखि नै कामदारको लागतबारेको विषय फरक-फरक समयमा फरक-फरक शैलीमा छलफलको केन्द्रमा छ ।




चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा करिब साढे तीन लाख युवायुवती श्रम स्वीकृति लिएर वैदेशिक रोजगारका लागि विदेशिएका छन् । वैदेशिक रोजगार विभागका अनुसार चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा अवधिमा ३ लाख ४३ हजार ४ सय ११ जनाको श्रम स्वीकृति भएको छ । नेपाली कामदारका परम्परागत श्रम गन्तव्य मुलुकहरूमा आर्थिक मन्दी, प्राकृतिक प्रकोप वा राजनीतिक उथलपुथल नभएको अवस्थामा चालु आर्थिक वर्षको अन्त्यसम्म ७ लाखभन्दा बढी नेपाली वैदेशिक रोजगारी जाने छन् । जुन अघिल्लो आर्थिक वर्षमा वैदेशिक रोजगारीमा गएका नेपालीको हाराहारीको आँकडा हो । मुलुकमा आन्तरिक रोजगारी सिर्जना हुने लक्षण नदेखिएको अवस्थामा आगामी आर्थिक वर्षमा पनि न्यूनतम रूपमा वार्षिक सात लाखभन्दा बढी नेपाली रोजगारीको खोजीमा विदेशिनुपर्ने बाध्यता यथावत छ ।

वर्षेनि वैदेशिक रोजगारीमा जाने नेपालीको संख्यामा कमी नआउने, तर उनीहरू रोजगारीमा जोडिने प्रक्रियाका लाग्ने खर्चको आधिकारिक रूपमा स्पष्टता नहुँदा आगामी वर्षहरूमा पनि कामदारको लागत सहित शोषणको प्रश्न अनुत्तरित नै रहने देखिएको छ। नेपालका वैदेशिक रोजगार व्यवसायीहरूको छातासंस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न वैदेशिक रोजगारको लागत निर्धारणका लागि सरकारमाथि निरन्तर दवाव दिइरहेको छ । तर त्यसमा सरकारले आँटका साथ कुनै निर्णय लिन सकिरहेको छैन ।

संघले वैदेशिक रोजगारलाई मर्यादित गराउन कामदारलाई बास्तबिक लागत खर्चमा पठाउन 'खर्च शीर्षक' निर्धारण गरी व्यवसायीको सेवा शुल्क परिमार्जन गरेर कामदारलाई बास्तबिक लागत खर्चमा पठाउने ग्यारेन्टी गर्न सकिने अडान राख्दै आएको छ । रोजगारदाताबाट व्यवसायीको निर्धारित लागत खर्च प्राप्त भएमा कामदारबाट कुनै शुल्क नलिने तर रोजगारदाता कम्पनीले लागतखर्च नदिएको खण्डमा व्यवसायीले कामदारबाट सेवा शुल्क लिनुपर्ने र कामदारले निर्धारित खर्च व्यहोर्ने व्यवस्था भए मात्र लागत खर्च पारदर्शी भई वैदेशिक रोजगारका क्षेत्रमाथि सामाजिक तथा राजनीतिक पक्षबाट उठ्ने र उठीरहेकम प्रश्नहरूको निराकरण हुने संघको निरन्तर भनाइ रहँदै आएको छ ।

संघका अनुसार वैदेशिक रोजगार प्रक्रियामा एकजना कामदारको अभिमुखीकरण तालिम वापत ७ सय, राहदानी बापत ५ हजार, यातायात खर्च ९ हजार, भिसा शुल्क ७ हजार, सामाजिक सुरक्षा कोषबापत २३ सय ५०, कल्याणकारी कोष बापत १५ सय, इन्स्योरेन्स बापत औषतमा ४ हजार र सेवा शुल्क कामदारले मलेसिया र खाडीमा पाउने न्यूनतम १ महिनाको तलब करिब ४५ हजार रुपैयाँ, हवाई टिकट अनुमानित ४० हजार, विज्ञापन खर्च एक हजार र फोटो २ सय ५० गरी न्यूनतम १ लाख ३२ हजार ७ सय खर्च हुने आंकलन छ । तत्कालीन श्रम रोजगार तथा सामाजिक सुरक्षा राज्यमन्त्री टेकबहादुर गुरूङले फ्रि भिसा फ्रि टिकटको निर्णय लिएदेखि नै कामदारको लागतबारे विषय फरक-फरक समयमा फरक-फरक शैलीमा छलफलको केन्द्रमा छ । सरकार परिवर्तनसँगै मन्त्रालयमा आउने मन्त्रीले यो समस्याको समाधान खोजे पनि ठोस प्रगति देखिएको छैन ।

पछिल्लोपटक श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले कामदारको लागत खर्च निर्धारणका विषयमा आफूलाई नेपालका निजी क्षेत्रका व्यवसायीका निकट उभ्याएका छन् । सार्वजनिक कार्यक्रम नै मन्त्री भण्डारीले अन्तर्राष्ट्रिय श्रम बजारमा रहेका नेपाली कामदारका धेरै प्रतिश्पर्धी रहेको धारणा राख्दै स्रोत मुलुकले फ्रि भिसा फ्रि टिकट हुँदैन भनेको अवस्थामा नेपाल एक्लैले ग्यारेन्टी गर्न नसक्ने अवस्थामा नेपालले आफ्नो निर्णयमा पुनर्विचार गर्न ढिलाइ गरिरहेको टिप्पणी गरेका छन् ।

राजनीतिक मात्रै नभएर प्रशासनिक क्षेत्रबाट समेत श्रम गन्तव्य मुलुकबाट फ्रि भिसा, फ्रि टिकट अन्तरगत सबै मागपत्र नआउन सक्ने विषयमा कन्भिन्स भएको देखिन्छ । श्रम मन्त्रालयका सचिव केवल प्रसाद भण्डारी पनि मन्त्री भण्डारीले जस्तै धारणा राखेका छन् । एक सार्वजनिक कार्यक्रममा उनले भनेका छन्, 'अन्तर्राष्ट्रिय रूपमा कम्पनीहरूले पारदर्शी भर्ना प्रक्रियाअनुसार कामदार माग गर्छन् । तर सबै माग फ्रि भिसा, फ्रि टिकटका हुँदैनन् । कतै हवाई टिकट दिएको हुन्छ । कतै हुँदैन ।'

नेपालको अर्थतन्त्र चलायमान बनाउन विप्रेषणको प्रमुख भूमिका रहेको छ । देशको अर्थतन्त्रको कूल ग्राहस्थ्य उत्पादनमा करिब ३० प्रतिशतभन्दा बढीको योगदान विप्रेषणको छ । विप्रेषणको उपभोग नेपालका करिब ६० प्रतिशत घरधुरीहरुले गरेका छन् । गत आर्थिक वर्ष २०७९-०८० मा मात्रै १२ खर्बभन्दा बढीको रेमिट्यान्स संस्थागत माध्यमबाट भित्रिएको छ ।

नेपालको बैदेशिक रोजगारीको इतिहास निकै पुरानो हो । तर नेपालमा माओवादी सशस्त्र द्वन्द्व शुरुवातसँगै वैदेशिक रोजगारमा जानेको सख्या ह्वात्तै बढ्यो । चुनौती त्यसयता बढेका हुन् । हालसम्म श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएको तथ्यांक हेर्ने हो भने करिब ५० लाख देखिन्छ, तर पछिल्लो जनगणनाको तथ्यांक अनुसार भारत बाहेक करिब ३० लाख नेपाली श्रमिकहरु वैदेशिक रोजगारीमा काम गरिरहेको देखिन्छ । वैदेशिक रोजगारीबाट नेपालमा विप्रेषण भित्रिएसँगै विदेश गएका नेपालीहरूको ज्ञान, सीपमा वृद्धि हुनुका साथै जीवनशैली, सभ्यता र व्यवहारमा समेत परिवर्तन भएको छ ।

विदेशको आर्जनले गाउँ बस्तीहरुका झुपडीहरूको परिवर्तित स्वरुप देखिनुका साथै व्यापकरुपमा भौतिक सुधार भइरहेको छ । विदेशमा सिकेको सीप र रकम उपयोग गरी स्वदेशमै आयमूलक व्यवसाय गर्ने संस्कृतिको विकास पनि भएको छ । समग्रमा विदेशमा गएकाहरूमा आर्थिक सवलीकरण बृद्धि हुँदै गएको पाइन्छ । त्यसैले मुलुकको अर्थतन्त्रको प्रमुख आधारको रूपमा रहेको वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन निजी क्षेत्रबाट करीब एक दशक अघिदेखि उठ्दै आएको कामदारको लागतको परिभाषा र सोही परिभाषामा आधारित भएर सेवा शुल्क निर्धारण भएमा वैदेशिक रोजगारका क्षेत्रमा रहेको आर्थिक शोषणको विद्यमान असन्तुष्टिमा कमी आइ नेपालले अन्तर्राष्ट्रिय स्तरमा जनाएको प्रतिवद्धता अनुसार वैदेशिक रोजगारको क्षेत्रमा सुधारको अपेक्षा गर्न सकिन्छ ।









# गजबको विमर्श



नारायण अर्याल

> अहिलेसम्मका छलफललाई हेर्दा कतै विधेयक राजनीतिक नेतृत्वमा भएको अकर्मण्यता, असक्षमता र स्वार्थ समूहको गलत नियतको शिकार त बन्दैन भन्ने देखिएको छ ।

यतिबेला विद्यालय शिक्षा विधेयक, २०८० माथि संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलको क्रममा छ । संघीय सरकारले अगाडि बढाएको सो विधेयकमा समितिले सरोकारवाला धेरै क्षेत्रसँग छलफल गर्ने काम गर्‍यो साथै, उपसमिति निर्माण गरेर समेत सुझाव लिएको छ ।

तर अहिलेसम्म समितिले नेपालको विद्यालय स्तरको शिक्षाको मोडेल कस्तो हुने बन्ने विषयमा सुस्पष्ट विचार निर्माण गर्न सकेको छैन । जसले गर्दा विधेयक संसदमा निर्णायक रुपमा अगाडि बढ्न सकेको छैन । अहिलेसम्मका छलफललाई हेर्दा कतै विधेयक राजनीतिक नेतृत्वमा भएको अकर्मण्यता, असक्षमता र स्वार्थ समूहको गलत नियतको शिकार त बन्दैन भन्ने देखिएको छ ।

संविधानले कक्षा १२ सम्मको शिक्षालाई पूर्ण निःशुल्क शिक्षाको रुपमा स्वीकार गरेको छ । तर, स्वार्थ समूह निर्देशित केही राजनीतिक व्यक्तिहरु र निजी क्षेत्र विद्यमान शैक्षिक व्यापारको अवस्थालाई कायम नै राखेर अगाडि बढ्नको लागि विभिन्न दबाबहरु सिर्जना गरिरहेका छन् ।

नेपालको शैक्षिक आन्दोलको एउटा महत्वपूर्ण विषय सँधै नै शैक्षिक निजीकरणको अन्त्यको प्रश्न बन्दै आएको सबैका सामु छल्लङ्ग छ । यद्यपी सो आन्दोलन यतिबेला केही मत्थर भएजस्तो भने देखिएको छ । के नेपालको विद्यालय तहको शिक्षा प्रणालीलाई वर्तमान अवस्थामा नै राखेर मुलुक फेरि शान्त र सौम्य भएर अगाडि बढ्न सक्छ ? शिक्षा विधेयकमाथि छलफल गर्नेहरुले यो प्रश्नलाई गम्भीरतापूर्वक लिन जरुरी छ ।

विश्वमा उदारवादी तथा पुँजीवादी वा मिश्रित चरित्रको व्यवस्था अंगालेका मुलुकहरु पनि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विषयमा दीगो नैसर्गिक अधिकारको मोडेल र समानताको मोडेललाई अख्तियार गरेर अगाडि बढीरहेका छन् । हामीले शिक्षा क्षेत्रको सञ्चालनको विषयमा विश्वको वर्तमान विकसित अनुभवबाट शिक्षा लिएर उन्नत शैक्षिक प्रणाली निर्माण गर्ने अवसर प्राप्त गरेको सन्दर्भमा निजी व्यापारी र पूर्ण सरकारी स्वामित्व जस्तो दुई ध्रुवीय विषयमा अल्झिएर बहस गरिरहेका छौं । जुन आँफैमा लाजयोग्य छ ।

नेपालमा उदारवादी लोकतन्त्रको वकालत गरिरहेका व्यक्तिहरुले पनि आजको दिनमा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा राज्यको दायित्व हो र निजी क्षेत्रको उपस्थिति अन्य क्षेत्रमा हुनुपर्छ भनेर वकालत गरिरहेका छन् । उनीहरुले नै राज्यले गल्ति गरेर निजी क्षेत्रलाई शिक्षा जस्तो संवेदनशील क्षेत्रमा प्रवेश गर्न दिइयो भनेर विचार अभिव्यक्त गर्ने गरेको सुन्न पाइन्छ ।

शिक्षालाई वर्ग निर्माण गर्ने क्षेत्रको रुपमा विकास नगर्ने हो भने विना पूर्वाग्रह यो बहस हुनुपर्छ की शिक्षा अब नाफा आर्जन गर्ने क्षेत्र हुन सक्दैन । बरु व्यवस्थापन र वौद्धिकताको साझेदारी निजी क्षेत्रले पनि गर्न सक्छ । हामीले शिक्षा क्षेत्रको व्यवस्थापको विषयमा विश्वका धेरै मुलुकको अभ्यासलाई हेर्न सक्छौं । सकारात्मक अभ्यासहरुबाट हामीले के सिक्न सक्छौं भने नेपालको विद्यालय शिक्षामा निजी क्षेत्रले पनि योगदान वा सहभागिता जनाउन सक्छ । तर त्यो व्यापारी अवधारणाबाट होइन, केवल राज्यसँग साझेदारी गर्ने अवधारणाबाट ।

जसको लागि देशका सम्पूर्ण विद्यालय सञ्चालनको मोडेल राज्यले निर्माण गर्छ, आवश्यक खर्च पनि राज्यले नै व्यवस्था गर्छ, संक्रमणकालीन समयमा राज्यले




प्रत्यक्ष वा अप्रत्यक्ष सञ्चालन खर्चको व्यवस्थापन गर्ने काम गर्छ तर, निजी क्षेत्रलाई भने व्यापार गर्न दिँदैन । तर, उनीहरुको वौद्धिकता र अनुभवको आधारमा विद्यालय सञ्चालन गर्न भने दिन सक्छ । जहाँ उनीहरुले शुल्क लिएर व्यवसाय गर्ने होइन राज्यले भौचर प्रणालीमा उनीहरुलाई विद्यार्थी र विद्यालय प्रदान गर्न सकिन्छ ।

विधेयकले निजी विद्यालयलाई स्वेच्छिक रुपमा गुठीमा जाने विकल्प दिएको छ । साथै, अहिले उदाउँदो नयाँ पार्टीले २० वर्षपछि गुठीमा जानसक्ने सवाललाई उठाएको देखिन्छ । जुन दुवै विषय समाधानको निम्ति सही विषय होइनन् । बरु सार्वजनिक र निजी सबै विद्यालयलाई एकमुष्ठ गुठीमा लैजाने विकल्प सही हुनसक्छ । तर, गुठीमा जाने २० वर्षे विकल्पमा बहस गर्नु भनेको हालको अवस्थालाई कायमै राखेर २० वर्षपछि फेरि सोही विषयमा छलफल गर्छु भन्ने जस्तै हो । जसले समस्याको समाधान होइन थप समस्या बढाउने जोखिम रहन्छ ।

त्यसैले, मुलुकमा स्थायीत्वको आधारको निम्ति गुणस्तरीय शैक्षिक क्षेत्रको निर्माणको निम्ति कानून निर्माण गर्ने हो भने निजी क्षेत्रको वौद्धिक एवं व्यवस्थापन सहभागिता पनि स्वीकार गर्न सकिने भौचर प्रणालीको मोडेलमा विद्यालय शिक्षा सञ्चालन गर्ने कानुनी प्रवन्धमा सबै मिलेर निष्कर्षमा पुग्नु अवको आवश्यकता हो । शैक्षिक क्षेत्रलाई विद्यमान अवस्थामा नै राख्ने हो भने आम मानिसले विगतको झैं पटक-पटकका आन्दोलन वा युद्धकै स्वरुपमा भोलि कुनै दिन शैक्षिक माफियाको विरुद्धमा मात्रै लड्ने दिन आउँदैन भन्न सकिँदैन । त्यतिबेला शैक्षिक क्षेत्रबाट आर्जित सम्पत्ति सुरक्षाको प्रश्न पनि स्वामित्वकर्ताले नपाउन सक्छन् । बेलैमा शिक्षा जस्तो नैसर्गिक क्षेत्रको दीगो व्यवस्थापनको पक्षमा कानून निर्माणमा सबैले हातेमालो गरौं ।













# फिल्मले पछ्याइरहेको दयाहाङ



अञ्जना कोइराला

> गाउँबाट लाहुर जान्छु भनेर हिँडेका दयाहाङ काठमाडौं आएपछि कवि बन्ने धुनमा थिए । तर रंगमञ्च हुँदै ठूलो पर्दामा आएका दयाहाङले आफ्नो क्रेज निरन्तर बढाउँदै सफल अभिनेताको परिचय बनाए ।

हरेक कलाकार आफ्नो करियर बनाउनका लागि फिल्म क्षेत्रलाई पछ्याउँदै आगामी यात्र तय गर्ने गर्छन् । तर पछिल्लो समय नेपाली फिल्म क्षेत्रले नै एउटा कलाकारलाई पछ्याउँदै आफ्नो आगामी यात्रा तय गरिरहेको भान हुन्छ । ती कलाकार हुन्- दायाहाङ राई । दर्शकको अपार माया र हिट फिल्मको श्रृंखला प्रस्तुत गरेका अभिनेता दयाहाङलाई यतिबेला नेपाली फिल्म क्षेत्रले पछ्याउनुको विकल्प नै छैन ।

हिरो भनेको खाइलाग्दो, अग्लो, ह्यान्डसम हुनुपर्छ भन्ने पुरातन मान्यतालाई मात खुवाउँदै उदाएका अभिनेता दयाहाङलाई फिल्म खेल्न भ्याइनभ्याइ हुने गरेको छ। फिल्म 'लुट'बाट एकाएक चर्चामा आएका उनलाई निर्माताहरु फिल्म खेलाउन मरिहत्ते गर्छन् । त्यसो त उनले 'लुट' अगाडि पनि पाँच वटा फिल्म खेलिसकेका थिए । तर उनी दर्शकको नजरमा भने फिल्म 'लुट'बाट परे ।

गाउँबाट लाहुर जान्छु भनेर हिँडेका दयाहाङ काठमाडौं आएपछि कवि बन्ने धुनमा थिए । तर रंगमञ्च हुँदै ठूलो पर्दामा आएका दयाहाङले आफ्नो क्रेज निरन्तर बढाउँदै सफल अभिनेताको परिचय बनाए । चकलेटी अभिनेताहरु बक्स अफिसमा संघर्ष गरिरहँदा दयाहाङले दर्शकलाई फिल्मको स्वाद नै फेरिदिएका छन् । सोही फिल्म 'लुट' पछि नै फिल्मप्रति दर्शकको स्वाद पनि फेरिएको हो । दयाहाङले गर्ने अभिनय, गेटअप र भूमिकाले सिंगो फिल्म क्षेत्रलाई नै सफल यात्रको सयर गराउन सक्ने अहिलेको अवस्थाले छर्लङ्ग भएको छ ।

नेपाली फिल्मको गिर्दो साखलाई जोगाउँदै आएका दयाहाङका प्रायः सबै फिल्मलाई दर्शकले साथ दिएका छन् । नेपाली फिल्ममा दर्शकको खडेरी लाग्नु अहिलेदेखिको समस्या होइन, तर अहिले जब दयाहाङको फिल्म रिलिज हुन्छ तब दर्शकको आँधी हलमा पुग्छ । दयाहाङको अभिनय रहेका फिल्महरु 'लुट', 'लुट २', 'कबड्डी'देखि 'कबड्डी ४', 'दुई नम्बरी', 'के घर के डेरा', 'जारी', 'फूलबार', 'बिहे पास', 'दिमाग खराब' सबै बक्सअफिसमा हिट सावित भइसकेका छन् ।

फिल्म सफल हुन कथा वा पटकथा उत्कृष्ट हुनुपर्छ । तय अहिलेको परिस्थितिलाई हेर्ने हो भने कथा वा पटकथा भन्दा पनि फिल्ममा दयाहाङ भए फिल्म बेजोड तरिकाले हिट हुन्छ । निर्देशकलाई पनि अहिले चलचित्रको कथा खासै नयाँ नभए पनि अभिनेतामा दयाहाङ भने अनिवार्य हुनुपर्छ भन्ने मानसिकता परिसकेको छ । निर्माताहरुको यही मानसिकताले पनि अहिले दयाहाङका फिल्म प्रदर्शनका लागि लाइन लागेर बसेका छन् ।

दयाहाङ अभिनित दुई फिल्म 'दयारानी' र 'हात्तीछाप' माघ २६ मा रिलिज भएका छन् भने 'रंगेली' फागुन २५ मा रिजिल भइसकेको छ । यस्तै उनका अन्य फिल्म 'डिग्री माइला' वैशाख १, 'मनसरा' वैशाख २१, 'गाउँ आएको बाटो' जेठ १८ र 'वरिष्ठ बलराम' तीजमा रिलिज हुँदैछन् । छायाँकन सम्पन्न भइसकेको 'राजागञ्ज'को प्रदर्शन मिति तय हुन बाँकी छ। छायाँकन हुन बाँकी उनका फिल्ममा 'भूठान', 'कार्साङ', 'रिमै', 'लोकल हिरो', 'दुःखी आत्मा', 'घरज्वाइँ'लगायत छन् ।

पछिल्लो समय दयाहाङ फिल्म खेल्न यति व्यस्त छन् कि उनका फिल्म नै एकआपसमा जुधिरहेका हुन्छन् । एकै मितिमा दयाहाङ अभिनित दुई फिल्म प्रदर्शनमा आउँदा पनि दुवै फिल्मको व्यापार सुखद देखिने गरेको छ । गत वैशाख १ गते प्रदर्शनमा आएका फिल्म 'जारी' र 'बिहे पास' उनै दयाहाङका फिल्म हुन् । तर दुवैले बक्सअफिसमा राम्रो व्यापार



गरे । यस्ते माघ २६ गतेबाट प्रदर्शनमा आएका फिल्म 'हात्तीछाप' र 'दयारानी' पनि दयाहाङकै फिल्म हुन् ।

दयाहाङको पछिल्लो क्रेजले नेपाली फिल्मलाई कालान्तरमा बेफाइदा त हुँदैन ? भन्ने प्रश्न पनि फिल्म पण्डितहरुको छ । किनकि निर्देशकहरुले एउटै कलाकारलाई मात्र केन्द्रित गरेर फिल्म बनाउने र उसैलाई मात्र खेलाउने गर्दा अरु कलाकारको मनोबल कमजोर हुने, अरु कलाकारले अवसर नपाउने, दर्शकलाई नीरसता मसुस हुनेलगायत धेरै विषयमा समस्या आउन सक्ने केही फिल्मकर्मीहरुको भनाइ रहेको छ । तर नेपाली फिल्म क्षेत्रलाई चलायमान बनाउन दयाहाङको भूमिका उल्लेखनीय रहेको कुरा भने कसैले नकार्न सक्दैनन् । आफ्नो अभिनय कौशल देखाएरै नेपाली फिल्म क्षेत्रमा अहिले एकछत्र राज गरेका दयाहाङको कलालाई सम्मान नगर्ने सायदै कोही होलान् ।

२०३७ वैशाख ९ गते भोजपुरको खावा गाउँमा जन्मिएका दयाहाङ १६ वर्षसम्म गाउँमै खेतीपाती र गाईवस्तु गोठालो गरेर हुर्किएका हुन् । गाउँमै आइए सकाएका दयाहाङले काठमाडौं आएपछि २ दर्जन बढी नेपाली फिल्म र १६ वटा नाटकमा अभिनय गरेका छन् । साथै उनले ६ वटा नाटक निर्देशन पनि गरेका छन् ।


















# समाजलाई छोएको सामाजिक न्याय



सुरेश भट्ट आश्रीन

सामाजिक न्यायको दायरा फराकिलो छ । यद्यपि लोकतन्त्र बिना सामाजिक न्याय सम्भव हुँदैन । समावेशी लोकतन्त्रमा आधारित शासन व्यवस्थाको माध्यमबाट सामाजिक न्याय प्रदान गर्ने विधि/प्रक्रिया एवम् उपायहरूबारे मार्गचित्र प्रस्तुत गर्न सकिन्छ ।

विद्यमान नेपाली समाज र राजनीतिक वृत्त बजारमा चर्चा-परिचर्चामा सामाजिक न्याय के हो ? भन्ने विषय चर्चामा आइरहन्छ। विभिन्न दार्शनिक र विद्वानहरूले सामाजिक न्यायलाई आ-आफ्नै किसिमले परिभाषित गरेका छन् । केही विद्वानहरू न्याय समाजले आविष्कार गरेको सत्यतामा आधारित सिद्धान्त, पद्धति र विषयको समग्रता मानक मान्दछन्, यो विवेकसंगत आधारमा एक व्यक्तिले अर्को व्याक्तिलाइ गर्ने व्यवहार हो भनेका छन् । रस्को पाउण्डले कानुनलाई साधन र न्यायलाई साध्यको रूपमा लिएका छन्, यसैगरी जोन रल्सले स्वच्छता नै न्याय हो भनेका छन् । प्लेटोले प्रत्येक मानिसले अर्काको कार्यमाथि हस्तक्षेप नगरी आफ्नो स्वभाव र गुणले उचित ठहर्याएको कार्य गर्नु न्याय हो जुन व्यक्ति र राज्य दुवैको सरोकारको विषय हो भनेका छन् । यसै गरी इमानुअल कान्टले समाजमा हरेक मानिसको आफ्नो गरिमा अस्तित्व हुन्छ, जस लाइ स्वीकार गरी उसको प्रतिभालाई विकास र लक्ष्य प्राप्तिमा अवसर दिइनुपर्छ, न्यायको लागि तमाम व्याक्तिलाइ समुचित वा बराबरको अवसर दिनु जरुरी छ भनेका छन् । यसकारण पनी सामाजिक न्यायको प्रश्न राजनीतिका लागि केन्द्रीय महत्त्वको चिज हो भने सामाजिक-सांस्कृतिक परम्परा एवं व्यवहारमा आजकल प्रत्यक्ष जोडिएको प्रश्न हो ।

न्याय समाजको ऐनाको रूपमा सबै जनताको अधिकार एवं कानुनको शासनको आधारशिला हो । सामाजिक न्याय दुइवटा शब्दहरूको सम्मिश्रणबाट बनेको छ । जसले समाजका सबै पक्षमा समान न्यायको वकालत गर्दछ, समाजका प्रत्येक नागरिकहरू प्रति सम्मान र मर्यादापूर्वक तथा विभेद रहित समान व्यवहार, सद्भाव एवं सहिष्णुता कायम गरी न्याय र नैतिकतामा आधारित पहुँचयोग्य समानताको प्रवर्द्धन गर्ने एवं विना भेदभाव स्रोतसाधन, लाभ र अवसरहरूको समान वितरण गर्ने तथा न्यायपूर्ण समाजको निर्माण गर्ने कुरामा जोड दिन्छ ।

सामाजिक न्याय लाभ नपाउनेका लागि लाभ, अवसर नपाउनेका लागि अवसर, संरक्षण विहीनहरूको लागि संरक्षण पाउने कुराहरूको एक शुखानुभुती हो । हाम्रो समाजमा विद्यमान रहेको असमानता हटाइ मानवता, समानता, स्वतन्त्रता, अर्थपूर्ण सहभागिता, अधिकारको प्राप्ति, सामाजिक-सांस्कृतिक न्याय, सम्पत्ति, स्रोतसाधन, सुविधा, अवसर र लाभको न्यायोचित वितरणमा समान हिस्सेदारी, अंशियारी एवं साझेदारी प्राप्त गर्ने अवधारणा सामाजिक न्याय हो । 'सामाजिक न्याय भनेको समाजमा सम्पत्ती, अवसर र सुविधाको लागि समान पहुँच हो ।'



देश, राजनीति र समाजभित्रका सीमान्तकृत, उत्पीडित, उपेक्षित, पिछडिएका वर्ग (लेस्बियन, गे, उभयलिंगी र ट्रान्सजेन्डर आदी) र समुदायले पछि पारेको/पारिएका दलित व्यक्ति वा समूहहरूलाई सबै प्रकारका सामाजिक लाभ, सम्मानजनक सामाजिक ब्याबहार, समान अवसर समान रूपमा प्रदान गर्ने तथा सामाजिक, राजनीतिक, आर्थिक विभेदहरूको अन्त्य गर्ने विषय नै सामाजिक न्याय हो । सामाजिक न्यायले व्यक्तिले समाज/समुदाय र राज्य प्रति निर्वाह गर्नुपर्ने नागरिक कर्तव्य एवं राज्यले नागरिकहरू प्रति गर्ने अभिवेदपूर्ण र न्यायोचित व्यवहारलाई समेत बुझाउँछ।

समावेशी राज्यको राष्ट्रिय विकासको मूलधारमा समाहित नभएका वर्गलाई कानुनद्वारा सुरक्षा र तिनको न्यायमा पहुँच पुऱ्याउनुपर्ने दायित्व हुन्छ । यसै सन्दर्भलाई लिएर नेपालको संविधान (२०७२) ले ३१ वटा मौलिक हकको प्रत्याभूति गरेको छ । सामाजिक न्यायले पछाडि परेका/पारिएका व्यक्ति वा समूहलाई संविधानले देहायका कुराहरू निर्दिष्ट गरेको छ ।

विश्वका अधिकांश उदारवादी लोकतन्त्रको अभ्यास गरेका देशहरूमा केही यस्ता महत्वपूर्ण अधिकार दिइन्छ जसमा समाजभित्रका प्रत्येक नागरिकका व्यक्तिगत जीवन, स्वतन्त्रता, सम्पत्तिको अधिकार जस्ता नागरिक अधिकार पर्दछन् । यसमा समाजका अन्य सदस्यका साथ समान अवसरका लागि उपभोग गर्ने सामाजिक अधिकार वा मताधिकार जस्तो राजनीतिक अधिकार समेत पर्दछ । यस्ता अधिकारले व्याक्तिलाइ शासन प्रक्रियामा भागीदार बनाउँछ । समान अधिकारको अलावा समकक्षीको साथ समान व्यवहार पनि जरुरी छ किनकि मानिसहरूको बिचमा जाती, वर्ग, नस्ल या लिङ्गको आधारमा भेदभाव नहोस् । समान कामको लागि समान पारिश्रमिक दिन जरुरी हुन्छ । समाजमा सबैको पहिचान, सम्मान र भूमिका स्थापित गर्ने, जातीय, भाषिक, लैङ्गिक आधारमा कुनै प्रकारको विभेद नगर्ने, राज्यबाट प्रदान गरिने सेवा, सुविधा, लाभहरूको वितरणमा कोही कसैप्रति विभेद नगरिने मान्यता हो यो ।

हामीमा समतामा आधारित न्याय पुर्नवितरणकारी न्यायः कतिपय सन्दर्भ एवं परिस्थितिमा समान अवसर एवं व्यवहारले मात्र वास्तविक न्याय दिन सक्दैन भन्ने एकथरिको बुझाई छ । असमान अवस्थाका मानिसहरूलाई समान अवसर दिँदा झन् असमानता बढ्छ भन्ने मान्यता हो, यो । समाजमा न्यून आयस्तर भएका, कम शिक्षित, जेष्ठ नागरिक, बालबालिका, किसान, मजदुर जस्ता कमजोर वर्गहरू पनि हुन्छन् त्यसैले समानतामा आधारित न्याय तब सम्भव हुन्छ जब सबै मानिस समान क्षमता, दक्षता, शारीरिक सबलता र पहुँचयुक्त हुन्छन् । कमजोर वर्ग एवं समुदायलाई सशक्तीकरण गर्ने, विशेष अवसर र अधिकार प्रदान गर्ने, सामाजिक सुरक्षाको प्रत्याभूति दिने कर्तव्यबाट राज्य च्युत हुनू हुँदैन ।

राज्यले विगतमा भएको सामाजिक-सांस्कृतिक विभेदका कारण उत्पीडन, शोषण, दमन र हिंसामा परेका वर्ग समुदायका मानिसहरूलाई त्यस्तो विभेद एवं शोषणबाट मुक्त गराउँदै अन्य मानिस सरह सारभूत समानताको प्रत्याभूति दिनु पर्दछ । मुक्त कमैया, कमलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्वासीहरूको पहिचान गरी बसोबासका लागि घर-घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारको व्यवस्था गर्दै पुनःस्थापना गर्ने, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसापीडित महिलालाई पुनःस्थापना गर्ने एवं दलित समुदाय माथिको छुवाछुत अन्त्य, छाउपडी, बोक्सी, झुमा जस्ता कुप्रथाको अन्त्य गरी समाजमा उनीहरूको सम्मान पूर्वक पुनर्स्थापना गर्ने काममा समाज चुकिरहेको छ ।

भौगोलिक अवस्था, सामाजिक संरचनाको बनावट, विशेष परिस्थितिबाट उत्पन्न सङ्कट आदिका कारणबाट पछि परेका वा पारिएका वर्ग, क्षेत्र वा समुदायका नागरिकहरूलाई विशेष संरक्षण गर्नु पर्दछ । मुख्यतः लोपोन्मुख, सीमान्तकृत, अल्पसङ्ख्यक, सङ्कटमा परेका, द्वन्द्वबाट प्रभावित एवं सहिद परिवारहरूलाई प्राथमिकतामा राखी संरक्षण गर्नु पर्दछ भन्ने मान्यता हो, यो ।

सामाजिक न्यायको दायरा फराकिलो छ । यद्यपि लोकतन्त्र विना सामाजिक न्याय सम्भव हुँदैन । समावेशी लोकतन्त्रमा आधारित शासन व्यवस्थाको माध्यमबाट सामाजिक न्याय प्रदान गर्ने विधि/प्रक्रिया एवं उपायहरूबारे मार्गचित्र प्रस्तुत गर्न सकिन्छ ।

नेपालको संविधानको प्रस्तावनामा सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्यव्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैगिंक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प रहेको छ ।






# किन बढ्दो छ बसाइँसराइ ?



गम्भीर बहादुर हाडा

> यतिबेला युरोप छिर्ने नाममा सयौं दलाल हजारौं युवाहरुको अर्बौं रूपैयाँ लुटेर फरार छन् । ती युवाहरु मानसिक तनाव बोकेर न्यायका लागि छटपटाइ रहेका छन् । उजुरी र गुनासाहरु यति छन् कि सुनिदिने र न्याय दिलाइदिने को ? अन्योल छ । आज पैसा, समय, पासपोर्ट र आफन्त र समाजको विश्वास गुमाएर कतिपय त डिप्रेसनसम्म पनि पुगेका छन् ।

मानिस गाउँबाट सहरबजारतिर र पहाडी, हिमाली भेगबाट तराईतिर अनि कहिले देशको सीमानालाई नाघेर अन्तर्राष्ट्रिय बसाइँसराइमा फड्को मार्न पुग्दछ। कामको लागि एक ठाउँ छोडेर अर्को ठाउँमा असुविधा र दुःख हुँदाहुँदै पनि मानिस जान्छन् । जस्तो नेपालका मानिस भारतको विभिन्न स्थानमा दर्वान, वोइटर, रक्षक हुन जान्छन् भने कैयौं भारतीय नेपालमा काम गर्न आउँछन् । यसो हुनु पनि रोजगार हो । त्यसैगरी बढी सुविधा प्राप्त गर्न कैयौं नेपाली कोरिया, अरब मुलुक जान्छन् जहाँ नेपालमा भन्दा बढी दुःख गर्नुपर्दछ। यसैकारण आयको आकार, सुविधाजस्ता धेरै कुराले रोजगारीलाई प्रभाव पारेको हुन्छ तापनि, जीवननिर्वाह गर्न मानिस रोजगारीमा लाग्नुपर्ने बाध्यता छ जसले गर्दा बसाइँसराइ हुन्छ । बसाइँसराइमा रोजगारीको प्रभावलाई हेर्दा नेपाली युवायुवती मलेसिया, कोरिया, अरब र युरोपियन मुलुकतिर जाने क्रम बढ्दो छ, देशमा योग्यताअनुसारको काम उपलब्धि नभएकाले यो अवस्था सिर्जना भएको हो । त्यसैले देशले रोजगारीका लागि नवीन योजना नबनाए युवाको विदेश पलायन बढ्न गई देश विकासमा समस्या आउन सक्छ । नेपालमा आन्तरिक बसाइँ सराइ धेरै पहिलेदेखि नै भएको पाइन्छ र विशेष गरी तराई क्षेत्रमा औलो उन्मूलन कार्यक्रमको साथै नेपाल सरकारबाट भूमिहीन व्यक्तिहरूका लागि तराई क्षेत्रमा पुनर्वास कार्यक्रम लागू गरेपछि हिमाली र पहाडी क्षेत्रका धेरै व्यक्तिहरू खेतीयोग्य जमिन र अन्य आधारभूत सुविधा भएको तराई क्षेत्रप्रति आकर्षित भई बसाइँ सराइ गर्न शुरु गरेको देखिन्छ ।

गरिबीको अवस्थामा रहेका वर्गको वास्तविक विवरण तयार गरी गरिबी र आय असमानता न्यूनीकरण गर्न गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण जस्ता विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन् । आर्थिक वर्ष २०७५/७६ को अन्त्यसम्ममा निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या १८.७ प्रतिशत रहेकोमा हालसम्म यस्तो जनसंख्या १५.१ प्रतिशत रहेको अनुमान छ । साथै, बहुआयामिक गरिबीमा रहेको जनसंख्या १७.४ प्रतिशत रहेको छ । प्रदेशगत रूपमा बहुआयामिक गरिबीमा उच्च विषमता रहेको देखिन्छ । प्रदेशगत जनसंख्यामध्ये बहुआयामिक गरिबी कर्णालीमा सबैभन्दा बढी ३९.५ प्रतिशत र बागमतीमा सबैभन्दा कम ७.० प्रतिशत रहेको छ। राष्ट्रिय जनगणना २०७८ को संक्षिप्त नतिजामा उल्लेख गरिएअनुसार राष्ट्रिय जनगणना २०७८ का अनुसार जम्मा १५ लाख ५५ हजार ९ सय ६१ परिवारहरुबाट २१ लाख ९० हजार ५ सय ९२ जना परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गर्छन् जसमध्ये पुरुष १७,९९,६७५ (८२.२ प्रतिशत) र महिला (३,९०,९१७ (१७.८ प्रतिशत) रहेका छन् । २०६८ को जनगणना अनुसार १९ लाख २१ हजार ४ सय ९४ जना व्यक्ति परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गरेका थिए । जनगणना अनुसार हाल अक्सर बसोबास गरिरहेको गाउँपालिका वा नगरपालिकाबाट अर्को स्थानमा कहिल्यै पनि बसोबास नगरेका व्यक्तिहरु ६८.० प्रतिशत छन् जसमध्ये पुरुष ७७.० प्रतिशत र महिला ५९.४ प्रतिशत रहेका छन् ।

कुल जनसंख्याको १०.८ प्रतिशत व्यक्तिहरुको यस अवधिको बसोबास सम्बन्धित जिल्लाको अर्को गाउँपालिका वा नगरपालिकामा १८.२ प्रतिशत जनसंख्याको अर्को जिल्लामा र ३.१ प्रतिशतको यस अघिको बसोबास विदेश रहेको छ। जनगणना अनुसार पछिल्लो पटक बसाइँ सरेको अवधिको आधारमा हेर्दा बसाइँ सरेका कुल ९३,४१,४०८ जना मध्ये सबैभन्दा बढी ३१.८ प्रतिशत व्यक्तिहरुको पछिल्लो पटक बसाइँ सरेको अवधि १०-२४ वर्ष रहेको छ भने सबैभन्दा कम ३.५ प्रतिशत व्यक्तिहरुको पछिल्लो पटक बसाइँ सरेको अवधि १ वर्ष भन्दा कम रहेको छ । २०८० साल पौष महिनामा केन्द्रीय तथ्यांक कार्यालयबाट प्रकाशित गरिएको प्रतिवेदनअनुसार 'ग्रामीण क्षेत्र'मा २ लाख ८३ हजार १ सय २ जना मानिस बस्छन्। यो शून्य दशमलव ९८ प्रतिशत हो । 'सहरोन्मुख क्षेत्र'मा ३९ दशमलव ७४ प्रतिशत अर्थात् १ करोड १४ लाख ९६ हजार ३ सय ७५ जना मानिस बस्छन् । यस प्रकार ग्रामीण र सहरोन्मुख क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको प्रतिशत ७२ दशमलव ९३ प्रतिशत रहेको छ। २०७८ सालको जनगणनाको नतिजानुसार नगरपालिकाभित्र १ हजार २ सय ८५ वडा सहरोन्मुख परिवेश रहेको क्षेत्रमा छन् ।

१ हजार २ सय ४४ वडा ग्रामीण क्षेत्रमा छन् । ५ सय ९१ वडा मात्र सहरी क्षेत्रमा रहेका छन् । यो प्रतिशतका हिसाबले क्रमशः ४६, २५ दशमलव ४ र २८ दशमलव ४ प्रतिशत हो। यसका आधारमा नगरपालिकालाई राजनीतिक रुपमा सहर भनिए पनि जनसङ्ख्याको ठूलो हिस्सा सहरोन्मुख वा ग्रामीण परिवेशमै रहेको कार्यालयको विश्लेषण छ।

उपमहानगरपालिकाभित्र ५३ प्रतिशत मात्र जनसङ्ख्या सहरमा र ३९ प्रतिशत जनसङ्ख्या सहरोन्मुख विशेषतामा रहेका पाइएको छ । महानगरपालिकाभित्र ८० दशमलव ७ प्रतिशत सहरी, १७ प्रतिशत जनसङ्ख्या सहरोन्मुख र २ दशमलव ३ प्रतिशत परिवेश ग्रामीण नै रहेको समेत अध्ययनले देखाएको छ । यस तुलनाबाट नगरपालिका भएपनि बसोबास क्षेत्रको मुख्य विशेषता अझै पनि सहरोन्मुख र ग्रामीण परिवेशमै रहेको देखाएको छ । सरकारले राजनीतिक रुपमा गाउँ भनेर तोकेका गाउँपालिकाभित्र १ सय ३९ वडा (५ दशमलव ९ प्रतिशत)मा भने सहर पर्छ । ६ सय ६४ वडा (३६ दशमलव १ प्रतिशत) क्षेत्र सहरोन्मुख र २ हजार ४ सय १२ वडा (५८ प्रतिशत)मा भने ग्रामीण जनसङ्ख्याको बसोबास रहेको छ । सहरी र सहरोन्मुख क्षेत्रको तुलनामा गाउँपालिकाभित्र वडाको संख्या धेरै (३ हजार ६ सय ८५) छ। यसमा कुल जनसङ्ख्याको ३३ प्रतिशत मात्रै जनसङ्ख्या रहेको देखिएको छ ।



### बसाइँसराइका प्रमुख कारणहरू

अवसरको खोजी, उच्च शिक्षाको व्यग्र चाहना बसाइँ सराइका प्रमुख कारणहरु हुन्।

रेल इन्जिन, हवाई इन्जिन, पानीजहाजको अन्वेषण र विकास, विश्वव्यापीकरण, उदारीकरण र लोकतान्त्रिकरणको विकास, सूचना प्रविधि र दूरसञ्चारको विकास, द्वन्द्व, प्रकोप र हिंसा, बैदेशिक सहायताको विस्तार र अन्तर्राष्ट्रिय कूटनीतिक सम्बन्धमा बिस्तार हुँदा बसाइँ सराइका लागि वातावरण बनेको छ । विकास र समृद्धि, विकसित एवं विकासोन्मुख देशहरुमा बढ्दो रोजगारी, आन्तरिक द्वन्द्व, संकट र प्रकोप, जनसंख्यामा बृद्धि, अन्तर्राष्ट्रिय संस्थाहरुसँगको आबद्धताको प्रलोभन पनि बसाइँ सराइका कारक हुन् ।

### बसाइँसराइका प्रभावहरू

आम्दानीमा वृद्धि, शिक्षामा वृद्धि र जीवनस्तरमा सुधार, शिक्षा र स्वास्थ्यमा पहुँच बढ्ने, सूचना र सञ्चारको विकासले सूचनामा पहुँच, अवसरको उपलब्धता र छनोटको अवसर बसाइँ सराइको प्रमुख प्रभावहरु हुन् ।

द्वन्द्व, प्रकोप र संकटबाट बचावट, पुँजी, प्रविधि र सीपको विस्तार, अन्तर ाष्ट्रिय सम्बन्ध विस्तार, सहायतामा बृद्धि र प्रभावकारिता छ । जनसांख्यिक संरचनामा गडबडी (बूढाबूढीमात्रै), युवा प्रतिभा पलायनलाई प्रश्रय, दक्ष जनशक्तिको कमी र विकासमा बाधा, उपभोग संस्कृतिमा बृद्धि, उत्पादनमा कमी, परनिर्भरता बढाउने, स्थानीय उत्पादन धराशायी, विकासमा परामर्शदाता हावी, स्थानीय सीप हतोत्साहित हुने, पुँजी पलायन, पश्चिमा संस्कृतिले स्थानीय पहिचानमा चुनौती, महँगो विकास, सहायता निर्भरता बढ्दो र विकृति भित्रिँदै आदि । वर्तमान पन्ध्रौं योजना २०७६-२०८१ मा ग्रामीण तथा शहरी विकास र जनसंख्या ब्यवस्थापन कार्यक्रम अन्तर्गत उत्पादनशील जनसाङ्खिक स्रोत, व्यवस्थित शहरीकरण मार्फत दिगो आर्थिक सामाजिक समृद्धि, आधुनिक आधारभूत मापदण्ड र पूर्वाधार सहितको ग्रामीण बस्ति विकास गर्ने सोच राखिएको छ। नीतिगत दृष्टिकोणले जनघनत्वको मापदण्डलाई परिभाषित गर्नु आवश्यक छ। राष्ट्रिय शहरी नीति, २०६४ मा शहरी जनघनत्व प्रति हेक्टर १० जना हुनु पर्ने उल्लेख गरिएको छ। हाल अवलम्बन गरिएको विश्वव्यापी मानक भने प्रति हेक्टर १५ जना रहेको छ । ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरण सम्बन्धी गहन बुझाइ र विस्तृत वर्गीकरणका लागि आवश्यक निर्णय लिन प्रत्येक स्थानीय तहका वडा स्तरसम्म ७ श्रेणीको तथ्याङ्क राख्नु उपयुक्त देखिन्छ ।

स्थानीय तहमा वडा तहको ग्रामीण/शहरी वर्गीकरणले जनप्रतिनिधि तथा निर्णयकर्तालाई अव्यवस्थित शहरीकरणलाई रोक्न, कृषियोग्य भूमिको संरक्षण र दिगो शहरी विकासलाई प्रवर्द्धन गर्नका लागि वर्गीकरणमा आधारित करका दर र भूउपयोग वर्गीकरणमा थप सहयोगसहित विकासको दृष्टिकोणलाई पुनःपरिभाषित गर्न मदत गर्नेछ । ग्रामीण तथा शहरी क्षेत्रको श्रेणीगत वर्गीकरणको नतिजाले बसाइँसराइका कारण तराई क्षेत्रमा बढ्दो जनसङ्ख्याको मात्रा र क्रम देखाउँछ जसको कारण आधारभूत पूर्वाधारको अभाव हुन पुग्दछ ।

तसर्थ, तराई क्षेत्रमा आवश्यक सेवा थप गर्न विकास नीतिहरूले लगानीलाई प्राथमिकता दिनुपर्छ । पहाडी क्षेत्रमा आवश्यक सामाजिक, भौतिक र आवश्यकता अनुसार आर्थिक पूर्वाधार थप वा स्तरोन्नति गरी ग्रामीण-शहरी सम्बन्ध मजबुत बनाई स्थापना तथा पहाडी एवम् हिमाली क्षेत्रबाट हुने व्यापक बसाइँसराई न्यूनीकरणमा नीतिहरूले ध्यान दिनु आवश्यक छ ।

हार्दिक
बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको
२१ औं वर्ष पूरा गरी २२ औं वर्षमा
प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछु ।

गिता भट्टराई
लोक गायिका

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पवन गोल्यान
अध्यक्ष
गोल्यान ग्रुप, परिवार



# एक्लो नेतालाई मुलुक हाँक्ने अवसर



शिव विक (मिलन)

**६ मुलुकले विगतको तितो अभ्यासबाट पाठ सिक्दै स्वतन्त्र सांसदको हैसियतमा प्रधानमन्त्री वा मुख्यमन्त्री बन्न सक्ने संवैधानिक व्यवस्था गरेको छ । जसको उपयोगले तत्काललाई राजनैतिक तथा संवैधानिक संकटबाट मुलुकलाई जोगाएको छ ।**

सरकार बनाउन जनमत चाहिन्छ, चुनावमा बहुमत ल्याउनुपर्छ। तर, विशिष्ट अवस्थामा कुनै व्यक्ति चुनाव जितेर स्वतन्त्र सांसदको हैसियतमा संसद् आउन सक्छन्। विशिष्ट अवस्थामा दलहरु सरकार बनाउन असफल हुन सक्छन्। त्यस्तो विशिष्ट अवस्थामा दल भएर पनि सरकार बनाउन नसक्ने एक्लो नेता वा स्वतन्त्र रुपमा निर्वाचित जनप्रतिनिधिले मुलुक हाक्ने अवसर प्राप्त गर्छन् ।

यस्तो विशिष्ट अवस्थाको परिकल्पना नेपालको संविधानले गरेको छ। जसको प्रयोग संविधान जारी भए यताको पहिलो कार्यकालमै संघीय सरकारमा भएको थियो भने दोस्रो कार्यकालमा कोशी प्रदेशमा भएको छ।

पहिलो कार्यकालमा झण्डै दुइ तिहाइ बहुमतका साथ तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले सरकार बनाएको थियो। तर नेकपा एकता भंग भएसँगै तत्कालीन नेकपा तीन वटा पार्टीमा विभाजित भए । सरकार बन्ने सबै प्रक्रिया सकिएर स्वतन्त्र सांसदको हैसियतमा शेरबहादुर देउवा प्रधानमन्त्री भए । यो अभ्यास नेपालमा पहिलो पटक भएको थियो भने नेपालको संविधानमा रहेको यो विशिष्ट व्यवस्था हो ।

नेपालको संविधानको धारा ७६ मा संघीय सरकार गठन सम्बन्धी व्यवस्था छ । जसअनुसार राष्ट्रपतिले प्रतिनिधि सभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुन्छ । प्रतिनिधिसभाका प्रत्यक्ष १६५ र समानुपातिक ११० सिट रहन्छ । प्रतिनिधिसभाको कूल दुई सय ७५ सिटमध्ये बहुमत ल्याउन १३८ सिट हुनुपर्छ । कुनै पनि दलको स्पष्ट बहुमत नरहेका अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधिसभाका सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ ।

प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा संविधानको धारा ७६ को उपधारा २ बमोजिम प्रधानमन्त्री नियुक्ति हुनसक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ । प्रधानमन्त्रीले नियुक्त भएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ ।

एकल बहुमत, दुई वा दुई भन्दा बढी दलको बहुमत र सबैभन्दा ठूलो दलको हैसियतमा बन्ने तीन चरणका सरकार बन्न नसकेमा वा त्यसरी बनेको सरकारले विश्वासको मत लिन नसके कुनै पनि प्रतिनिधि सभा सदस्यले स्वतन्त्र रुपमा सरकारको दाबी प्रस्तुत गर्न सक्ने व्यवस्था संविधानको धारा ७६(५) मा छ। यही व्यवस्था अनुसार शेबहादुर देउवाको नेतृत्वमा सरकार बनेको थियो ।

स्वतन्त्र रुपमा प्रतिनिधि सभा सदस्यले सरकार बनाउन आँट गरेपछि विश्वासको मतका लागि पर्यास गर्छन्। यो विशिष्ट अवस्थाको परिकल्पना गरेर राखिएको संवैधानिक व्यवस्थाको अभ्यास संघीय सरकारमा संविधान जारी भएपछिको पहिलो कार्यकालमा भयो भने दोस्रो कार्यकालमा कोशी प्रदेशमा भएको छ । संघमा जस्तै प्रदेशमा सरकार गठनको अन्तिम विकल्प संविधानको धारा १६८ को उपधारा ५ मा छ । जस अनुसार बनेको सरकारलाई विश्वासको मत दिनका लागि समेत सांसदहरु स्वतन्त्र हुन्छन्। यसको अभ्यास गर्दै केदार कार्की मुख्यमन्त्री बनेका छन् ।

४ मंसिर २०७९ मा चुनाव भएपछि आएको परिणाम अनुसार केन्द्र र प्रदेशका ६ वटा सरकार फेरिए । तर कोशी प्रदेशमा सत्ता समीकरणको खेल चलिरह्यो। त्यसक्रममा कोशी प्रदेशमा एक पछि अर्को सरकार बन्ने र ढल्ने प्रक्रियाका बीच प्रदेश सभाका कुनै सदस्यले बहुमत देखाएर सरकार बनाउने अवस्था आयो। संघमा गठबन्धन गरिरहेका दलहरुले माओवादी केन्द्रका नेताको नेतृत्वमा सरकार बनाउने निर्णय गरे। तर त्यो निर्णय वैधानिक हुने अवस्था थिएन । प्रदेश सभा सदस्यले स्वतन्त्र प्रदेश सभा सदस्यको हैसियतका सरकार बनाउन खोज्दा प्रदेश सभा सदस्यहरुलाई ह्वीप नलाग्ने संवैधानिक व्यवस्था छ ।

यस्तो सुविधाको प्रयोग कोशी प्रदेश सभा सदस्य केदार कार्कीले गरे । दलीय ह्वीप नलाग्ने विशिष्ट अवस्थाको सदुपयोग गर्दै उनले दलीय निर्णय मानेनन् र बुहमत सदस्यको हैसियतमा सरकार बनाउन दाबी गरे । माओवादीको नेतृत्वमा सरकार बनाउने संघीय सत्ता गठबन्धनको निर्णय लागू भएन । आफ्नो मातृ पार्टीले समेत उनलाई कारबाही गर्न सकेन । उल्टै कार्कीले सरकार बनाएरपछि गठबन्धनमा रहेका दलहरुले समर्थन जनाए । सामान्य अवस्थामा यस्तो परिकल्पना गरिँदैन । तर, कोशी प्रदेशमा विशिष्ट अवस्थामा बनेको सरकारले राजनीतिक दलहरु सबैको साथ पाएर अगाडि बढेको छ ।

चुनाव भएको एक वर्ष नपुग्दै मध्यावधिको अवस्थामा पुगेको विशिष्ट अवस्थाको राजनीतिक माहोललाई ट्र्याकमा ल्याउन केदार कार्की कस्सिए । पार्टीको निर्देशन नमानेर पनि उनले त्यसको अवसर सदुपयोग गरे । यो नेपालको संविधानले परिकल्पना गरेको विशिष्ट अवस्थाको विशिष्ट सरकार र यो पनि स्वतन्त्र रुपमा प्रदेशसभा सदस्यको हैसियतमा गरेको प्रयास हो । जसले मुलुकलाई तत्काललाई राजनैतिक संकटबाट जोगाउने काम गरेको छ ।



२१औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा प्रकाशित गर्दै आफ्नो २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सन्जु गुरुङ
द्वितीय उपाध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
प्रवन्ध निर्देशक तथा
अल करिम ह्युमेन रिसोर्सेस प्रा. लि. परिवार
चक्रपथ, काठमाडौं, फोन नं.: ०१-४५२१०५६, ४५२११०८, ४५२१०६६, ४५२१०७६

२१औं वार्षिकोत्सव
हार्दिक बधाई तथा शुभकामना
मध्यान्ह राष्ट्रिय दैनिक २१औं वर्ष पुरा गरी २२औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
भानु सिवाकोटी
अध्यक्ष
टिका सिवाकोटी (आदर्श)
प्रवन्ध निर्देशक
तथा
अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
परिवार
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ४३८७२०७, ४३५५०६५

मुक्तिनाथ विकास बैंक
MUKTINATH BIKAS BANK
"जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ"
शेयरधनी बचत खाता
३ को फाईदा एउटै खातामा !!
सम्पुर्ण सुविधा एकै ठाउँमा, सुरु गरौं शेयर लगानी मुक्तिनाथ विकास बैंकको साथमा
यस बैंकले दिने सुविधा
- न्युनतम मौज्दात रु १००/-
- नि:शुल्क मोबाईल बैंकिङ्, इन्टरनेट बैंकिङ्
- नि:शुल्क ConnectIPS मा दर्ता
मुक्तिनाथ क्यापिटलले दिने सुविधा
- ५०% सम्मको छुट PMS खाताको AMC शुल्कमा
- ५०% छुट MEROSHARE दर्तामा
- नि:शुल्क DEMAT खाता
ब्रोकर कम्पनीहरुले दिने सुविधा
- शेयर ब्रोकर कम्पनीबाट नि:शुल्क TMS खाता
scan to know more
टोल फ्री नम्बर : १६६००१४९९९९

# अर्थतन्त्रको वास्तविक तस्बिर



नन्दलाल खरेल

चालु आर्थिक वर्षको पछिल्लो चौमासिक अवधिमा सरकारले गरेको पुँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा गरेको खर्च करिब तीन गुणाले बढी छ । ऋणमाथि ऋण थपिँदा देश झन् परनिर्भर बनेको पुष्टि हुन्छ । बढ्दो सार्वजनिक ऋण अर्थतन्त्रको नकारात्मक परिसूचक हो ।




हिजो आज मिडिया बजारमा तथा सरकारका मुख पत्रहरूमा अर्थतन्त्र खुबै सुधार भएको चर्चा परिचर्चा छ । यसरी चर्चा हुनुमा नेपाल राष्ट्र बैंकको पछिल्लो सार्वजनिक गरेको आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी प्रतिवेदनले हो । आर्थिक सुधार हुनु भनेको देशमा उत्पादन बढ्नु, रोजगारीको सिर्जना हुनु, निर्यातमा वृद्धि हुनु र आयातमा कमी हुनु हो । के आज देशमा उत्पादन बढेको छ ? उत्पादन बढेको भए कृषिजन्य वस्तुमा समेत वार्षिक तीन खर्बभन्दा बढी किन आयातमा खर्चिनु पर्‍यो । ठूलो संख्यामा किन हातमुख जोड्नकै लागि विदेश पलायन हुनुपर्थ्यो ? आर्थिक सुधार हुनु भनेको सार्वजनिक ऋण घट्नु होइन ? किन सार्वजनिक ऋणको ब्यारोमिटर उत्कर्षमा पुगेको छ ? आर्थिक सुधार हुँदा त हाम्रो राजस्वले चालु खर्चलाई धान्नुपर्ने होइन ? के रेमिट्यान्स बढ्दैमा मुलुकको आर्थिक सुधार हुन्छ ? के रेमिट्यान्स अर्थतन्त्रको अस्थायी टेको होइन ? विदेशी मुद्राको सञ्चिति बढ्नु र शोधानान्तर स्थिति बचतमा मात्रै हुनु समग्र अर्थतन्त्रको सुधारको मापन हुन्छ ? यी सबै तथ्यांकहरूको सुक्ष्म अध्ययन जरुरी छ । अर्थशास्त्रीय सिद्धान्तका हिसाबले पनि हाम्रो अर्थतन्त्र सुधारको दिशामा छैन । झन् पराधिनताको दिशामा उन्मुख छ ।

सरकारले अर्थतन्त्र सुदृढ भएको जतिसुकै डम्फु बजाए पनि आर्थिक मन्दीले बहुआयामिक संकट सिर्जना गरिरहेको छ । व्यापार व्यवसाय झन्-झन् जटिल अवस्थातर्फ उन्मुख छ । वित्तीय अपराध र अकुत आर्जनले मुलुकको अर्थतन्त्रलाई औपचारिक संकटमा धकेलेको छ । वित्तीय अपराध बढेपछि बैंकहरूको खराब कर्जा बढेको छ । कुल प्रवाह भएको बैकिङ्ग कर्जा रकममध्ये उठ्न नसकेको बैंकहरूको निष्क्रिय (खराब) कर्जा एक वर्षमै दोब्बर भएको छ । अर्थतन्त्रको तेस्रो खम्बा उठ्नै नसक्ने गरी थला परेको छ । पीडितहरूको संस्था लाखौं छ । सरकार पुँजीगत खर्च गर्न असफल देखिएको छ । सरकारकै तथ्यांकलाई आधारमा मान्दा, चालु आबको पाँच महिनामा १५ प्रतिशतभन्दा बढी खर्च गर्न सकेको देखिन्न । गौरवका आयोजनाको प्रगति निराशाजनक छ ।

कुनै पनि मुलुक वस्तु तथा सेवा निर्यात गरेर सम्पन्न हुन्छन् भने मान्यता हुन्छ, तर यहाँ राज्यले युवा निर्यातमा जोड दिएको छ । वार्षिक बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड हुँदा बजेटलाई पनि उछिन्दै हाम्रो ऋण २३ खर्ब ७१ अर्बको संख्यामा छ । यसरी हेर्दा, अहिले प्रतिव्यक्ति ऋण भार ८१ हजार ३ सय ६ रूपैयाँ पुगेको छ । यसको मुख्य कारण नेताहरूको नियतमा खोटले छ

### बढ्दो सार्वजनिक ऋण

बेलगाम साधारण खर्च र संघीयतापछि बढेको सरकारको दायित्वका कारण हाम्रो अर्थतन्त्र सार्वजनिक ऋणले थलिएको हो । पछिल्ला वर्षहरूमा मुलुकमा सार्वजनिक ऋणको ब्यारोमिटर उच्च हुँदै गएको छ । हरेक वर्ष करिब तीन खर्बले सार्वजनिक ऋण बढ्दै जाँदा त्यसको भार सरकारमाथि पर्दै गएको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार आर्थिक वर्ष २०७६/७७ मा १४ खर्ब २७ अर्ब रूपैयाँ ऋण रहेको थियो । त्यसको तीन वर्षमा सार्वजनिक ऋण झण्डै ५१ प्रतिशत अर्थात ७ खर्ब २७ अर्ब रूपैयाँले बढेको छ ।

आर्थिक वर्ष २०७७/७८ मा १७ खर्ब २८ रूपैयाँ, ०७८/७९ मा २० खर्ब १३ अर्ब रूपैयाँ र चालु आर्थिक वर्ष २०८०/८१ को कार्तिकसम्म आइपुग्दा २३ खर्ब ५७ अर्ब ६ करोड नाघेको छ । अहिले प्रतिव्यक्ति ऋणको हिस्सा ८१ हजार ३ सय ६ रूपैयाँ पुगेको छ । अनुत्पादक क्षेत्रमा बढ्दो लगानीको कारणले सार्वजनिक ऋण बढ्ने गर्दछ । चालु आर्थिक वर्षको पछिल्लो चौमासिक अवधिमा सरकारले गरेको पुँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा गरेको खर्च करिब तीन गुणाले बढी छ । ऋणमाथि ऋण थपिँदा देश झन् परनिर्भर बनेको पुष्टि हुन्छ । बढ्दो सार्वजनिक ऋण अर्थतन्त्रको नकारात्मक परिसूचक हो ।

### कमजोर पुँजीगत खर्च

पुँजीगत खर्चको आकार चालु खर्चको तुलनामा एकदमै कम छ । पुँजीगत खर्चको हिस्सा कुल बजेटको आकारमा २१ देखि २३ प्रतिशत भन्दा बढ्न सकेको छैन । विगत केही वर्ष अघिदेखि असारे विकासको पुनरावृत्तिले धेरै रकमको दुरूपयोग भइरहेको देखिन्छ भने कतिपय रकम खर्च नगरी पुनः राज्य कोषमा (फ्रिज) जाने देखिएको छ । कतिपय खर्च त कागजमै सीमित हुन्छ । वर्तमान सरकारले आर्थिक सुधारको जतिसुकै डम्फु बजाएपनि पुँजीगत खर्च गर्न असफल देखिएको छ । चालु आबको पाँच महिनामा १५ प्रतिशत पनि खर्च गर्न सकेको छैन ।

### तरलता अधिक

अहिले आर्थिक मन्दीले चोतर्फी संकट सिर्जना गरेको छ । अघिल्लो वर्ष तरलता अभावको अवस्था सिर्जना भएको थियो भने अहिले तरलता अधिकको समस्या छ । तरलता अधिकमा बैंक तथा वित्तीय संस्थासँग पैसा थुप्रिन्छ अर्थात् संस्थासँग कर्जा दिने क्षमता अधिक हुन्छ । त्यस्तो अवस्था बैंकिङ्ग प्रणालीमा अवरोध सिर्जना हुन्छ । बैंकमा नयाँ कर्जाको मागमा कमी आउँछ । पुष १८ सम्मको तथ्यांक हेर्ने हो भने समग्र बैंक तथा वित्तीय संस्थासँग चार खर्ब ३३ अर्ब हाराहारी रूपैयाँ कर्जा प्रवाह गर्ने क्षमता छ । मुलुकको व्यवसायिक वातावरण बिग्रिएको छ । कालोसूची र लिलामी बढिरहेको छ । सूचना केन्द्रको गत आबको साढे छ महिनाको तथ्यांक हेर्ने हो भने उद्योगी तथा व्यवसायी ऋण तिर्न नसकेर कालोसूचीमा पर्नेको संख्या तीन गुणाले बढेको छ । सहकारी क्षेत्रमा विकृति मौलाउँदै गएको छ । सरकारले त्यसविरुद्ध कदम चाल्न सकेको छैन ।

### सरकारको आम्दानी र राजस्वको खाडल बढ्दो

बजेट कार्यान्वयनको आधा वर्ष (६ महिना) बित्दा हाम्रो राजस्वले चालु खर्चलाई समेत धान्न सकेको छैन । महालेखा नियन्त्रकको कार्यालयका अनुसार यस अवधिमा लक्ष्यको ७५.६५ प्रतिशत अर्थात चार खर्ब ९३ अर्ब खर्च भएको छ । राजस्वले चालु खर्च नधान्दा विकास (पुँजीगत) खर्च सबै ऋणमा हुने गर्दछ । यस्तो अवस्थालाई मध्यनजर नगरी आर्थिक सुधार भयो भनि ढोल पिट्नु कदापि उचित होइन । कतिपय अर्थशास्त्री र विश्लेषकहरूले पनि तथ्यमा नटेकी मुक्तकण्डले आर्थिक सुधारको दिशा पकडेको छ भनि व्याख्या गरेका छन् । आर्थिक विश्लेषकहरूले सधैँ स्वतन्त्र तथा निष्पक्ष भएर विश्लेषण गर्नु पर्छ ।

### उच्च व्यापारघाटा यथावत

अर्थतन्त्रको मेरुदण्ड निर्यात हो । हाम्रो निर्यात-आयातबिच फराकिलो अन्तर छ । जसको कारण व्यापारघाटा हुने गर्दछ । निर्यात-आयात अनुपात अहिले ९.८ प्रतिशत हुनाले सय रूपैयाँ आयात गर्दा निर्यात भने नौ रूपैयाँ हाराहारी मात्र भइरहेको छ भन्ने देखिन्छ । चालु आर्थिक वर्ष २०८०/८१ को पाँच महिनामा कुल वस्तु व्यापार घाटा ३.१ प्रतिशतले कमी आएपनि पाँच खर्ब ७९ अर्ब रूपैयाँ घाटा रहेको छ ।

### बढ्दो रेमिट्यान्स परनिर्भरताको संकेत

कुनै पनि देश वस्तु तथा सेवा निर्यात गरेर धनी भएका छन् । तर, हाम्रा शासक युवा निर्यात गरेर उनीहरूले पठाएको रेमिट्यान्सबाट देश धान्न खोजिरहेका छन् । चालु आर्थिक वर्षको पाँच महिनामा विप्रेषण आप्रवाह २३ प्रतिशतले बढेको छ । स्वेदशमा रोजगारी नभएपछि युवाको खुन र पसिनासँग रेमिट्यान्स साट्नु अत्यन्त दुःखद हो । जबसम्म युवाको श्रम, सीप, जनशक्ति स्वदेशमा प्रयोग हुँदैन तबसम्म देश सम्पन्न हुँदैन । रेमिट्यान्स आएर हाम्रो अर्थतन्त्र सुधार भएको हल्ला गर्नु कदापि सकारात्मक संकेत अर्थात् सकारात्मक आर्थिक परिसूचक होइन ।

अन्त्यमा, रेमिट्यान्स आएको वृद्धिले विदेशी विनिमय सञ्चिती तथा शोधानान्तर बचत बढेको छ । गएको असार मसान्तसम्ममा १५ खर्ब १४.८ प्रतिशतले वृद्धि भई चालू आर्थिक वर्षको पाँच महिनामा बाह्य अर्थतन्त्रमा सुधार देखिन्छ । बाह्य अर्थतन्त्रमा केही सुधार हुँदैमा आन्तरिक अर्थतन्त्त सुधार हुँदैन । आन्तरिक अर्थतन्त्र सुधार नभइकन आर्थिक चलायमान हुँदैन । आन्तरिक अर्थतन्त्र सुधार गर्न पुँजीगत खर्चलाई समयमै सदुपयोग गर्नुपर्छ । उत्पादन बढाई रोजगारी सिर्जना, भ्रष्टाचारलाई नियन्त्रण गर्नुपर्छ ।

छाँया अर्थतन्त्र अर्थात् अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा ल्याउन सक्नुपर्छ । रेमिट्यान्सलाई उत्पादन क्षेत्रमा लगाउन सक्नुपर्छ । तबमात्र अर्थतन्त्रमा सुधार हुन्छ । रेमिट्यान्स र विदेशी मुद्राको सञ्चिति बढ्दैमा समग्र अर्थतन्त्र सुधार मान्नु हुँदैन । महत्वपूर्ण कुरा स्वाधिन अर्थतन्त्र हो । स्वाधीन अर्थतन्त्रको जगमा मात्र हाम्रो अर्थतन्त्र मजबुत हुन्छ ।

**(खरेल अर्थ राजनीतिक विश्लेषक हुन् ।)**









# राजनीतिको नयाँ परिभाषा





लक्ष्मि खड्का

> कुनै ठूलो विषय उठाएर होइन, धराने जनताले दैनिक भोगिरहेका समस्यालाई हर्कले उठाए । धरानेले भोगिरहेको सामान्य समस्यालाई उनले आफ्नो एजेन्डा बनाए । अहिले मेयरका रुपमा उनी श्रम संस्कृतिलाई बढवा दिइरहेका छन् ।

कुनै बेला लाहुरेको शहरका रुपमा पहिचान बनाएको धरानलाई हाकिरहेका छन्, हर्क साम्पाङ । स्वतन्त्र उम्मेदवारी दिएर २०७९ को स्थानीय चुनावमार्फत उदाएका हर्क सधै चर्चामा छाइरहने नगरप्रमुख मध्यमा पर्दछन् । क्षणिक लहरका भरमा उनी नगरप्रमुखको कुर्सीमा आइपुगेका भने होइनन् । झण्डै दशक लामो आन्दोलनको सफर तय गरेर उनी आएका हुन ।

कुनै ठूलो विषय उठाएर होइन, धराने जनताले दैनिक भोगिरहेका समस्यालाई हर्कले उठाए । धरानेले भोगिरहेको खानेपानी, बेरोजगारी, सरकारी निकायका ढिलासुस्ती, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कुशासन जस्ता विषयलाई एजेन्डा बनाएर आन्दोलित भए । धर्ना कसे । गिरफ्तारी दिए ।

विस्तारै उनको आन्दोलनमा स्थानीयले साथ दिए । आफ्नो पक्षमा बन्दै गएको माहोललाई उनले त्यतिकै गुम्न पनि दिएनन् । चुनावमार्फत उनले पक्षमा कत्तिको जनमत छ भन्ने परीक्षण गर्न चाहे । पहिलो पटक २०७६ मा भएको उपनिर्वाचनलाई सदुपयोग गरे । धरानका तत्कालीन मेयर तारा सुब्बाको निधन भएपछि घोषणा गरिएको उपनिर्वाचनमा उनले स्वतन्त्र उम्मेदवारी दिएका थिए । पानीको बोतल चुनाव चिन्ह लिएर चुनावमा होमिए । उनले ५४० भोट मात्रै पाए । पहिलो चुनावमा पाएको थोरै भोटबाट उनी निराश बनेनन् ।

दोस्रो चुनावमा पनि तिनै एजेन्डासहित आए । कुनै बेला टेम्पो व्यवासयी समेत रहेका उनले चुनावमा पनि त्यसैलाई प्रयोग गरे । टेम्पोमा माइक जोडर टोल-टोलमा पुगे र आफ्ना एजेन्डा सुनाउने कोसिस गरे । र, नागरिकले सुने पनि । नेपाली कांग्रेस र नेकपा एमालेका बलिया उम्मेदवारलाई फराकिलो अन्तरसहित पराजित गरेर निर्वाचित भए । यो हर्कप्रति धराने जनताको अथाहा विश्वासको प्रमाण थियो ।

सधै आन्दोलित भइरहने हर्क अहिले नगरवासीका दैनिक समस्या समाधान गर्ने जिम्मेवारीमा छन् । हिजो उनी आफैंले प्रमुख रुपमा उठाएको मुद्दा थिए खानेपानी, सुशासन, रोजगारी र बिपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको सुधार । हर्क अहिले पहिलो मुद्दामा प्रखर रुपमा लागेका छन् भने बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको समस्यासँग टकराइ रहेका छन् ।

धरानको मुख्य समस्या खानेपानीको हो । त्यसको समाधानका लागि उनले कोकाहा खोलाको पानी धरानमा ल्याउने र सर्दु जलाधार क्षेत्र संरक्षणमा पहल लिने प्रयास गरेका छन् । त्यसलाई उनले मुलतः जन श्रमदानको बलमा सफल तुल्याउने प्रयास गरेका छन् । श्रमदानकै बलमा धरानबाट करिब ४५ किलोमिटर टाढा रहेको कोकाहा खोलाको पानी ल्याउन सफल भए ।

तर, त्यतिले मात्रै धरानको तिर्खा मेटाउन सम्भव छैन् । कोकाहा खोलाबाट धरान झारिएको पानीले ३० प्रतिशत मात्रै माग सम्बोधन गर्ने भएकाले कोशी नदिको पानी ल्याएर भए पनि त्यसलाई समाधान गर्ने प्रतिवद्धता जनाउने गरेका छन् । महात्वकांक्षी त्यो योजनाका लागि करिब २ अर्ब लाग्ने अनुमान छ, जुन धरान नगर एक्लैको क्षमताभित्र पर्दैन । त्यसैले उनले संघीय सरकारको सहयोग त्यसमा मागिरहेका छन् । तर, अपेक्षित सहयो संघीय र प्रदेश सरकारबाट नपाएको उनको गुनासो छ ।

कोकाहाको पानी नरक्षेत्रमा ल्याउन र धरानमा हालसम्म खानेपानीको मुख्य स्रोत रहेको सर्दु जालधार क्षेत्रमा विक्षारोपन गर्न उनले जुन 'जन श्रमदान अभियान' ल्याए त्यो भने निकै सफल भएको छ । यो अभियान किन पनि सफल भयो भने उनी आफैं श्रमदानमा खटिए । यसले स्थानीयमा उनप्रतिको भरोसा बढायो र सहभागिता पनि त्यसै अनुसार बढ्दै गयो । उनले चलाएको श्रमदान अभियानमा केवल स्थानीयको मात्रै होइन, देशैभरीबाट सहभागिता भयो । उनको अभियानमा जोडिन देशभरबाट कलाकारदेखि नेतासम्मको सहभागिता रह्यो ।

धरानको श्रम अभियान यति लोकप्रिय रह्यो कि त्यसबाट प्रेरित भएर देशका अन्य पालिकाले पनि त्यसको सिको गरे । आफ्ना पालिका क्षेत्रका ससाना समस्या समाधान गर्न त्यहाँका जनप्रतिधिहरु पनि आफैं सहभागि भएर नागरिकलाई श्रमदानमा जोड्न प्रेरित गरेको देखियो । यसले धर्मराएको जनश्रम अभियानलाई ब्युँताउन हर्क साम्पाङ सफल भएको देखिन्छ ।

हरेक विषयमा सामाजिक संजाल मार्फत शीघ्र प्रतिक्रिया जनाइहाल्ने र अरुसँग समन्वय नगर्ने बाहेकका बानी छाड्ने हो भने उनी एक अब्बल स्थानीय जनप्रतिनिधि बन्नेमा शंका छैन् । त्यसलाई थोरै सच्याउन सकेमा उनको राम्रो राजनीतिक भविष्यको गोरेटो कोरिनेमा पनि कुनै शंका छैन् ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राजश्व अनुसन्धान विभाग
हरिहर भवन, ललितपुरको अनुरोध

तपाईंको घर छिमेक, टोल, समुदाय कहीं कतै अवैधरुपमा व्यापारिक मालवस्तुहरुको ओसार-पसार गरेको, नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर रकम नबुझाई वा कम बुझाई वा लगत अभिलेख तयार गरी कर छलि गरेको वा विदेशी विनिमय अपचलनसम्बन्धी कसूर गरेको वा आयकर, मूल्यअभिवृद्धि कर अन्तशुल्क भन्सार महसुल वा गैर कर छलीसम्बन्धी कसूर गरी राजश्व चुवावट गरेको पाइएमा लेखित वा मौखिमरुपमा यस विभाग वा अन्तर्गतका राजश्व अनुसन्धान कार्यालयहरुमा जानकारी गराउनुहुन अनुरोध गरिन्छ ।

तपाईंले दिएको सूचनाले राजश्व संकलनमा महत्वपूर्ण योगदान पुऱ्याउने छ । यस सूचनाको सत्यता परीक्षण पश्चात अदालतबाट हुने फैसला बमोजिम तपाईंलाई पुरस्कृतसमेत गरिनेछ ।

राजश्व अनुसन्धान विभागको सम्पर्क नम्बर
टेलिफोन नं. : ०१-५४४४७४५, ५०१००५७, टोल फ्रि नं. : १६६०-०१-५५०००
VCTS मा समस्या भएमा vcts@dri.gov.np मा E-mail गर्नुहुन ।

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

तौल पूर्ण, सुरक्षा सम्पूर्ण



- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोहै आना ढुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं,
फोन: ४२८६८१६, सनराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com



साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

# बदलियो समय, बदलिए कलाकार



विजयरत्न तुलाधर

नेपालमा निर्मित पहिलो चलचित्र "आमा" २०२२ साल असोज १५ गते प्रदर्शनमा आएको थियो। त्यसै दिनदेखि नेपालमा चलचित्रको नायक र नायिकाको यात्रा शुभारम्भ भयो। त्यो फिल्ममा थिए, शिवशंकर मानन्धर र भुवन थापा हुन्।

उनीहरुले "आमा" चलचित्रमा नायक र नायिका भई अभिनय गरे। नायक नायिकाको रुपमा अभिनय गरेका यी दुई कलाकार बाहेक "आमा" चलचित्रमा चैत्य देवी सिंह, बसन्धरा भुसाल, विमला श्रेष्ठ, उत्तम नेपाली लगायतका कलाकार साथमा यस चलचित्रका निर्देशक हिरा सिंह पनि अभिनेताका रुपमा देखा परेका थिए।

यस चलचित्रमा हिरा सिंहले नायक शिव शंकर मानन्धरका पिताका भुमिका निर्वाह गरेका थिए भने हिरा सिंह कि अर्धांगिनि अर्थात चलचित्र "आमा" का नायक शिव शंकर मानन्धरकी आमाको भुमिकामा चैत्य देवी सिंहले अभिनय गरे। यस हिसाबले चैत्य देवी सिंह नेपाली चलचित्रको इतिहासमा पहिलो पटक शीर्ष भुमिका निर्वाह गरेका कलाकारको रुपमा दोहोरिए। अर्थात् उनी "आमा" चलचित्रका आमाका रुपमा देखिए।

२०३१ सालतिर प्रदर्शनमा आएको "मनको बाँध" मा काम गरेका नायक शैल्यान केसी, नायिका सुषमा शाही भने नायक नायिकाको रुपमा त्यति धेरै चलचित्रमा काम नगरे पनि उनीहरुलाई नायक नायिकाका रुपमा यदाकदा कतैकतै चर्चा भएको पाइन्छ। यही चलचित्रमा मिना सिंह नाम गरे कि एक कलाकारले पनि सह भूमिका निर्वाह गरेकी थिइन्। यी मीना सिंहले भारतका विख्यात् कलाकार एवं निर्देशक देव आनन्दले नेपालमा शुटिङ्ग गरेको "हरे राम हरे कृष्ण" मा समेत अभिनय गर्न भ्याएकी थिइन्। "मनको बाँध" बाट पर्दामा आएका नायक शैल्यान के.सि.ले पछि नेपालको पहिलो रंगीन चलचित्र "कुमारी" मा समेत नायककै रुपमा काम गरे भने यो चलचित्रमा चैत्य देवी सिंहले कुमारी को शिर्ष भुमिकामा अभिनय गरे। "मनको बाँध" की नायिका सुषमा शाहीले पछि गएर "कान्छि" र "बदलिंदो आकाश" लगायतका केही चलचित्रका साथमा तत्कालिन कालमा बन्ने गरेका नेपाल बंगलादेश र पाकिस्तानसंगको ज्वाइन्ट भेञ्चरमा बनेका केही चलचित्रहरुमा समेत काम गरिन्।

उनी नेपालको पहिलो स्टार अर्थात् पहिलो लोकप्रिय नायिका भन्दा केही फरक पर्दैन। उनले नायिकाको रुपमा अभिनय गरेको "सिन्दुर" हो। यो "सिन्दूर " चलचित्र नै व्यावसायिक रुपमा सफल भएको नेपाली चलचित्र हो। यस चलचित्रका नायका विश्व बस्नेत हुन्। विश्व





वस्नेतले "अन्याय" चलचित्रमा पनि नायकको रुपमा अभिनय गरेका छन् भने पछी गएर उनले केही चलचित्रमा चरित्र भुमिकामा समेत अभिनय गरे। नायकको रुपमा विश्व बस्नेत लोकप्रियता कमाउन सकेन। पछि "सिन्दूर" बाट लोकप्रियता हासिल गरेकी नायिका मिनाक्षी आनन्दसँग अभिनय गर्दै शिव श्रेष्ठ नायकका रुपमा उदाए।

नेपालको पहिलो लोककप्रिय नायक शिव श्रेष्ठ नै हो। शिव श्रेष्ठले मिनाक्षी आनन्दसँग अभिनय गरेको चलचित्र "जीवन रेखा" एक सफल चलचित्र साबित भयो र शिव श्रेष्ठ पनि नेपाली चलचित्र जगतमा लोकप्रियता कमाउन सफल नायक साबित भयो।

नेपाली चलचित्र जगतमा भुवन केसीलाई सदाबहार नायकको रुपमा लिइन्छ। भुवन केसीले पनि आफ्नो पहिलो चलचित्र त्यत्तिबेला कि असाध्यै लोकप्रिय मानिएकी मीनाक्षी आनन्दसँग खेलेका थिए। उनीहरुले सँगै काम गरेको "जूनी" नामक चलचित्रले खासै कुनै छाप छोड्न सकेन। भुवन केसीलाई एक नायकको रुपमा स्थापित गरेको दुई चलचित्र भनेको "सम्झना" र "कुसुमे रुमाल" हो। "कुसुमे रुमाल" मा एक अर्को कलाकार उदित नारायण पनि नायककै रुपमा देखा परका थिए भने एक गायकका रुपमा नेपाल र भारतमा समेत लोकप्रिय गायक उदित नारायणले पछि "पिरती" चलचित्रमा पनि नायक भई अभिनय गरे।

तर उदित नारायणको अभिनय यात्रा त्यस भन्दा अगाडि बढ्न सकेन। "सम्झना"र "कुसुमे रुमाल"मा नायिका भई गरेकी त्रृप्ती नाडकरले मीनाक्षी आनन्द पछि आफ्नो लोकप्रियताको यात्रा अगाडि बढाउन सफल भइन्। वास्तवमा त्रृप्तीको सफलता र लोकप्रियता यात्रा उल्लेखनीय यात्रा भन्नु पर्दछ। "सम्झना" र "कुसुमे रुमाल" को लोकप्रियताले भुवन केसि र त्रुप्ती जोडिलाई पनि धेरैले मनपराए। वास्तवमा भन्ने हो नेपाली चलचित्र आकाशमा भुवन र त्रृप्तीका जोडि नै पहिलो सफल जोडी हो भन्नु पर्दछ। उसो त भुवन केसीले आफ्नो समयका सबैजसो नायिकाहरुसित अभिनय गरे। ती मध्ये पनि भुवनको जोडि त्रृप्ती पछि करिश्मा मानन्धरसँग धेरै मन पराइयो।

करिश्माले भुवनसँग सबभन्दा पहिला "सन्तान" मा जोडि बाँधिएर अभिनय गरेका थिए। त्यस पछि धेरै चलचित्रमा सँगै काम गरे। भुवनलाई सदाबहार नायक भनिए जस्तै करिश्मालाई सदाबहार नायिका भनिन्छ। करिश्माले पनि आफ्नो समयका सबै नायकसँग काम गरेका छन्। "सन्तान" चलचित्र कै एक अर्की नायिका गौरी मल्ल पनि नेपाली चलचित्र जगतमा ख्याति कमाउन सफल नायिका हुन्। तर उनको यात्रा नायिकाको रुपमा भन्दा पनि पछि गएर सशक्त भुमिका पाए जस्तोसुकै भुमिका गर्ने तर्फ मोडियो।

गौरी मल्ल र करिश्मा मानन्धर सँगसँगै चलचित्रमा देखापरेका नायिकाहरुमा शर्मिला मल्लको नाम यहाँनेर उल्लेखनीय हुन आउँछ। उनले नायक शिव श्रेष्ठसँग "कान्छी" चलचित्रमा नायिकाको रुपमा काम गरेर चर्चा र लोकप्रियता कमाउन सफल भइन्।

शर्मिला मल्लले एउटी नायिकाको रुपमा लामो समयसम्म आफ्नो यात्रा जारी राखेकी थिइन भने पछि गएर चरित्र भुमिकाहरुमा समेत अभिनय गरेर आफ्नो यात्रा जारी राखिन्। यी नायिकाहरुसंगसंगै देखापरेका नायिकाहरुमा मौसमी मल्ल पनि लामो समयसम्म अभिनय यात्रा जारी राख्ने अभिनेत्री हुन्।

नायकहरुको चर्चा गर्दा शिव श्रेष्ठ र भुवन केसी सँगसँगै देखापरेका नायकहरुमा पुरन जोशी, अर्जुनजंग शाही, कृष्ण मल्ल, विजय लामा, रविन्द्र खड्का लगायत कलाकार पछि चरित्र भुमिकामा काम गरे। त्यसपछि राजेश हमालको युग शुरु भयो। "युगदेखि युगसम्म" बाट उदाएका नायक राजेश हमालले सबैभन्दा बढी संख्याका चलचित्रमा नायकको भुमिका निर्वाह गर्ने श्रेय पाएका छन्।

राजेश हमाल पछि आर्यन सिग्देल, निखिल उप्रेती, विराज भट्टहरु नायकका रुपमा देखा परे भने पुजा चन्द, विपना थापा, मेलिना मानन्धर, जल शाह, झरना बज्राचार्यहरु नायिकाहरुमा देखिएका नाम हुन्। यिनीहरुको अभिनय यात्रा भने खासै दिगो हुन सकेन। त्यसपछ देखिएका नायिकाहरुमा नम्रता श्रेष्ठ, प्रियंका कार्की, साम्राज्ञी राज्य लक्ष्मी शाह जस्ता नाम नायिकाको सुचीमा थपिए।

पहिला नायक र नायिका हुनलाई आर्यन रुप चान्थ्यिो भने मंगोलियन नायक नायिका पनि लोकप्रियताको यात्रामा अघि बढ्न सफल भइरहेका छन्। यसको ज्वलन्त उदाहरणको रुपमा दयाहाङ्ग राईको दोकप्रियतालाई लिन सकिन्छ। उनको अलावा अहिले विपिन कार्की पनि सशक्त अभिनेताका रुपमा दह्रिएका छन्।

यी दुई सशक्त अभिनेता बाहेक लोकप्रियताको शिखरमा रहेका नायकहरुमा अनमोल केसि, प्रदिप खड्का अग्रपंक्तिमा छन् भने नायिकाहरुमा उपासना सिंह, स्वस्तिमा खड्का, मिरुना मगर, जसिता गुरुङ्ग, दिया पुन लगायत अनुहार पनि नायिकाको रुपमा यात्रा अगाडि बढाउन सफल छन् भने आगामी दिनमा के कस्ता नायक नायिकाहरु अगाडि आउने हो त्यो भने हेर्न बाँकी नै छ।




इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नगरबासीहरूमा जानकारी मूलक सन्देश

- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरु गरौं।
- कर समयमै तिरौं। ❖ सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं।
- बालश्रमको प्रयोग नगरौं।
- जेष्ठ नागरिकको सम्मान गरौं। ❖ आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- जथाभावी फोहोर नगरौं। फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- बालश्रमको प्रयोग नगरौं। यस पालिकालाई बालश्रममुक्त बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं।
- छोराछोरीमा भेदभाव नगरौं। दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं। सभ्य नागरिकको भूमिका निर्वाह गरौं।
- बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं। विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं। सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं। आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं। २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं। कम तौल र कुपोषण हुनबाट बचाऔं।

श्री हेमकर्ण पौडेल
प्रमुख

श्री संगीता कुमारी चौधरी
उप-प्रमुख

इटहरी उप-महानगरपालिका, इटहरी, सुनसरी

शम्भुनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

शम्भुनाथ नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं। सार्वजनिक स्थलमा जतातत्तै फोहोरमैला नफालौं।
- बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं।
- आफ्नो टोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं। विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं। आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं।
- जथाभावी फोहोर नगरौं। फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं।
- बालश्रमको प्रयोग नगरौं। यस पालिकालाई बालश्रममुक्त बनाऔं। सबै बालबालिकालाई विद्यालय पठाऔं।
- छोराछोरीमा भेदभाव नगरौं। दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र दिक्षामा ध्यान दिऔं।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं। सभ्य नागरिकको भूमिका निर्वाह गरौं।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं। २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं। कम तौल र कुपोषण हुनबाट बचाऔं।

# हार्दिक बधाई तथा शुभकामना

मध्याह्न राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको
**२१ औं वर्ष पूरा गरी २२ औं वर्षमा**
प्रवेश गरेको सुखद अवसरमा यस मध्याह्न राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


Trikon Advertising Service
Subarna Shamsher Marg
Baluwatar, Kathmandu
Email: trikon@trikonadvertising.com
Tel.: 977-1-4425965, 4000536, 4411303
www.trikonadvertising.com

Bikash Lamichhane
Managing Director
9851003825, 9841537872
Babar Mahal, Kathmandu
SS MEDIA PVT. LTD.

Sumi Publication Pvt. Ltd.
Dakshinkali Municipality-1, Chalnakhel, Kathmandu
Email: sumipublication2077@gmail.com

सुष्मा दहाल
प्रबन्ध निर्देशक
टिस्टा कांगडा मिडिया प्रा.लि.
चरिकोट, दोलखा
सम्पर्क नं.: ९८५१०५४१६०
विभिन्न पत्रपत्रिकामा विज्ञापन गर्न परेमा हामीलाई सम्झनुहोस ।

Fastech Media Agency
Our Services: Advertisement, IT Solutions, Video Documentary
Managing Director
SUBAS RIMAL
9851080671
info.fastechmedia@gmail.com
Sundarharaincha-09, Morang

Padam Raj Sanjyal
Managing Director
9851248152
Anamnagar, Kathmandu, Nepal
+977-1-5705064
innovativemedia2017@gmail.com
www.immbnepal.com.np
Innovative Media & Multiple Business Pvt. Ltd.
Paper Advertising Documentary
Visual Advertising, Radio Jingles etc.

Suman Poudel
Managing Director
Cell: +977- 9851093029
+977- 9803151914
GANDAKI MEDIA Pvt. Ltd.
गण्डकी मिडिया प्रा. लि.
Anamnagar-29, Kathmandu
E-mail: gandakiad@gmail.com
poudelsuman01@gmail.com

Graphic Designing, Printing, Advertising, Branding
Santosh Paudyal
Managing Director
Namaste Creation & Advertising Pvt. Ltd.
Anamnagar | Kathmandu
9851153579
+977-1-4232741
ncamedia1@gmail.com

Dinesh Regmi
Managing Director
9851181288
ऐना
Aina Advertisement Pvt. Ltd.
Kathmandu-10 Tel: 01-4780105
Email: aniaadvertisement@gmail.com

aastha advertising
विज्ञापन: पत्र-पत्रिका, टेलिभिजन, रेडियो, फिल्म हल, फेसबुक, इन्टाग्राम, वेभसाइट, Youtube
ब्रान्डिङ: लाइट बोर्ड, होर्डिङ बोर्ड, 2D, 3D बोर्ड
डिजाइन: लोगो, लेटरप्याड, वेभसाइट, ब्रोसर, बुक कभर
Tel. 01-4476397, Web. www.aasthaad.com.np

पहल बहादुर के.सी.
प्रबन्धक
९८५८०३०६१८
९८२४५५२११८
psadv.npj@gmail.com
पि.एस. एडभर्टाईजिङ्ग
नेपालगंज-१४, बाँके
राष्ट्रिय तथा स्थानिय पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा अनलाईन मिडियाहरूमा विज्ञापन प्रकाशनको लागि हामीलाई सम्झनुहोस् ।

S.P Media Pvt. Ltd.
Bagbazar, Kathmandu
Ph: 01-4242296, Fax: 4266655
E-mail: spmedia 2005@gmail.com
vijaya_pokhrel@yahoo.com
Website: www.spmedia.com.np
AAN
Electronic Broadcasting Print Both Govt. Private Medias.
Authorized Agency for Advertisement

जोईन मिडिया हाउस प्रा.लि.
Join Media House P. Ltd.
Anamnagar, Kathmandu, Nepal
Tel: 01-4261030, Mob: 9851133942, 9851069943
Email: joinmediahouse@gmail.com

तिलक पौडेल
प्रबन्ध निर्देशक
९८४८०७५४२७
rkshpaudel@gmail.com
बिरेन्द्रनगर, सुर्खेत
कर्णाली मिडिया सेन्टर नेपाल प्रा.लि.

सागर खड्का
अध्यक्ष
SM
सनराइज सिन्धु मिडिया प्रा.लि.
मेलम्ची, सिन्धुपाल्चोक, नेपाल
९८४३७५९०७१, ९८०३३८९०८०
sindhumedia.np@gmail.com

ADBOX Private Limited
...your advertiser
P.O. Box 20839, Lazimpat, Kathmandu
Tel: 4444066, 4411586 Fax: 4415836
E-mail: adboxpvtltd@gmail.com

Pankaj Shah
Chairman
Cell: 9851156178
9803388840
JP Media Solution Pvt. Ltd.
One More Step
New Baneshwor, Kathmandu
Phone/Fax: 4115021
E-mail: jp.mediasolutoin@gmail.com
Advertisement on all Media Houses
IT Solution, All Kinds of Printing Works

विज्ञापन प्रकाशन तथा प्रशारणका लागि सधैं सम्झनुहोस् ।
Regd. No. 15404/057/58 Vat Regd. No. 500205530
ENIGMA Advertising & Marketing (P) Ltd.
New Baneshwor, Kathmandu, Nepal. Tel.: 4780935, 4782177
Cell: 9851023518

Matrika Prasad Nepal
Managing Director
UJYALO ADVERTISING MEDIA PVT. LTD.
Dharan-12, Mahendra Path, Sunsari, Nepal
Tel: 9842275730 | 9802075730
E-mail: ujyaloadvertising@gmail.com
facebook.com/UjyaloAdvertising

फ्यूचर हब मिडिया मल्टिप्रपोज प्रा. लि.
Future Hub Media Multipurpose Pvt. Ltd.
Head Office: Anamnagar-32, Kathmandu, Tel: 01-4102679, 80, 4102855
Branch Office: Nayabazar-9, Pokhara, Kaski, Tel: 061-538584
Email: futurehub2@gmail.com

Spectrum Advertising & Media Consultant
Kamaladi Ganeshthan, Kamaladi, Kathmandu, Nepal.
Tel.: 977-1-4242890, 4221838
E-mail: spectadv@gmail.com
URl: www.spectrumad.com.np

Rajan Sunar
9843497580
All kinds of advertisements, notice designing and publishing in all national daily newspaper.
Excellent Advertising Service Pvt. Ltd.
Kalimati, Kathmandu
excellentad33@gmail.com

MODAK Advertising Pvt. Ltd.
KRS
9765564777
Suryabinayak, Bhaktapur

ZERO Media Pvt. Ltd.
Anamnagar, Kathmandu, Nepal
T: 01-5705695, 5705327
E: zeromediamail@gmail.com
www.merozero.com
Be faithful in small things because it is in them that your strength lies.

काशी प्रजापति
अध्यक्ष
अनिशा अधिकारी
प्रबन्ध निर्देशक
सपोर्ट मिडिया प्रा.लि.
टोखा-१, काठमाडौं, फोन: ९८६३५९३९६०, ९७६५३०२५११
E-mail: suportmedia02@gmail.com
विभिन्न पत्र-पत्रिका तथा विभिन्न सञ्चार माध्यमहरूमा विज्ञापन गर्न विश्वासिलो एजेन्सीको लागि हामिलाई सम्झनु होला ।

SITA ACHARYA
CHAIRMAN
Peoples Access Nepal
Birendranagar-06, surkhet
Tel.: 083-521514, Mob.: 9858021807

नागेश्वर मिडिया एण्ड एडभरटाइजिङ प्रा.लि.
इटहरी सुनसरी

SAUGAT Bigyapan Agency Pvt.Ltd
सौगात विज्ञापन एजेन्सी
वीरेन्द्रनगर, सुर्खेत
मोबाइल नं.: ९८५११७३७२९

# हार्दिक बधाई तथा शुभकामना

२१ औं वार्षिकोत्सव यात्रा २२औं वर्षको

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको

**२१ औं वर्ष पूरा गरी २२ औं वर्षमा**

प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


Amrit Kumar Panthee
Managing Director
9851046267, 9841302442
CITY EXPRESS MEDIA PVT. LTD.
सिटी एक्सप्रेस मिडिया प्रा.लि.
Kalanki, Kathmandu-14, Bagmati, Nepal
+977-1-5234623
cityemedia@gmail.com, panthiamrit@gmail.com
www.cityhalkhabar.com, www.onnnepal.com

ENZO Media Service Pvt. Ltd.
Putalisadak, Kathmandu
(opp. to Nepal Share Market)
+977-1-4419938
SERVICES
PAPER ADVERTISEMENT, ALL KINDS OF PRINTING JOB, DESIGNING, EVENT MANAGEMENT
Email: enzomediaservice143@gmail.com

AdCircle
Ad Circle Pvt. Ltd.
Anamnagar, Kathmandu, Nepal, Tel: 01-5900268, 9851088112
adcircle.marketing@gmail.com, www.adcircle.com.np

Herald Media & Advertising Agency (P) Ltd.
हेराल्ड मिडिया एण्ड एडभरटाइजिङ एजेन्सी प्रा.लि.
बागबजार, काठमाडौं ।
फोन नं. ०१-५३८५३८८
Email : heraldadagency@gmail.com

Grand Media House Pvt. Ltd
An Advertising Agency
Madhav Khanal
Managing Director
Cell : 9851045388, 9813642208,
Grand Media House Pvt. Ltd. Bagbazar, Kathmandu
Email : ad.grandmedia@gmail.com
We provide all kinds of Advertising and Printing Service.

डायल अप मिडिया प्रा. लि.
Dial Up Media Pvt. Ltd.
Authorized Agency for Advertisement
Tinkune, Kathmandu, Nepal.
Tel.: 01-4111541, 9851071408, 9802071408, 9851210895
Email : dialupmedia@gmail.com

Sabi Bajracharya
Proprietor
9866402482
Satyaraj Chaulagain
Managing Director
9851091605
Simple Ad Media
For all kinds of advertisement.
Serial & tele serial direction.
Anamnagar, Kathmandu, Nepal
activemediahouse@gmail.com

Rainbow Media Pvt. Ltd
Anamnagar, Kathmandu, Nepal
rainbowmedia55@gmail.com
977-01-4102510

विरेन्द्र कुमार शाह
जनक दरवार मिडिया प्रा.लि.
परिवार
लहान, सिराहा
सम्पर्क नं.: ९८६०३१२५८५, ९८१७८५१४६३
इमेल: biruazad66@gmail.com

नेपालको जुनसुकै पत्रपत्रिका, टेलिभिजन, एफ.एम. अनलाईनहरुमा सर्व सुलभ रुपमा विज्ञापन गर्नको लागि हामिलाई सम्झनुहोस ।
SUNMOON Media Pvt. Ltd.
Lazimpat - 2, Kathmandu, Nepal
Phone: 4441775, 4002032
Mob.: 9851036249, 9851196549
9841681970
Email : mediaforadvt@gmail.com
Web: www.sunmoonmedia.com.np
"call us for effective and innovative advertising and designing"

QUE MEDIA & MARKETING PVT. LTD.
All kinds of paper advertising
Contract us:
Kathmandu-31, Shankhamul, Kathmandu, Nepal
Contact No: 01-4795404, 9851170394, 9841870394
Email: q.medianepal@gmail.com,
Website: www.quemediamarketing.com.np

KAP MEDIA PVT. LTD.
Kathmandu-29, Anamnagar, Kathmandu
Email: kapmedia6@gmail.com

9851325488
Media With Technology
Rajbiraj, Saptari

Japan Gurung
Executive Director
Palika Advertising and Suppliers Pvt. Ltd.
Bagbazar, Kathmandu, Nepal
Email: palikaadd@gmail.com
We provide all Kind of Advertising and Supply Services for Government and Private Sector.

Managing Director
Kamala Dangi
Trilaxmi Advertising Services Pvt. Ltd.
+977 9851324771
Tokha-08, Kathmandu
trilaxmiadvertising14@gmail.com
kushmadangi86@gmail.com
All kinds of advertising publication.

Newspaper Ad Design & Print, Radio Jingle Compose and Release, TVC Ad Production and Broadcast
Ram Bajracharya
Managing Director
Creative Media Print
Advertise Design Print
Putalisadak, Kathmandu, Nepal
Call: 9851156711
Email: creativemedia2071@gmail.com

राजेन्द्र प्रजापति
अध्यक्ष
राकेश प्रजापति
प्रबन्ध निर्देशक
MR ADVERTISING AGENCY PVT. LTD.
Tokha-1, KTM, Tel.: 9846700291, 9826172438
E-mail: mradvtagency@gmail.com
पत्र-पत्रिका तथा विभिन्न सञ्चार माध्यमहरुमा विज्ञापन गर्न विश्वासिलो एजेन्सीको लागि हामिलाई सम्झनु होला ।

OUTREACH NEPAL
OUTREACH NEPAL PVT. LTD.

SMD Smart Media
Services
Advertising Services
Design & Illustration
Printing Services
T-shirt, Cap, Hat, Keyring, Bags etc.
SMD Smart Media Pvt. Ltd.
Dillibazar, Kathmandu, Nepal
Email: smdsmartmedia@gmail.com

श्याम खतिवडा
अध्यक्ष
गौरी शंकर मिडिया प्रा.लि.
चरिकोट, दोलखा
सम्पर्क नं.: ९८५११५४२५२
विभिन्न पत्रपत्रिकामा विज्ञापन गर्ने परेमा हामीलाई सम्झनुहोस ।

किरण पौडेल
प्रोपाइटर
chitwanadvertising@gmail.com
चितवन एडभरटाइजिङ तथा मिडिया सर्भिस
राजधानी सञ्चारपत्र चितवन पोष्ट गोरखापत्र
मध्यान्ह कान्तिपुर नयाँ पत्रिका नागरिक

Akshaya Publication & G Media Pvt. Ltd.
PHONE 01-5554815, 5549880 G.P.BOX 8450
EMAIL gmedia07@gmail.com
ADDRESS Kopundole, Lalitpur, Nepal

जेनी शाक्य
अध्यक्ष
त्रिरत्न सञ्चार गृह प्रा.लि.
खाँदबारी, सखुवासभा

PRISMARK
AN ADVERTISING & MARCOMM AGENCY
Jawalakhel, Lalitpur, Nepal
prismark@prismark.com.np
977 01 5438180, 5438181
www.prismark.com.np

v-chitra

max media
your in-house media partner
+977 1 526 83 77 / 526 83 78 +977 1 526 85 79
Maxmedia Pvt. Ltd., Maxmedia Villa, Chakupat Road
[Behind Patan Multiple Campus] G.P.O Box: 750
info@maxmedia.com.np www.maxmedia.com.np

WELCOME ADVERTISING & MARKETING
Bhimsengola, Old Baneshwor Kathmandu, Nepal
977-1-4116227, 4594842
info@welcomeadnepal.com
www.welcomeadnepal.com

BAHAR MEDIA PVT. LTD.
बहार मिडिया प्रा.लि.
Thapagaun, New Baneshwor, Kathmandu
9843509211, 9851026747, 9808082077
baharmedia17@gmail.com
budhadharm0@gmail.com
Our Services | Advertisement on all Daily Newspaper, Best Media Counseling, Complete Advertisement Products, Creative Designing & Printing...

# जुट्दै निजी क्षेत्र





छबि सापकोटा

अब निजी क्षेत्रले अर्थतन्त्रलाई माथि उठाउन नवीनतम सोच र प्रविधिसहित लगानीमा जोड दिनु आवश्यकता छ ।

नेपालमा निजी क्षेत्रले आफनो अधिकार र लगानीको वातावरणको लागि सरकार र नियमक निकायसँग सिधा प्रश्न गर्ने हौसियत बनाएका छन् । निजी क्षेत्रमा सक्रिय नेपाल उद्योग परिसंघ, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्सले उद्यम तथा व्यवसाय क्षेत्रका आवाजलाई सरकारसँग राखिरहेका छन् । बजेट निर्माण, मौद्रिक नीति निर्माणदेखि कार्यान्वयन, ऐन नियम निमार्णसम्म निजी क्षेत्र अग्रपंक्तिमा देखिन्छन् ।

सरकारले तीन खम्बे नीतिका रुपमा निजी क्षेत्रलाई आफनो सहयात्रीकै रुपमा लिएको देखिन्छ । निजी क्षेत्रले खुलेर आफ्नो माग र समस्या राख्न सक्ने बाटो सहज बनाएका छन् । कुनै उद्योगीलाई समस्या पर्नासाथ सरकारको ढोकासम्म पुगेर आफनो गुनासोका लागि लविङ गर्न कसैले रोक्न सक्दैन ।

सरकारसँगै मिलेर औद्योगिक पूर्वाधार निर्माण निजीले हातोमालो गर्न पाएको छ । आर्थिक विकासको लागि सरकार र निजी क्षेत्र एक कित्तामा उभिएर अगाडि रोड म्याप बनाउने स्थानमा पुगेका छन । विदेशी लागनी भित्र्याउन सरकारले निजी क्षेत्रसँग मिलेर लगानी सम्मेलन गरिरहेको छ । जसमा उद्योग व्यवसायलाई उत्साहित बनाउने कार्यक्रमलाई प्रमुख प्राथमिकता दिएको पाइन्छ ।

विगतमा द्वन्द्वको कारण निजी क्षेत्र संकटमा परेको थियो, त्यो विस्तारै पुनःउत्थान भएको छ । निजी क्षेत्रले आफुलाई परेको समस्या खुलेरै सञ्चार माध्यमदेखि सार्वजनिक मञ्चमै व्यक्त गर्ने अवस्था छ । निजी क्षेत्रलाई कसरी खुसी बनाउने र लगानीको वातावरणको लागि परम्परागत ढंगबाट कसरी कायापलट गर्नेगरी नीति ल्याउन सरकारलाई दवाव दिन सफल भएका छन्, व्यवसायी । लगानीमैत्री नीति नियम, व्यवसाय मैत्री ऐन कानुन, बजेटदेखि मौद्रिक नीतिसम्म निजी क्षेत्रले आफ्नो लविङ गरिहेका छन् । यसले के देखाउन छ भने निजी क्षेत्रले आफनो अधिकारको दायर फराकिलो रुपमा बढारहेका छन् ।

विश्वभर नै निजी क्षेत्रका लगानीकर्तालाई लगानीको लागि बोलाइरहेका छन् । निजी क्षेत्रको ध्यान आफनो लगानी र सिप उत्पादनशील क्षेत्रमा लगाई रोजगारमूलक उत्पादन र आयमा वृद्धि गरेर सरकार-निजी क्षेत्रको साझेदारीबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय लगानीमै ल्याउने तर्फ केन्द्रित हुनु पर्ने देखिन्छ । उद्योगी व्यवसायीलाई हेर्ने दृष्टिकोण परिवर्तन भएको छ ।

निश्चित नाफाको ग्यारेन्टी सहितको प्याकेजले लगानीको लागि सहज बन्दै भएको देखिन्छ, त्यसको दवाव नेपालमा समेत परेको छ । सरकारलाई दवाव सृजना गर्न सक्ने स्वतन्त्रता यति बेला निजी क्षेत्रले पाएको छ । उद्योगीले एकद्वार प्रणालीदेखि व्याजदर घटाउने बिषयमा खुलेरै सरकारसँग माग राख्ने गरेका छन् । लामो समयदेखि अल्झिरहेको श्रम विवाद समाधान भएको छ । औद्योगिक सुरक्षा, बन्द, हड्ताल जस्ता कार्यक्रम पुर्ण रुपमा निरुत्साहित भइसकेको छ । यसले लगानीको वातावरण बन्न थालेको छ । नेपालको अर्थतन्त्रको आधार अत्यन्त बलियो बन्दै गएको छ । रेमिट्यान्स बढेको बढ्दै र बिदेशी सञ्चितिले नेपालको अर्थतन्त्र बलियो भएको छ । अब सरकार र निजी क्षेत्रले लिने नीतिले नेपालको उद्यमी तथा व्यवसायी उज्ज्वल भविष्यतर्फ मोडिने छन् ।

राणा शासन, पञ्चायतदेखि प्रजातन्त्र, बहुदलहुँदै संघीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा निजी क्षेत्रले विभिन्न उतार चढाव बोहोरेका छन् तर, पछिल्लो समय नीजि क्षेत्र समेत आफ्ना व्यावसायीक हितका विषयमा जुट्ने गरेका छन् । जसको कारण व्यवसायी संगठनले राज्यलाई आफनो समस्या लिखित र मौखिक रुपमा राख्न र दबाब दिन सक्ने भएका छन । अहिले निजी क्षेत्रले कस्तो बजेट ल्याउने, कुन ऐन कानुन संसोधन र खारेज गर्ने भन्ने समेत सुझाव राज्यलाई दिन सक्ने भएका छन ।

निजी क्षेत्रका मागलाई सरकारले कार्यान्वयन गर्नका लागि पहिलो प्रथामिकता दिने गरेका छन । निजी क्षेत्रको आवश्यकता बढ्दै जाँदा सरकारले निजी क्षेत्रलाई समय दिन थालेको छ । निजी क्षेत्र देशको राष्ट्रिय अर्थतन्त्रको साझेदारको रुपमा उभिएका छन् । सरकारसंग व्यक्तिगत वा सामुहिकमा जसरी निजीले आफनो वास्तविकता भन्ने सक्ने हौसियत बनाएका छन । अब निजी क्षेत्रले अर्थतन्त्रलाई माथि उठाउन नवीनतम सोंच र प्रविधिसहित लगानीमा जोड दिनु आवश्यकता छ । बढ्दो बैदेशिक रोजगारीमा जाने मोहमा तोड्नेगरी स्वदेशमै रोजगारी बढाउने तर्फ केन्द्रित भएर देशको आर्थिक वृद्धिको वाहक बन्न तर्फ केन्द्रित हुनै पर्छ ।


बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा, कोशी प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरबासीहरुमा जानकारी मूलक सन्देश

- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं । ❖ बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं । ❖ आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।

श्री पवित्रा महतारा प्रसाई
प्रमुख

श्री नगेन्द्र प्रसाद संग्रौला
उप-प्रमुख

बिर्तामोड नगरपालिका, बिर्तामोड, झापा, कोशी प्रदेश, नेपाल



पुर्वाधार विकास कार्यालय
विराटनगर, मोरङ, कोशी प्रदेश, नेपाल

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख विरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहेर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पति हो त्यसैले संरक्षण गरौं ।
- सुरक्षित तथा भुकम्प प्रतिरोधी आवास निर्माण गरौं ।
- सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो ।
- दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधीकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुल, पुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिम रहित पुर्वाधार सेवा प्राप्ती नागरीक अधिकार ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररुपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



अग्निसाईर कृष्णासवरन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सितापुर, सप्तरी
मधेश प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गाउँबासीहरुमा जानकारी मूलक सन्देश

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।

श्री दिनानाथ चौधरी
अध्यक्ष

श्री कल्पना चौधरी
उपाध्यक्ष

अग्निसाईर कृष्णासवरन गाउँपालिका, सितापुर, सप्तरी, मधेश प्रदेश, नेपाल

# भूमिका बढाउँदै संसद





भानुभक्त जोशी

❝ संसदमा बोलेका कुराको ठूलो महत्व हुन्छ । कार्यान्वयनका लागि सरकार जिम्मेवार हुनुपर्दछ र जनताले पनि त्यसलाई विश्वास गर्दछन् ।

नागरिकस्तरबाट संसदको विधायिकी भूमिका कमजोर हुँदै गएको भनेर आलोचना हुन थालेको छ । यसको पछाडि सरकार, संसद र सांसदहरुको व्यवहार जिम्मेवार रहेको देखन्छ । संसद्मा हामी एक वर्ष पूरा भएर दोस्रो वर्ष लागिसक्यौं । दोस्रो वर्षको पहिलो चरणसम्म पुग्दा पनि हामीले अपेक्षित काम गर्न सकेका छैनौं । अघिल्लो सदनमा एउटामात्रै विधेयक पारित भयो । आर्थिक विधेयक र विनियोजन विधेयकबाहेक हेर्ने हो भने अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी विधेयक मात्रै संसदबाट स्वीकृत भयो । उक्त विधेयकको कार्यान्वयनको अवस्थाबारे पनि प्रश्न छ ।

हिउँदे अधिवेशनलाई विधेयक अधिवेशन भन्ने गरिन्छ । यसपाली हिउँदे अधिवेशन ढिला हुन पुग्यो । पुस महिनाबाटै हिउँदे अधिवेशन सुरु भइदिएको भए राम्रो हुन्थ्यो । पुसपछिका तीन महिना संसद राम्रोसँग चलिदिएको भए धेरै विधेयकमाथि काम गर्न सकिन्थ्यो । माघ २२ गतेदेखि अधिवेशन सुरु गरेर अब हामी कति प्रभावकारी रुपमा काम गर्न सक्छौं भन्ने प्रश्न छ । संसद्मा ल्याउनुपर्ने विधेयक चाँडो ल्याउनु भनेर प्रधानमन्त्रीले सबै मन्त्रालयलाई निर्देशन दिनुभएको छ । साठी वटाभन्दा बढी विधेयक संसद्मा प्रस्तुत गर्ने तयारीमा सरकार रहेको भन्ने सुनिन्छ । अब कानुन बनाउने कामले अपेक्षित गति लिन सकोस् । हाम्रा प्राथमिकता कानुन निर्माणमा केन्द्रित हुन सकुन् ।

संसदीय समितिमा आएका विधेयकमाथि पनि तदारुकताका साथ काम गर्न सकिएको छैन । म आफैं शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापति छु । यो समितिमा चारवटा विधेयक छलफलका लागि आएका छन् । विद्यालय शिक्षा विधेयक, नेपाल विश्वविद्यालय विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक र सुरक्षण मुद्रण विधेयक शिक्षा समितिमा आएका छन् ।

सांसद विधेयक बनाउने, नीति, नियम, कानुन बनाउने कुरामा जति जिम्मेवार भएर लाग्नुपर्ने हो, त्यति लाग्न सकेका छैनन् । कानुन बनाउन जति समय दिनुपर्ने हो, त्यसभन्दा अन्यत्र बढी समय दिइरहेका छन् भन्ने कुरामा व्यक्तिगत रुपमा म सहमत छु । संसदका कामलाई कसरी प्रभावकारी बनाउने र गति दिने भनेर हामी निकासमा पुग्न सकेका छैनौं ।

संसद भनेको जनताका समस्या उजागर गर्ने र समाधानका लागि सम्बन्धित निकायलाई घच्घचाउने थलो हो । जनताबाट निर्वाचित जनप्रतिनिधिले उनीहरुलाई परेका समस्या, उनीहरुका गुनासा सुन्नु जिम्मेवारी हुन आउँछ । संसदमा बोलेका कुराको ठूलो महत्व हुन्छ । कार्यान्वयनका लागि सरकार जिम्मेवार हुनुपर्दछ र जनताले पनि त्यसलाई विश्वास गर्दछन् । तर अहिलेसम्मको हाम्रो अभ्यास हेर्दा सांसदले बोलेका कुरालाई सरकारले त्यति महत्व दिएको देखिँदैन । कार्यान्वयनमा ध्यान दिएको देखिँदैन ।

सांसदहरु आफैंले संसदमा बोलेका कुरा सरकारले सम्बोधन गर्न नसकेको भनेर गुनासो गरिरहेका हुन्छन् । गुनासो सुनुवाइ नभएको भनेर संसदमै गुसानो गर्नुपर्ने अवस्था छ । संसद्मा उठेका कुरा सुन्ने र त्यसको समाधान खोज्ने विषयमा सरकार र सम्बन्धित पदाधिकारी जिम्मेवार हुन सकुन् । आगामी सदनमा हामी यो कुरालाई थप प्रभावकारी रुपमा उठाउँछौं । अघिल्लो सदनमा पनि हामीले नागरिकका समस्या संसद्मा उठायौं । तर सरकारबाट सम्बोधन भएन । अब थप सशक्त रुपमा उठाउँछौं ।

म दुर्गम मध्येको एक जिल्ला बझाङको प्रतिनिधित्व गर्छु । बझाङमा सामान्य कर तिर्नका लागि कर कार्यालय छैन् । त्यसका लागि डडेलधुरा पुग्नुपर्छ । जनताले सरकारलाई कर तिर्नका लागि सहज होस् भनेर जिल्लामै कर कार्यालय राख्नुपर्यो भनेर संसद्मा पटक-पटक कुरा उठाएको छु । तर अहिलेसम्म सुनुवाइ भएको छैन । बझाङ जिल्लाबाट सामान्य रकमको कर तिर्नका लागि पनि डडेलधुरा आउनुपर्ने अवस्थाले नागरिकलाई पनि सास्ती भएको छ ।

जनताका समस्या/गुनासो संसदा उठाउने सवालमा हाम्रा पनि कमी-कमजोरी छन् । किनभने, हामी पनि अन्य काममा बढी अल्झिनुपर्ने बाध्यता छ । विकास निर्माणका कामका लागि विभिन्न मन्त्रालय धाउने, विभागमा दैडनुपर्ने अवस्था छ । एउटा विधि पद्धति नहुँदा यस्तो समस्या सिर्जना भएको हो । यी र यस्तै अनेक कारणले सांसद सदनमा पनि कम समय दिइरहेका छन् ।

सरकार पनि आफ्नै तरिकाले अगाडि बढिरहेको छ । सरकारले सत्तापक्ष दलसँग समेत सरसल्लाह गर्दैन । सत्तापक्ष दलसँग सबै विषयमा गम्भीर छलफल गर्न र सुझाव लिन आवश्यक छ । सरकारले सत्तापक्ष दलहरुसँग पर्याप्त छलफल गर्ने र प्रतिपक्षलाई पनि विश्वासमा लिएर सदनका काम अगाडि बढाइनुपर्ने हो । कानुन निर्माण, वार्षिक नीति तथा कार्यक्रम, योजना तथा बजेट लगायतका कुरामा सत्तापक्षको साथ र प्रतिपक्षको विश्वास लिएर सरकार अघि बढ्नुपर्छ । अहिलेसम्मको काम गर्ने शैली र व्यवहार हेर्ने हो भने सरकारले सत्तापक्षकै दल र सांसदसँग पनि पर्याप्त छलफल परामर्श गर्ने र उनीहरुको कुरा सुन्ने गरेको देखिँदैन । ऐन, नियम, कानुन बनाउने, नीति योजना कार्यक्रम ल्याउने विषयमा सत्तापक्षसँग व्यापक छलफल गरियोस् ।

देशको अर्थतन्त्र विस्तारै लयमा फर्किएको भनिएको छ । तर आम नागरिकमा त्यसको अनुभूति अझै भइसकेको छैन । निर्माण व्यवसायी आफूले काम गरेको भुक्तानीसमेत पाउन नसकेर आन्दोलन गर्नुपर्ने अवस्थामा छन् । अरु क्षेत्र पनि समस्यामा छन् । अर्थतन्त्रसँग सरोकार राख्ने, विज्ञ र सरोकार राख्ने सबै क्षेत्रसँग सरकारले निरन्तर छलफल गरेर अब कसरी अघि बढ्ने भनेर सुझाव लिन जरुरी छ ।

साथै हाम्रो काम गर्ने शैलीप्रति सत्तापक्ष प्रतिपक्ष सबैले आत्मसमीक्षा गर्नुपर्ने बेला भइसकेको छ । हाम्रो साधारण खर्च बर्सेनि बढ्दो छ । पुँजीगत खर्चको हिस्सा कम हुँदै जाने र त्यसमा पनि वास्तविक खर्च झन कम हुने अवस्था विगतका वर्षमा देखिएको छ । लक्ष्यअनुसार राजस्व उठ्न सकेको छैन । पुँजीगत शीर्षकमा विनियोजन हुने आधा जति पनि विकास खर्च हुन सकेको छैन । हाम्रो विकास खर्चभन्दा बढी वित्तीय व्यवस्थापन शीर्षकबाट सार्वजनिक ऋणको साँवा र ब्याज तिर्नमा खर्च भइरहेको छ ।

आन्तरिक र बाह्य दुवै ऋण जोड्दा करिब रु २४ खर्ब पुग्न लागिसकेको छ । त्यस्तो सार्वजनिक ऋणको साँवा ब्याज तिर्नका लागि हामीले विकास बजेटभन्दा बढी खर्च गर्नुपर्ने स्थिति आइसकेको छ । विसं २०५१/५२ तिर साधारण खर्च करिब २२/२३ प्रतिशत बराबर मात्रै थियो भने अहिले प्रतिशत करिब ६३ प्रतिशत पुगिसकेको छ । त्यो बेला ७० प्रतिशत रहेको पुँजीगत बजेटको हिस्सा अहिले १७ प्रतिशतमा खुम्चिएको छ । पुँजीगत शीर्षकमा छुट्याइएको सबै रकम खर्च पनि हुन सकेको छैन । बेरोजगारीका कारण ठूलो युवाशक्ति विदेशिनु परिरहेको छ । हाम्रो यो अवस्थाले मुलुकको अर्थतन्त्रलाई भोलिका दिनमा थप अप्ठेरो पार्नसक्छ । यसकारण सबै राजनीतिक दल र जनप्रतिनिधिले आत्मसमीक्षा गर्दै आगामी दिनका लागि काम गर्दा गम्भीर हुन आवश्यक छ ।

***(लेखक जोशी प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितका सभापति हुन् ।)***




खडक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर, सप्तरी, मधेश प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

खडक नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- कर समयमै तिरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- सार्वजनिक सम्पति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।

श्री जय प्रकाश चौधरी
प्रमुख

श्री रिता कुमारी चौधरी
उप-प्रमुख

खडक नगरपालिका, कल्याणपुर, सप्तरी, मधेश प्रदेश, नेपाल

जहदा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मझारे, मोरङ, कोशी प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गाउँबासीमा अनुरोध

- व्यक्तिगत घटना दर्ता समयमै गरौं । र, आफ्नो सन्तानको भविष्य सुनिश्चित गरौं ।
- गाउँपालिकाबाट इजाजत लिएर घरनक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- वैदेशिक रोजगारमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्रै जाऔं ।
- साबुनपानीले हात धुने बानी बसालौं ।
- हावाहुरीबाट हुने आगलागीबाट बचौं । र, अरुलाई पनि सावधानी गराऔं ।
- सरसफाइमा ध्यान दिऔं । र, फोहोरमैला जथाभावी नफालौं ।
- कुपोषण न्यूनिकरण गर्न हरेकबार खानचारलाई प्रवर्द्धन गरौं ।
- लैंगिक हिंसाविरूद्धको आवाज बुलन्द पारौं । र, त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

श्री जितेन्द्र प्रसाद साह
अध्यक्ष

श्री हन्ना सोरेन
उपाध्यक्ष

जहदा गाउँपालिका, मझारे, मोरङ, कोशी प्रदेश, नेपाल

# विदेश पलायन : रहर कि बाध्यता ?



जनक बराल

भयावह अवस्था रहेमा एक दिन देश नै युवाविहीन हुने अवस्था नआउला भन्न सकिँदैन । भाषण र कागजीरूपमा मात्रै देश विकासको कोरा नारा दिनुभन्दा अब व्यवहारमा युवामूखी कार्यक्रम ल्याएर, देशमा रोजगारी सिर्जना गर्दै अहिलेको पलायनको भयावह स्थितिलाई रोक्न सकिएन भने मुलुकले भविष्यमा चर्को मूल्य चुकाउन बाध्य हुनेछ ।

कार्तिक दोस्रो साता स्वयम् पंक्तिकार गैरआवासीय नागरिकताको लागि जिल्ला प्रशासन कार्यालय कास्कीमा पुगेको थियो । जसको लागि इलाका प्रहरी कार्यालयबाट सर्जमिन मुचुल्का बनाउनु पर्ने भयो । जसका लागि पंक्तिकारले आफ्नो वडामा बस्ने पाँच जना व्यक्तिलाई प्रहरी कार्यालयमा नागरिकतासहित उपस्थित गराएर उक्त मुचुल्काको लागि साक्षी राख्नुपर्ने देखियो । विदेशी नागरिकता प्राप्त गरिसकेपछि पुनः गैरआवासीय नागरिकता लिनु भनेको पंक्तिकारका लागि स्वदेशमा केही क्षेत्रमा आर्थिक लगानी गर्नु र भविष्यमा नेपाल फर्कनेको लागि बाटो सहज बनाउनु पनि थियो ।

त्यसकारण पनि साँक्षी बस्नको लागि पंक्तिकारले पनि यस्ता तीन जना युवाहरू रोजेको थियो, जो स्वयम् जस्तै पीडित भनुँ वा मनोविज्ञानका थिए ।

साँक्षी बस्नेमध्येका एक जना जोशिला युवा थिए-टेनिस बराल । उनी करिब आठ वर्ष अगाडि कोरियाको लोभलाग्दो कमाई छोडेर स्वदेशमै केही गरौँ भन्ने उद्देश्य बोकेर नेपाल फर्किएका थिए । विगत छ वर्षदेखि पोखराको व्यस्त ठाउँमा मासु-अण्डा र पोल्ट्रीसम्बन्धी अन्य उत्पादन बिक्री-वितरण गर्दै आइरहेका उनी नेपालमा सोंचे जस्तो कमाई र मुनाफा त परै जाओस् परिवारको आधारभूत आवश्यकता पनि पूरा गर्न गाह्रो हुन थाले पछाडि अघिल्लो महिना पुनः कोरिया फर्किन बाध्य बने ।

कोरियाबाटै फर्केका अर्का युवा हुन्- मिलन पौडेल । जसले व्यवसायिक बाख्रा पालनदेखि अन्य धेरै प्रकारका पेशा व्यवसायमा समेत लगानी गरेर विगत एक दशक नेपालमा बिताए । जतिसुकै मेहनत र लगानी गर्दा पनि सोचेअनुरूपको प्रतिफल प्राप्त नहुँदा तत्कालै विदेश जाने मनस्थितिमा नरहे पनि अबको बाटो के भनेर उनी पनि सोचमा डुब्न पुगेका छन् ।

चाहे कतारमा सेक्युरिटी गार्ड गरेर स्वदेश फर्केर गाउँमै सानोतिनो व्यवसाय गरेर जीवन निर्वाह गरिरहेका हुन्, चाहे बेलायत छोडेर स्वदेश आएर पर्यटन व्यवसायमा लागेका हुन्, चाहे लामो समयदेखि शिक्षण पेशामा लागेका नै किन नहुन् भने जस्तो अवसर पाएदेखि सबै जना विदेशिने मनस्थितिमा देखिन्छन् ।



कोरोना महामारी लगत्तै घटेको रसिया-युक्रेन युद्ध, इजरायल-प्यालेस्टाइन युद्धलगायत अन्य धेरै प्रत्यक्ष तथा अप्रत्यक्ष कारणले गर्दा संसारभर महँगी अनियन्त्रित बनेको छ भने बेरोजगारीको दर पनि ह्वात्तै बढेको छ । त्यसबाट नेपाल जस्तो सानो अर्थतन्त्र रहेको र रेमिट्यान्समा निर्भर हुने मुलुकमा त्यसको बढी असर देखिनु त स्वभाविक नै हो । तर, जुन हिसाबमा आम जनतामा निराशा देखापरेको छ र अर्थतन्त्र जुन दिशामा जाँदै छ त्यसलाई स्वभाविक मान्न सकिँदैन ।

आज आम नेपाली जनता दुई छाक टार्न र हातमुख जोर्नसमेत नसक्ने अवस्थामा पुगिरहेका छन् । देशमा उत्पादन छैन, बेरोजगारी धेरै बढेको छ, व्यापार व्यवसाय नोक्सानमा छन्, जनताको क्रय शक्ति घटेको छ, बजारमा पैसा छैन, ऋण लिउँ तिर्ने आधार छैन । बैंकदेखि वित्तीय संस्था सबै जोखिममा छन् भने सहकारी र लघुवित्त सबै डुबिसकेका छन् ।

देशमा अहिले हरेक क्षेत्रमा समस्यामा छ । हर कोही निराशामा छन् । राजनैतिक र आर्थिक पहुँच नहुनेहरूलाई जिउन धेरै गाह्रो छ । फलतः आज सिङ्गो देश र धेरै नागरिक आफ्नो गुजारा टार्न र भविष्य सुरक्षित गर्न भन्दै विदेश पलायन हुन थालेका छन् ।

के युवा, के बयस्क, के उमेर पुगेका हरेक व्यक्तिहरू विदेश जानैपर्ने बाध्यात्मक परिस्थितिको सिकार बनेका छन् । जब पैंतालिस वर्ष काटेका र सम्धी बनिसकेका व्यक्तिहरू विदेश जान चाहन्छन् भने त्यो देशका अन्य आर्थिक सूचकांक हेर्न जरुरी नै छैन । सहजै अनुमान लगाउन सकिन्छ, आम जनताको जीवन कता जाँदैछ । विभिन्न तथ्यांक केलाएर हेर्दा, यो वर्ष अहिलेसम्मकै धेरै नेपाली नागरिकहरू विभिन्न उद्देश्य बोकेर विदेशिएको देखिन्छ । नेपाल जस्ता देशहरूबाट युवाहरू विदेश जानु कुनै आश्चर्यको कुरा होइन तर, किन एकैपटक यति धेरै संख्यामा नागरिकहरू विदेश पलायन हुँदै छन् र कुन-कुन परिस्थितिका व्यक्तिहरू विदेश जाँदै छन्, ती सबै कुराको सूक्ष्म विश्लेषण गर्नु जरुरी छ ।

केही वर्ष अगाडि कहिल्यै विदेश नजाने अठोट गरेका र अरुलाई पनि विदेशबाट फर्कन र स्वदेशमै केही गर्न हौसला दिनेहरू समेत आफैं विदेश पलायन हुनु सुखद घटना होइन । विदेशबाट आर्जित रेमिट्यान्स दीर्घकालको लागि कुनै पनि मुलुकलाई महँगो पर्न जान्छ । जब देशमा रोजगारी सिर्जना हुँदैन, उद्योग, कलकारखानाहरू खुल्दैनन्, राजनीतिज्ञहरू देश र जनताप्रति इमानदार हुँदैनन् र राष्ट्रसेवक कर्मचारीहरू घुसखोरी र अनियमिततातर्फ लाग्दछन् भने हरकोही युवा निराश भएर जिविकोपार्जन गर्न होस् वा उचित अवसरको खोजीमा विदेश पलायन हुनु स्वभाविक मान्न सकिन्छ ।

जीवन धान्न नै मुस्किल भएर अनि सरकार र शासकहरू प्रति अविश्वास र वितृष्णा बढेसँगै धेरै युवाशक्ति विदेश जान बाध्य बनेका छन् । यस्तै, भयावह अवस्था रहेमा एक दिन देश नै युवाबिहीन हुने अवस्था नआउला भन्न सकिँदैन । भाषण र कागजीरूपमा मात्रै देशविकासको कोरा नारा दिनुभन्दा अब व्यवहारमा युवामूखी कार्यक्रम ल्याएर, देशमा रोजगारी सिर्जना गर्दै अहिलेको पलायनको भयावह स्थितिलाई रोक्न सकिएन भने मुलुकले भविष्यमा चर्को मूल्य चुकाउन बाध्य हुनेछ ।

**अनलाइन प्रविधि मार्फत हुने क्रिप्टोकरेन्सी, विटक्वाइन, हाइपर नेटवर्किङ्ग, अनलाईन जुवा लगायतका विषयमा नेपाल दूरसञ्चार प्राधिकरणबाट जारी गरिएको निर्देशन**

नेपालमा मौद्रिक उपकरणको रुपमा कानूनी मान्यता नदिएको Virtual Currency र Network Marketing लगायतका डिजिटल प्रविधिको प्रयोग गरी हुने कारोवार हालका दिनमा बढ्दै गएको हुँदा अनलाइन प्रविधि मार्फत हुने क्रिप्टोकरेन्सी, विटक्वाइन, हाइपर नेटवर्किङ्ग, अनलाईन जुवा लगायतका गैर कानूनी क्रियाकलाप तथा आर्थिक अपराधसँग सम्बन्धित Website, App, अनलाइन सञ्जाल लगायतका भर्चुअल माध्यमहरु नेपालभित्र प्रयोग, संचालन र व्यवस्थापन गर्न नपाउने गरी र त्यस्तो Website, App वा अनलाइन सञ्जालमा पहुँच पुग्न नसक्ने व्यबस्था गर्न सबै इन्टरनेट (इमेल सहित) सेवा प्रदायक संस्थाहरुलाई नेपाल दूरसञ्चार प्राधिकरणबाट निर्देशन जारी गरिएको छ । साथै प्राधिकरणबाट जारी गरिएको निर्देशनको पालना नगरेको पाईएमा ऐन बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ ।

नेपाल दूरसञ्चार प्राधिकरण
Nepal Telecommunications Authority
अनुगमन महाशाखा, जमल, काठमाडौँ, नेपाल,
फोन नं:९७७-५३५५४७४, Email: info@nta.gov.np, URL: www.nta.gov.np

**नेप्से अनलाइन ट्रेडिङ सिस्टम (NOTS) मार्फत शेयर खरिद र बिक्री गर्दा निम्न कुराहरुमा जानकारी राख्न हुन NEPSE सम्पूर्ण लगानीकर्तामा अनुरोध गर्दछ:**

- नेप्सेको सदस्यता प्राप्त धितोपत्र दलाल कम्पनी/शाखाबाट नट्स प्रयोग गर्नका लागि युजरनेम **(USER NAME)** र पासवर्ड **(PASSWORD)** निःशुल्क प्राप्त गर्न सकिन्छ । धितोपत्र दलाल कम्पनीहरुको नाम, ठेगाना र फोन नम्बर नेप्सेको वेबसाइट www.nepalstock.com तथा www.nepalstock.com.np मा उपलब्ध छ ।
- लगानीकर्तालाई ब्रोकर तथा नेप्सेको प्रणालीमा जोड्ने माध्यम टिएमएस हो जसबाट लगानीकर्ताले खरिद तथा बिक्री आदेश प्रविष्ट गराउन सक्छन् । प्रविष्ट गरिएको आदेशको हरेक अवस्थाको जानकारी **Order Book** मा गई प्राप्त गर्न सकिन्छ ।
- अनलाइन युजरले ब्रोकर मार्फत वा आफैले खरिद बिक्री आदेश प्रविष्टि गरी कारोबार गर्न सक्छन् ।
- लगानीकर्ताको एउटा हितग्राही खातालाई ब्रोकरसँग खोलिएको एउटा कारोबार खातासँग मात्र आवद्ध गरेपछि नट्समा कारोबार गर्न सकिन्छ । राफसाफ तथा फछ्र्यौट सम्बन्धी कार्य समेत यसैबाट हुन्छ ।
- कारोबार गर्नको लागि ग्राहकले आफ्नो ब्रोकरसँग धितो जम्मा गर्नुपर्छ । धितो जम्मा गरेको आधारमा ब्रोकरले लगानीकर्तालाई कारोबार सीमा **(Trading Limit)** प्रदान गर्छन सोही कारोबार सीमाको अधिनमा कारोबार गर्न सकिन्छ ।
- कारोबार सीमा तथा धितोपत्र खरिद पछिको राफसाफ तथा फछ्र्यौट कार्यका लागि टिएमएसबाट क्लियरिङ बैंकको e-Banking Portal मा गई लगानीकर्ताले ब्रोकरको Account मा **Fund/Collateral Transfer** गर्न सक्छन् । नेपाल क्लियरिङ्ग हाउस लिमिटेडसँग आवद्ध बैंक तथा वित्तीय संस्थाबाट पनि यो सुविधा लिन सकिन्छ ।
- धितोपत्र बिक्री पश्चात www.meroshare.cdsc.com.np मार्फत **MY EDIS** खोली **Transfer share** गर्नु पर्ने हुन्छ । यसरी Transfer share गरे पश्चात मात्र धितोपत्रको राफसाफ गर्न सम्भव हुन्छ ।

नेपाल स्टक एक्सचेञ्ज लि.
युएनआई शान्ति मार्ग, भद्रकाली, काठमाडौं ।

हिमालयन जीवन उपहार योजना
हिमालयन जीवन उपहार, दोहोरो लाभको वहार

**जीवन उपहार बीमा योजनाका विशेषताहरू**

- न्युनतम बीमाङ्क रकम : रु. ५,००,०००/- अधिकतम : असिमित
- बीमा योजना प्रवेश उमेर : १६ वर्ष देखी ५४ बर्ष सम्म
- बीमाको अवधि : १६ बर्ष (Fixed Term)
- मुल बीमालेखको प्रथम बार्षिकोत्सबमा मुल बीमालेखमा उल्लेखित बीमाङ्क रकम बराबरको सहायक बीमालेख निःशुल्क प्रदान गरिनेछ ।
- ऐच्छिक सुविधा अर्न्तगत १ करोड सम्मको दुर्घटना मृत्यु लाभ (ADB) तथा अपाङ्ग अशक्त सुविधा (TPD & WOP) प्राप्त गर्न सकिनेछ ।

हिमालयन लाइफ इन्स्योरेन्स (साविकको प्राइम,यूनियन र गुराँस लाइफ इन्स्योरेन्स कं.लि. गाभिएर बनेको बीमक)

HIMALAYANLIFE
सुरक्षा अटल, भविष्य सबल
हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड
केन्द्रीय कार्यालय : मनकामना मार्ग || हात्तिसार || काठमाडौं || फोन : ०१-५९७००५७
Email : info@himalayanlife.com.np || URL: www.himalayanlife.com.np

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक २१औं वर्ष पुरा गरी २२औं वर्षमा प्रवेश गरेको अवसरमा बधाई तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

रवि सिंह
अध्यक्ष
एवम्
नेपाल निर्माण व्यवसायी महासंघ
Federation of Contractors' Associations Of Nepal-FCAN
परिवार

# पाकिस्तानको निर्वाचनले दिएको सन्देश



उत्तम कार्की

" चौतर्फी घेराबन्दीपछि पीटीआई समर्थक नेताहरूले स्वतन्त्ररूपमा लुकेर चुनाव लडेका थिए । यद्यपि, चौतर्फी घेराबन्दीका बाबजुद पीटीआई समर्थकले नै सबैभन्दा धेरै सिट जिते । जनताले अथाह आस्था र प्रेम खानप्रति देखाए ।

पाकिस्तानको आम निर्वाचनको नतिजा आएको छ । नतिजामा सबै घेराबन्दीका बाबजुद इमरान खानको पार्टी पीटीआई पक्षधर समूहले सबैभन्दा धेरै सिट जितेको छ । पाकिस्तानी सञ्चारमाध्यमले जनाएअनुसार पीटीआई समर्थकहरुले १०१ सिट जितेका छन् । नवाज सरिफको पार्टी पीएमएल-एनले ७५ सिट जितेको छ भने बिलावल भुट्टो जरदारीको पार्टी पीपीपीले ५४ सिट जितेको छ । पाकिस्तानमा २६५ विधानसभा सिटका लागि निर्वाचन भएको थियो । यस्तो अवस्थामा बहुमतको आँकडा १३३ हो, तर कुनै पनि एक दलले बहुमत ल्याउन सकेनन् ।

बहुमत नल्याएको अवस्थामा फेरि पाकिस्तानको राजनीतिमा सेना नै किङ्गमेकर बनेको छ । सेनाले यसअघिदेखि नै नवाज शरीफ नेतृत्वको पीएमएल-एनलाई आफ्नो कित्तामा उभ्याइरहेको छ । नतिजापछि सेनाको रोहवरमा नवाज शरीफ र बिलावल भुट्टो जरदारीको पार्टीबीच गठबन्धनका लागि वार्ता शुरु भएको छ । यस्तो अवस्थामा सबैभन्दा बढी सिट जितेपनि बहुमत ल्याउन नसकेको इमरान खान र उनको पार्टीको भविष्य अन्योलमा परेको सञ्चार माध्यमले लेखेका छन् । पाकिस्तानमा फेरि एकपटक सेना किङ्मेकर बन्ने र पर्दा पछाडि सेनाले नै सरकार चलाउने अवस्था बनेको सञ्चार माध्यमले लेखेका छन् ।



**इमरान खानको पक्षमा अथाह जनसमर्थन**

इमरान खान अहिले जेलमा छन् र उनको पार्टीका नेताहरुमाथि कारबाही पनि भइरहेको छ । निर्वाचनको बेला इमरान खान पक्षधरलाई एकातिर चुनाव चिन्ह बिहीन बनाइएको थियो भने अर्कोतिर चुनावी ऱ्याली तथा कार्यक्रम गर्न प्रतिबन्ध लगाइएको थियो । चौतर्फी घेराबन्दीपछि पीटीआई समर्थक नेताहरूले स्वतन्त्र रूपमा लुकेर चुनाव लडेका थिए । यद्यपि, चौतर्फी घेराबन्दीका बाबजुत पीटीआई समर्थकले नै सबैभन्दा धेरै सिट जिते । जनताले अथाह आस्था र प्रेम खानप्रति देखाए ।

निर्वाचन आयोगले कतिपय खान पक्षधरले जितेका ठाउँमा पुनः निर्वाचनसमेत गराएको थियो । यद्यपि, अथाह समर्थन प्राप्त गरेपनि अंकगणित देखाउन नसकेको कारण खान पक्षधरको अवस्था के हुने अन्योल छ ।

**पाकिस्तानमा अब के होला ?**

चुनावी नतिजा आएपछि नवाज शरीफको पार्टी र बिलावल भुट्टोको पार्टीबीच गठबन्धनको बारेमा वार्ता भइरहेको छ तर, अन्तिम निर्णय भने भइसकेको छैन । यद्यपि, पाकिस्तानको राजनीति बुझ्नेहरू विश्वास गर्छन् कि पाकिस्तानी सेना इमरान खान र उनको पार्टीलाई सत्तामा आउन दिन चाहँदैन र यही कारणले गर्दा नवाज शरीफ र बिलावल भुट्टोबीच चाँडै गठबन्धन हुनेछ । अन्य दलका नेताहरू पनि यो गठबन्धनमा सामेल हुन सक्छन् र सरकार गठन गर्न सक्छन्, जसको नेतृत्व नवाज शरीफ वा उनका भाइ शाहबाज सरिफले गर्न सक्छन् ।

सेनाको विरोधका कारण इमरान खानको पार्टी पीटीआईले सबैभन्दा ठूलो दल बने पनि सत्ता हात पार्न सकेको छैन । पीटीआईले चुनावमा धाँधली भएको आरोप लगाएर सडकमा उत्रिने घोषणा गरेको भएपनि सेनाको बलियो दबाबका पछि आन्दोलन अगाडि बढ्न जटिल भएको बताइन्छ । जसका कारण इमरान खान र उनको पार्टीको भविष्य अन्योलमा परेको देखिन्छ ।


नेपाल राष्ट्र बैंक

## नेपाल राष्ट्र बैंकको अनुरोध

- लघुवित्त वित्तीय संस्थाबाट प्रदान गरिने सेवाको बारेमा आवश्यक जानकारी लिएर मात्र कारोवार गरौं ।
- लघुवित्त वित्तीय संस्थाबाट प्रवाह हुने कर्जामा बढीमा १५ प्रतिशत ब्याजदर र १.५ प्रतिशत सेवाशुल्क लिन पाइने व्यवस्था भएकोले ब्याजदर र सेवा शुल्क यकिन गरेर मात्र कारोबार गरौं ।
- तपाईले लिएको कर्जाको रकम कसैको बचत हो त्यसैले लघुवित्त वित्तीय संस्थाबाट लिएको कर्जा तोकिएको परियोजना वा व्यवसायमा लगानी गरी कर्जा सदुपयोग गरौं ।
- लघुवित्त वित्तीय संस्थाबाट लिएको कर्जा तिर्नु पर्दैन भनेर गरिएको दुस्प्रचारको भ्रममा नपरौं । लिएको कर्जा तिर्नु कानुनी तथा नैतिक दायित्व हो ।
- कर्जा मिनाहा र माफी गराइदिन्छु भनी कसैले रकम मागेमा नदिऔं ।
- लघुवित्त वित्तीय संस्थासँग कुनै गुनासो भएमा नेपाल राष्ट्र बैंकको पैसा तिर्नुनपर्ने (Toll Free) नम्बर १८१०५०००२२ वा gunaso.nrb.org.np वा gunaso@nrb.org.np वा कार्यालय समयमा बैंकका जुनसुकै कार्यालयमा निवेदन दर्ता गरी यथोचित समाधान गर्नेतर्फ पहल गरौं ।
- समस्या समाधानको लागि असम्बन्धित व्यक्ति वा समूहको भर नपरौं ।









## हार्दिक
बधाई तथा शुभकामना

२१ औं वार्षिकोत्सव

पछिल्लो समय नेपालमा पत्रकारिताको स्थिति हेर्दा समाचार सम्प्रेषण, राजनीतिक घटनाक्रमको व्याख्या र तिनीहरुको विश्लेषण मात्र प्रमुख रहेको पाइन्छ, तर प्रवासी कामदारको हक हित, दुखी, असहायका अधिकारका लागि र राष्ट्रिय विकृति विसंगतिविरुद्ध सदैव अडिग रहेर कलम मार्फत घचघच्याई रहने काठमाडौंबाट नियमित रूपमा प्रकाशित हुने मध्यान्ह राष्ट्रिय दैनिकले स्वतन्त्र पत्रकारिताको अभावलाई चिरेको छ ।

विभिन्न समस्या र कु-संस्कृतिलाई चिर्दै मध्यान्ह राष्ट्रिय दैनिकले आफ्नो प्रकाशनको २१औं वसन्त पार गरेको उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

विकास स्याङ्तान तामाङ
अध्यक्ष
नेपाल तामाङ घेदुङ प्रवास कार्यसमिति कतार
महासचिव
नुवाकोट सेवा समाज कतार



## हार्दिक
बधाई तथा शुभकामना

२१ औं वार्षिकोत्सव यात्रा २२औं वर्षको

पछिल्लो समय नेपालमा पत्रकारिताको स्थिति हेर्दा समाचार सम्प्रेषण, राजनीतिक घटनाक्रमको व्याख्या र तिनीहरुको विश्लेषण मात्र प्रमुख रहेको पाइन्छ, तर प्रवासी कामदारको हक हित, दुखी, असहायका अधिकारका लागि र राष्ट्रिय विकृति विसंगतिविरुद्ध सदैव अडिग रहेर कलम मार्फत घचघच्याई रहने काठमाडौंबाट नियमित रूपमा प्रकाशित हुने मध्यान्ह राष्ट्रिय दैनिकले स्वतन्त्र पत्रकारिताको अभावलाई चिरेको छ ।

एनआरएनएका हरेक विषयलाई जस्ताको त्यस्तै लेख्ने, विभिन्न समस्या र कु-संस्कृतिलाई चिर्दै मध्यान्ह राष्ट्रिय दैनिकले आफ्नो प्रकाशनको २१औं वसन्त पार गरेको उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।



प्रवीण गुरूङ
उप-महासचिव
गैरआवासीय नेपाली संघ,
अन्तर्राष्ट्रिय समन्वय परिषद

# राजनीतिमा अस्थिरताको भय



प्रदीप उप्रेती

> गणतन्त्रात्मक शासन व्यवस्था र राजतन्त्रात्मक शासन व्यवस्थामा जनताले तात्विक भिन्नताको अनुभूति गर्न सकेनन् । नाममा व्यवस्था बदलिए पनि अवस्था उस्तै रह्यो । अवस्थालाई परिवर्तन गर्न राजनीतिक शक्ति करिब असफल बने । उनीहरु केवल सत्तामोहमा मात्रै रमाइरहे । बिडम्वना, जुन असन्तुष्टि व्यवस्थाकै प्रश्न खोज्ने गरी उठेको छ ।

विश्वमानचित्रमा हिमाली गणराज्यको रूपमा अवस्थित सार्वभौमसत्ता सम्पन्न संघीय गणतन्त्रतात्मक नेपाल धार्मिक आस्थाका आधारमा बहुसंख्यक हिन्दु धर्मालम्बी (८१.३४ प्रतिशत) भएको मुलुक हो । अत्यधिक हिन्दु समुदायको बाहुल्यता कायम रहँदा रहँदै पनि धर्मनिपरेक्षतालाई मुलुकको संविधान एवम् आमनागरिक समाजले सहजै स्वीकार गर्नु आफैमा नौलो उदाहरणसमेत हो । हिन्दु दर्शनको प्रस्तुत तथ्यलाई प्रमुख आधार मान्दै पुरातन राजतन्त्रतात्मक शासन पद्धतिले नेपाली धर्तिमा आफ्नो वर्चश्व एवम् स्थायित्व कायम राख्न सफल रहेको हो भन्न सकिन्छ ।

कुनै समयको शक्तिशाली समूह आज निष्क्रिय अवस्था रहँदा रहँदै पनि आफ्नो गुमेको मणि प्राप्त गर्न उत्सुक रहेको पाइन्छ । त्यसो भएको हुँदा यस समूहको राजनीतिक शक्तिलाई कुनै पनि हालतमा उपेक्षा गर्न मिल्दैन । विश्व इतिहासको ऐतिहासिक तथ्यलाई एक पटक नियालेर हेर्ने हो भने कतिपय अवस्थामा यस प्रकारका मृतप्राय: शक्ति समुदाय पुन: उदय भएको घटनाक्रमले औंल्याएको छ । तसर्थ, नेपालका राजनीतिक समूहले जनउत्तरदायी कार्य नगरी केवल संसदभित्रको फोहोरी राजनीतिको खेललाई तिब्रता दिँदै दलगत खिचातानीमा अभ्यस्त रहने प्रयत्न गर्ने हो भने जनमत कतातिर जान्छ अहिल्यै भन्न सकिने अवस्था छैन ।

किनकि २०६२/०६३को आन्दोलित अवस्थामा रहेको जनअसन्तोषलाई साम्यपार्न तात्कालिन राज्यपक्ष एवम् संघर्षरत विद्रोही पक्ष नेकपा (माओवादी)का अतिरिक्त अन्य राजनीतिक समूहले राजसंस्थाको भविष्यका सन्र्दभमा तात्कालिन अवस्थामा गरेको भद्र राजनीतिक सहमति, विश्व विख्यात जनमत संग्रहको अभावका कारण गरिएका कतिपय राजनीतिक निर्णयहरूले वर्तमान परिपक्षेमा पनि भिन्नै अर्थ राख्नसक्छ । राजनीतिक विचलनको अस्थिरतामा यदि आज गणतन्त्रको पक्षमा रहेको जनमत बिथोलिन गयो भने परिस्थिति कहालीलाग्दो हुने मात्र नभई अराजक राजनीतिक चक्रब्यूहको भूमरीमा फस्न जाने सम्भावना रहेकोले बुद्धिमत्तापूर्वक कार्य गर्नुपर्ने हुन्छ । त्यसो हुदाँ कुनै पनि पक्षले जनविद्रोहलाई उत्साहित गर्ने कार्य गर्नु आफैमा घातक कार्य हो । आजको नेपाली जनमत अस्थिरताको पक्षमा नभई शान्तिपक्षमा वकालत गर्दै आएको तथ्यलाई हामीहरू कसैले पनि भुल्नु हुँदैन ।



संघीय गणतान्त्रिक राज्य व्यवस्थाले मात्र मुलुक र जनताको बृहत्तर हित गर्दै आर्थिक समुन्नतीको लक्ष्य प्राप्ति गर्नेछ भन्ने नेपाली जनमतको सदिच्छा भएता पनि विगत लामो समयदेखि गणतन्त्र एवम् राजतन्त्रात्मक शासन पद्धतिमा कुनै प्रकारको तात्विक भिन्नतासहितको फरकपनको अनुभूती दिलाउन नेपालका राजनीतिक शक्ति लगभग असफल रहेको पाइयो । केवल सत्ता मोहमा धेरै समय व्यथित भएको कारण नेपाली जनमतमा रहेको चरम असन्तुष्टी छरप्रष्ट भइ अन्तत: त्यसको पूर्ण द्धेष हाल कायम रहेको शासकीय स्वरूपको विरुद्धमा जान थालेको हो । वाक तथा प्रकाशनसम्बन्धी न्यायिक स्वतन्त्रताका अतिरिक्त संवैधानिक स्वतन्त्रता गणतन्त्र एवम् न्यूनरूपमा भएपनि राजतन्त्रात्मक शासकीय स्वरूपका अन्तनिर्हित विषयवस्तु समेत हुन् ।

गणतान्त्रिक यात्रामा समेत आर्थिक विकास र समृद्धिको न्यूनताको अनुभूतिले नेपाली जनमतलाई पिरोलिरहने अवस्था सिर्जना रहिरहने हो भने, प्रत्योत्पादक असर पर्न गई कुनै पनि बेला नेपाली धर्तिमा अर्को कुनै राजनीतिक शक्तिको जन्म नहोला भन्न सकिँदैन । तसर्थ, हाल कायम रहेको जनअसन्तुष्टिलाई यथा समयमा नै सहीरूपमा सम्बोधन गर्न सक्ने अवस्था प्रारम्भ गर्नुपर्छ । अन्यथा निश्चितरूपमा कुनै पनि पक्षले चाहेर पनि उर्लंदो जनभेललाई रोक्ने सक्ने सामर्थ किमार्थ राख्ने छैनन् भन्दा फरक नपर्ला । मुलुकमा अवस्थित राजनीतिक समूह आर्थिक, सामाजिक, राजनीतिक एवम् जनसरोकारका विविध पक्षको अग्नि परीक्षामा कतिपय अवस्थामा असफलता उन्मूख मार्गमा अग्रसर रहेको तथ्यहरूले प्रमाणित गरिसकेको वर्तमान अवस्था हो । त्यसो भएको हुँदा विगतका गल्तिबाट पाठ सिक्दै जनउत्तरदायी बन्ने चेष्टा राख्ने हो भने अझै पनि सच्चिने मौका जीवन्त रहेको छ ।

यद्यपि, आज एक्काइसौं शताब्दिको लोकतान्त्रिक अभ्यासमा पोख्त रहेका नेपाली जनताको चाहनाअनुसारको शासकीय स्वरूप नै आजको राजनीतिक यात्राको गन्तव्यसमेत हो । प्रस्तुत शासकीय स्वरूपभित्र संघीय गणतन्त्रात्मक राज्यव्यवस्था वा पुनर्स्थापित बहुदलीय राजतन्त्रतात्मक शासन पद्धति अथवा जनगणतन्त्रात्मक शासन पद्धतिका विविध स्वरूपहरू मध्ये कुनलाई अपनाउने भन्ने प्रश्नको निर्कोल गर्ने अधिकार केवल सम्प्रभू नेपाली जनमतलाई मात्र रहेको छ । किनकि लोकतान्त्रिक राज्यव्यवस्थाको प्रमुख मेरुदण्ड भनेकै सार्वभौम सत्ता सम्पन्न नेपाली जनमत हो भन्ने तथ्यलाई विशेष हेक्का राखी कार्य गर्नु अब्बल लोकतान्त्रिक चरित्रसमेत हो ।

गणतन्त्र स्थापना भएको छोटो अवधिमा नै जनअसन्तुष्टी चुलिनुलाई पक्कै पनि सकारात्मकरूपमा लिन सकिँदैन । जसको प्रमुख कारक तत्वको रूपमा विधिको शासनको न्यूनता, भ्रष्टाचारजन्य व्यवहारको उग्रता, दलगत अभिमानको अभिवृद्धिका अतिरिक्त आर्थिक असमानताले निम्ताएको सामाजिक समस्याको भयाभह रूप मध्येको एक रूप मान्न सकिन्छ । अत: नेपाललगायत विश्वको कुनै पनि मुलुकमा यस प्रकारको आर्थिक विकास एवम् जनसमृद्धि विरोधी तत्वको अत्यधिकता कायम रहन्छ भने शासकीय स्वरूपविरुद्धका आवाजहरू तिव्ररूपमा बुलन्द हुने खतरा सधैँ जीवन्त रहनेछ ।

लोकतान्त्रिक यात्राको सुखद गन्तव्य भनेकै आवधिक निर्वाचन पद्धति हो । त्यस पद्धतिभित्र पनि यदि कुनै विषयगत विधाहरूमा कुनै प्रकारको समस्या देखिन्छ भने त्यसको निराकरण सम्मानित संसदबाट खोजिनुपर्ने हुन्छ । जुन एक्काइसौं शताब्दीको विश्व समुदायले रुचाएको उत्तम विधिमध्येको एक हो । तर, यस विधिलाई बेवास्ता गरी गरिने निर्णय दीर्घकालिन टिकाउ नहुनुको साथै जनहित विपरितको कदमको रूपमा रूपान्तरित हुने प्रबल सम्भावना रहन्छ । जहाँ जनअसन्तोषको तिव्र बहाव कायम रहन्छ ।

बृहत्तर जनसरोकारको विषयलाई आत्मसाथ गर्दा बहुमतको अभिमत वा अल्पमतको सुझावलाई सहर्ष स्वीकार गर्नु लोकतन्त्रको महिमा अभिवृद्धि गर्नु हो । त्यसो भएको हुँदा यस सन्दर्भमा के भन्न सकिन्छ भने मुलुकको कुनै पनि शासकीय स्वरूपको निर्कोल गर्ने अधिकार केवल सम्प्रभू नागरिक समूहलाई मात्र निश्चितरूपमा रहेको हुन्छ । तसर्थ, दलीय स्वार्थभन्दा निक्कै माथि उठेर नागरिक हितका लागि के-कस्तो प्रकारको शासन पद्धति अपनाउने भन्ने तथ्यले यस सन्दर्भमा विशेष महत्व राख्ने गर्दछ । जसबाट राज्यको शासकीय स्वरूपको राजनीतिक भविष्य निर्धारण गर्न सहज हुनेछ ।

अत: राज्य सञ्चालनमा केन्द्रित राजनैतिक दलले जनहितका लागि कार्य गर्दै गणतान्त्रिक राज्य व्यवस्थाको सुनिश्चितालाई सदैव आत्मसाथ गर्दै दिगो लोकतन्त्रको विकासको लागि कार्य गर्नु समयको माग हो भन्ने तथ्यलाई मनन गर्दै आआफ्नो क्षेत्रबाट यसको उत्थानमा लाग्नु आजको राजनीतिक आवश्यकता एवम् निकासको उपाय हो ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरबासीमा अनुरोध

- व्यक्तिगत घटना दर्ता समयमै गरौं । र, आफ्नो सन्तानको भविष्य सुनिश्चित गरौं ।
- नगरपालिकाबाट इजाजत लिएर घरनक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- वैदेशिक रोजगारमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्रै जाऔं ।
- साबुनपानीले हात धुने बानी बसालौं ।
- हावाहुरीबाट हुने आगलागीबाट बचौं । र, अरूलाई पनि सावधानी गराऔं ।
- सरसफाइमा ध्यान दिऔं । र, फोहोरमैला जथाभावी नफालौं ।
- कुपोषण न्यूनिकरण गर्न हरेकबार खानचारलाई प्रवर्द्धन गरौं ।
- लैंगिक हिंसाविरूद्धको आवाज बुलन्द पारौं । र, त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।

छविलाल पौडेल, नगर प्रमुख
अर्जुन शर्मा, प्रमुख प्रशासकीय अधिकृत
गीता भाट, नगर उप प्रमुख

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

२१ औं वार्षिकोत्सव यात्रा २२औं वर्षको

पछिल्लो समय नेपालमा पत्रकारिताको स्थिति हेर्दा समाचार सम्प्रेषण, राजनीतिक घटनाक्रमको व्याख्या र तिनीहरुको विश्लेषण मात्र प्रमुख रहेको पाइन्छ, तर प्रवासी कामदारको हक हित, दुखी, असहायका अधिकारका लागि र राष्ट्रिय विकृति विसंगतिविरुद्ध सदैव अडिग रहेर कलम मार्फत घचघच्याई रहने काठमाडौंबाट नियमित रुपमा प्रकाशित हुने मध्यान्ह राष्ट्रिय दैनिकले स्वतन्त्र पत्रकारिताको अभावलाई चिरेको छ ।

विभिन्न समस्या र कु-संस्कृतिलाई चिर्दै मध्यान्ह राष्ट्रिय दैनिकले आफ्नो प्रकाशनको २१औं वसन्त पार गरेको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



रमेश भट्ट
अध्यक्ष तथा
NRNA गैरआवासीय नेपाली संघ,
राष्ट्रिय समन्वय परिषद कतार परिवार ।

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरबासीमा अनुरोध

- व्यक्तिगत घटना दर्ता समयमै गरौं । र, आफ्नो सन्तानको भविष्य सुनिश्चित गरौं ।
- नगरपालिकाबाट इजाजत लिएर घरनक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- वैदेशिक रोजगारमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्रै जाऔं ।
- साबुनपानीले हात धुने बानी बसालौं ।
- हावाहुरीबाट हुने आगलागीबाट बचौं । र, अरूलाई पनि सावधानी गराऔं ।
- सरसफाइमा ध्यान दिऔं । र, फोहोरमैला जथाभावी नफालौं ।
- कुपोषण न्यूनिकरण गर्न हरेकबार खानचारलाई प्रवर्द्धन गरौं ।
- लैंगिक हिंसाविरूद्धको आवाज बुलन्द पारौं । र, त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।

खिलध्वज पन्थी, नगर प्रमुख
हरि प्रसाद अर्याल, प्रमुख प्रशासकीय अधिकृत
अमृतादेवी कुँवर, नगर उप-प्रमुख

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वृन्दावन नगरपालिकाको जनहितमा जारी सन्देश

- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- कर समयमै तिरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।

बिनोद प्रसाद कुर्मी, नगर प्रमुख

वृन्दावन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिश्रामपुर, रौतहट, मधेश प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गरूडा नगरपालिकाको जनहितमा जारी सन्देश

- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- कर समयमै तिरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरुवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।

कन्थमणी जयसवाल, नगर प्रमुख

गरूडा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गरूडा, रौतहट, मधेश प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गाउँबासीमा अनुरोध

- हावाहुरीबाट हुने आगलागीबाट बचौं । र, अरूलाई पनि सावधानी गराऔं ।
- सरसफाइमा ध्यान दिऔं । र, फोहोरमैला जथाभावी नफालौं ।
- कुपोषण न्यूनिकरण गर्न हरेकबार खानचारलाई प्रवर्द्धन गरौं ।
- लैंगिक हिंसाविरूद्धको आवाज बुलन्द पारौं । र, त्यसको अन्त्य गरौं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- व्यक्तिगत घटना दर्ता समयमै गरौं । र, आफ्नो सन्तानको भविष्य सुनिश्चित गरौं ।
- गाउँपालिकाबाट इजाजत लिएर घरनक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- वैदेशिक रोजगारमा जाँदा आवश्यक सूचना प्राप्त गरेर मात्रै जाऔं ।
- साबुनपानीले हात धुने बानी बसालौं ।

महमद सउद, अध्यक्ष

यमुनामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरूअठा, रौतहट, मधेश प्रदेश, नेपाल

# संक्रमणकालीन न्यायको सकस



रमेश लेखक

" सकेसम्म सहमतिमा टुंग्याउने, सहमति हुँदैन भने पनि प्रक्रियामा गएर टुंग्याउने कुरो भएको छ । यो विषय टुंग्याउन प्रधानमन्त्रीलगायत सबैले प्राथमिकता दिनुभएको छ । त्यो स्वाभाविक पनि हो । म त १७ वर्षदेखि यही काममा लागेको छु । अब त प्रक्रियामा गएर पनि टुंग्याउनुपर्छ ।

म पहिलोपटक सांसद हुँदादेखि हालसम्म कानून बनाउने कुरामा नै बढी केन्द्रित भएको छु । कानून बनाउनतर्फ बढी लाग्ने गरेकाले पनि आफ्नो निर्वाचन क्षेत्रमा खटिन त्यति भ्याएको छैन । अहिले नेपाली कांग्रेसको प्रमुख सचेतक भएपछि त संसदभित्र नै बढी व्यस्त रहने गरेको छु । संसदलाई बढीभन्दा बढी प्रभावकारी बनाउने विषय सरकारमाथि निर्भर हुन्छ । किनभने हाम्रो पद्धतिमा संसदलाई कार्यबोझ (बिजनेस) दिने पनि सरकारले नै हो । अनि सरकारले संसदका कुरा सुनिदियो भनेमात्र प्रभावकारी हुने हो । होइन भने संसद निष्क्रियजस्तो देखिन्छ । त्यसका लागि पहिलो जिम्मेवार सरकार नै हुनुपर्छ । दोस्रो जिम्मेवारी संसदको हो । संसदले पनि सरकारलाई आफ्नाप्रति उत्तरदायी बनाउनु पर्छ । संसद जनताप्रति उत्तरदायी बन्नुपर्छ ।

अहिले सरकारका पनि कमी-कमजोरी छन् । मैले पनि ती कुरा स्वीकार्नु पर्छ । सरकारले संसदलाई बढीभन्दा बढी प्रभावकारी बनाउन सकेको छैन । सरकारले सांसदले उठाएका कुरा त्यति सम्बोधन गरेको पाइएन । बढीभन्दा बढी कानून बनाउने गरेर विधयेक पनि दिइराखेको छैन । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले संसदलाई बढीभन्दा बढी प्रभावकारी बनाउन अगाडि बढ्छु भन्नुभएको छ । चालु अधिवेशनमा हेरौँ सरकारले के गर्छ ?

संक्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित गर्ने विषय पनि संसदमा थाँती नै छ । सत्र वर्ष भइसक्यो संक्रमणकालीन न्यायको कुरा गर्न थालेको । हामी अहिले पनि यसमै अल्झिराख्या छौँ । विसं २०७१ मा ऐन बनायौँ । त्यो ऐनमा भएका केही महत्वपूर्ण व्यवस्थालाई सर्वोच्च अदालतले खारेज गरिदिएका कारण निस्प्रयोजनजस्तै भयो । आयोगहरूले काम नै सकेनन् । अर्को ऐन बनाउने भनेको पनि आठ वर्ष बितिसक्यो । सहमतिमा बनाउने प्रयास गरिरहेका छौँ । तर सहमति जुट्न सकिरहेको छैन । यसपटक पनि खास गरेर मुख्य प्रतिपक्षी दल नेकपा (एमाले)सँग बाहिर बस्दा सबै विषयमा सहमति भइसकेको हो । तर फेरि विभिन्न राजनीतिक कुराले अल्झिराखेकै अवस्था छ । यसपालि संसदको समितिमा एउटा राम्रो सहमति भएको छ । सकेसम्म सहमतिमा टुंग्याउने, सहमति हुँदैन भने पनि प्रक्रियामा गएर टुंग्याउने कुरो भएको छ । यो विषय टुंग्याउन प्रधानमन्त्रीलगायत सबैले प्राथमिकता दिनुभएको छ । त्यो स्वाभाविक पनि हो । म त १७ वर्षदेखि यही काममा लागेको छु । अब त प्रक्रियामा गएर पनि टुंग्याउनुपर्छ ।

सुदूरपश्चिम भौगालिकरूपले पहिला अलि जटिल थियो । काठमाडौंबाट पनि टाढा । बजेटमा पनि त्यति धेरै नसमेटिने । विकास निर्माणका काम पनि कम हुने । आर्थिक र शैक्षिकरूपले पनि पछाडि नै परेको स्थिति थियो । हामीले यहाँका थोरै सम्भावना पहिचान गर्ने प्रयास गर्यौं । कञ्चनपुर निर्वाचन क्षेत्र नं ३ सबैभन्दा बढी सम्भावना भएको क्षेत्र हो । हाम्रो भारतसितको स्थायी नाका छैन । यो ठाउँ कस्तो छ भने अहिले संसारकै ठूलो अर्थतन्त्रका रूपमा अगाडि बढिरहेका दुई छिमेकी मुलुक भारत र चीनका महत्वपूर्ण ठाउँहरू यहाँदेखि सबैभन्दा नजिक पर्छन् ।

भारतको राजधानी दिल्ली तथा ठूल्ठूला औद्योगिक करिडोर, बढी जनसंख्या भएका प्रान्त, पर्यटकीय सम्भावना बढी ठाउँ, ठूला सहर कञ्चनपुरबाट सबैभन्दा नजिक पर्छन् । उत्तरतर्फ जो-कोही हिन्दू धर्मावलम्बीले एकपटक पुग्नैपर्ने कैलाश मानसरोवर र कैलाश पर्वत यहाँबाट नजिक पर्छ । कैलाश मानसरोवर बुद्ध धर्मावलम्बीको पनि पवित्र स्थल मानिन्छ । यसकारण यहाँको सबैभन्दा



ठूलो सम्भावना दुई देशलाई जोड्ने नाका नै हो । उत्तरतिर चीन जोड्ने नाका खोल्ने र दक्षिणतिर भारत जोड्ने नाका ।

चीन र भारतसित त्रिदेशीय नाकाका माध्यमबाट जोड्ने विषयमा भारतसित कुराकानी गर्ने, सहमति बनाएरै सुक्खा बन्दरगाह भारतले बनाउने भनेको छ । केही समयअघि भारतीय परराष्ट्रमन्त्री एस जयशङ्कर नेपाल आउँदा दुवै देशले संयुक्तरूपले सुक्खा बन्दरगाहको डिपिआर तयार गर्ने सहमति भइसकेको छ । भारतले आफ्नो भूमिबाट सुक्खा बन्दरगाह जोड्ने सडक निर्माण जारी राखेको छ । यस विषयमा चीनसित औपचारिकरूपमा कुराकानी नभए पनि अनौपचारिकरूपले चिनियाँ दूतावासका अधिकारीसित पटक-पटक कुरा गर्दै आएको छु ।

दोधारा चाँदनीलाई मूलधारमा जोड्दाको सकस गजबको छ । विसं २०५६ मा निर्वाचन जितेपछि मैले महाकाली नदीमा झोलुङ्गे पुल बनाउनुपर्छ भन्दा त्यतिबेला धेरै मानिसले पत्याएका थिएनन् । मलाई सम्झना छ । महाकाली नदीमा झोलुङ्गे पुल बनाउने कुरा गर्दा त्यतिबेलाका सांसदहरूको सोचाइमा झोलुङ्गे पुल त पहाडका स-साना खोलामा मात्रै बन्छ भन्ने थियो । दोधारा चाँदनीस्थित महाकाली नदीमा झोलुङ्गे पुल म २०५६ सालमा सांसद हुँदा प्रारम्भ भएको हो । सुरुमा उक्त विषयका लागि नै संसद्मा बोलेको थिएँ । आज दोधारा चाँदनीमा यातायात, सुक्खा बन्दरगाह, सडक, शिक्षा, स्वास्थ्य, विभिन्न पूर्वाधारलगायत विकासका काम चलिरहेकै छन् । कुनै बेला प्रविणता प्रमाणपत्र तहसम्मको अध्ययनमात्रै हुने कञ्चनपुरमा अहिले घरआँगनमै विद्यावारिधिसम्मको पठनपाठन हुँदैछ ।

*(लेख नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकसँग राससले गरेको कुराकारीमा आधारित छ ।)*

शिवसताक्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्याङ्गडाडा, झापा, कोशी प्रदेश, नेपाल

हार्दिक बधाई तथा शुभकामना

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकाले विभिन्न आरोह अवरोह पार गर्दै निरन्तररूपमा आफ्नो प्रकाशनको २१ औं वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा यस मध्यान्ह राष्ट्रिय दैनिक परिवारको उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरबासीहरुमा जानकारी मूलक सन्देश

उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
